

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com

# कान्तिपुर



वर्ष ३४ अंक १७० काठमाडौं | २२ साउन २०८३ शुक्रबार श्रावण कृष्णपक्ष नवमी | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Friday, August 7, 2026 | पृष्ठ १० | १० रुपैयाँ

### नेपाल-भारत संयुक्त जलस्रोत समिति बैठक सेप्टेम्बरमा

# ४ वर्षपछि पञ्चेश्वर आयोजनाबारे छलफल हुँदै

**पानी बाँडफाँट तथा उपयोगको स्पष्ट आधार तय गर्नुपर्ने र ७० प्रतिशत लगानी भारतको हुनुपर्ने नेपालको प्रस्ताव**

**सीमा तामाङ** (काठमाडौं)

नेपाल र भारतबीचको सीमा नदी महाकालीमा निर्माण हुने पञ्चेश्वर बहुउद्देश्यीय आयोजना अगाडि बढाउने विषयमा चार वर्षपछि छलफल हुने भएको छ । आगामी सेप्टेम्बरमा भारत-नेपाल जलस्रोतसम्बन्धी संयुक्त समिति (जेसीडब्लूआर) र जलस्रोतसम्बन्धी संयुक्त स्थायी प्राविधिक समिति (जेएसटीसीडब्लूआर) मा उक्त विषयलाई छलफलका रूपमा समावेश गरिएको हो ।

यसका लागि ऊर्जा मन्त्रालयले एजेन्डा तय गरी परराष्ट्र मन्त्रालयमार्फत भारत सरकारलाई पठाइसकेको छ । भारतबाट जवाफ आइसकेपछि एजेन्डाले अन्तिम रूप लिने ऊर्जा मन्त्रालयले जनाएको छ । बैठकमा पञ्चेश्वर बहुउद्देश्यीय आयोजना, कोशी र गण्डक आयोजना, सीमापार बाढी तथा डुबान व्यवस्थापन, दोधारा-चाँदनी सिँचाइ आयोजना, नेपाल सीमासम्मको लिंक नहर, टनकपुर महेन्द्रनगर लिंक सडक, नदी नियन्त्रण तथा आन्तरिक जलमार्ग विकासलगायतबारे छलफल हुने मन्त्रालयको भनाइ छ ।

सेप्टेम्बर पहिलो साता बैठक बस्नेबारे पत्राचार भएको मन्त्रालयका प्रवक्ता सुशीलचन्द्र आचार्यले जनाए । बैठकमा पहिलेदेखि चलिआएका जलस्रोतसँग सम्बन्धित विषयमा छलफल गरिने उनको भनाइ छ । यसअघि ५, ६ असोज २०७९ मा उक्त बैठक बसेको थियो । **बाँकी पृष्ठ ८**



**पञ्चेश्वर बहुउद्देश्यीय आयोजना निर्माण गरिने नेपाल-भारतको सीमा नदी महाकाली ।** **फाइल तस्बिर :** कान्तिपुर

**नेपालले तय गरेका एजेन्डा**

- पञ्चेश्वरको संशोधित डीपीआर
- कोशी र गण्डक आयोजना
- सीमापार बाढी तथा डुबान व्यवस्थापन
- दोधारा-चाँदनी सिँचाइ आयोजना
- नेपाल सीमासम्मको लिंक नहर
- टनकपुर महेन्द्रनगर लिंक सडक
- नदी नियन्त्रण तथा आन्तरिक जलमार्ग विकास

# सिरहामा कसले चलाएको गोलीले मारिए गणेश ?

**तराईमा तनाव फैलिँदा बेला सिरहाका १५ वर्षीय गणेश यादव गोली लागेर मारिए, तर नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना कसैले जिम्मेवारी लिएका छैनन्**



**सिरहाको गोलबजार चोकमा गोली लागेर ज्यान गुमाएका गणेश यादवको शव पोस्टमार्टमपछि परिवारलाई हस्तान्तरण गर्न लगिँदै ।** **तस्बिर : विनय आजाद**/कान्तिपुर

**गौरव पोखरेल** (काठमाडौं) **र विनय आजाद** (सिरहा)

सुनसरीमा १० साउन राति १० बजेतिर सामान्य विवादमा दुई समुदायबीच भएको झडपको तरंग अन्य जिल्लामा फैलिँदा चार दिनपछि सिरहामा एक जना युवकले ज्यान गुमाए । औरही गाउँपालिका-२, तुलसियाहीका १५ वर्षीय गणेश यादव गोली लागेर मारिएपछि झन्डै ३ घण्टा गोलबजार चोकमा शव अलपत्र रह्यो । भावविह्वल अवस्थामा उनका दाइ कमलेश यादव (१८) ले कसैलाई घटनाबारे खबर गरेको भिडियो क्षणभरमै भाइरल भयो ।

यो घटना सार्वजनिक भएपछि परिस्थिति थप बिग्रिन थाल्यो । काठमाडौंमा बसेर सुरक्षा फौजलाई कमान्ड गरिरहेका गृहमन्त्री सुधन गुरुङ स्वयम् गणेशको ज्यान गएलगत्तै मधेश झरे । सिरहा पुगेर गणेशका बुबा रामवृक्ष यादवसँग ७ बुँदे सहमति गरे, त्योसँगै परिवारले शव उठायो । तर, यादव कसले चलाएको गोली लागेर मारिएका थिए भन्ने अहिलेसम्म पुष्टि भएको छैन ।

सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलका अनुसार प्रहरीबाट त्यस दिन ब्ल्यांक फायर र रबर बुलेट मात्र प्रहार भएको ब्रिफिङ आएको छ । **बाँकी पृष्ठ ९**



# गण्डकीमा गाँजा कानुन के-के छन् मापदण्ड ?

**औषधिजन्य र औद्योगिक प्रयोजनका लागि गाँजा खेतीको कानुनी बाटो खुले पनि जहाँसुकै खेती गर्न पाइँदैन, प्रदेशले तोकेको क्षेत्रमा मात्र लाइसेन्स, कडा निगरानी, टीएचसी सीमा, उद्योगसँगको खरिद सम्झौता र बहुस्तरीय नियमनको व्यवस्था ऐनले गरेको छ**



गाँजा खेतीमा सिँचाइ गर्दै कृषक । **तस्बिर** : कान्तिपुर

**दीपक परियार** (पोखरा)

गण्डकीमा 'औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजा खेतीलाई नियमन र उपयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' प्रमाणीकरण भएसँगै गाँजा खेतीको बाटो खुलेको छ । लामो समयदेखि बहस र विवादमा रहेको गाँजा खेतीसम्बन्धी विधेयक गत सोमबार प्रदेश प्रमुख डिल्लीराज भट्टले प्रमाणीकरण गरेका हुन् ।

प्रदेश राजपत्रमा प्रकाशित भएपछि यो विधेयक 'औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजा खेती (नियमन र उपयोग) ऐन, २०८२' का रूपमा कार्यान्वयनमा आउनेछ । यद्यपि, नियमावली र निर्देशिका बन्नै बाँकी छन् । ऐनको प्रस्तावनामै गण्डकीको भौगोलिक विशेषता, जमिनको उर्वरता, बाली अनुकूलता तथा व्यावसायिक सम्भाव्यताका आधारमा उपलब्ध जमिनमा गाँजा खेतीबाट रोजगारी र आयआर्जनमा वृद्धि गर्ने उद्देश्य स्पष्ट पारिएको छ । तर यसले गाँजालाई पूर्णतः खुला गरेको भने होइन । कडा नियमन, अनुगमन र फौजदारी दायित्वसहितको संरचनाभित्रै मात्र खेती अनुमति दिने व्यवस्था गरिएको छ ।

### के हो गाँजा र गाँजाजन्य पदार्थको कानुनी परिभाषा ?

ऐनले 'गाँजा' भन्नाले गाँजाको बोटको पात, फूल, बीउ वा फल र सोबाट प्राप्त प्राकृतिक खोटो, लिस्सा, चोप वा निस्सारलाई समेत जनाउने स्पष्ट पारेको छ । यसैगरी, लागूऔषधका रूपमा प्रयोग हुन सक्ने चोप र खोटोबाहेक औद्योगिक कच्चा पदार्थ वा औषधीय कच्चा पदार्थका रूपमा प्रयोग गर्न सकिने गाँजाको डाँठ, बोक्रा, पात, फूल, फल, निस्सार वा जराजस्ता पदार्थलाई 'गाँजाजन्य पदार्थ' भनी छुट्याइएको छ । यो भेद महत्त्वपूर्ण छ किनभने लागूऔषधका रूपमा प्रयोग हुन सक्ने अंश र औद्योगिक/औषधीय कच्चा पदार्थका रूपमा प्रयोग हुने अंशबीचको यही कानुनी सीमारेखाले पछि कसुर र सजायको व्यवस्थामा समेत निर्णायक भूमिका खेल्छ । 'औषधिजन्य प्रयोजन' भन्नाले औषधि व्यवस्था विभागमा दर्ता भएको औषधि उद्योग वा कम्पनीले औषधि निर्माणका लागि, चिकित्सा परिषद्मा दर्तावाल चिकित्सकको सिफारिसमा उत्पादन गर्ने प्रयोजनलाई जनाउँछ भने 'औद्योगिक प्रयोजन' भन्नाले फाइबर, बियाँ, पात, तेल, फूल वा डाँठजस्ता औद्योगिक कच्चा पदार्थका रूपमा प्रयोग हुने उपयोगलाई जनाउने ऐनमा उल्लेख छ ।

### कहाँ खेती गर्न पाइने, क्षेत्र कसरी तोकिने ?

ऐनबमोजिम गाँजा खेती जहाँ पायो त्यहीँ गर्न पाइँदैन । प्रदेश सरकारको उद्योग तथा पर्यटन मन्त्रालयअन्तर्गत 'गाँजा खेती नियमन तथा व्यवस्थापन इकाइ' को सिफारिसमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै जिल्ला वा स्थानीय तहको निश्चित क्षेत्रलाई मात्र खेती क्षेत्रका रूपमा तोकिनेछ । क्षेत्र तोक्दा उत्पादनको सम्भाव्यता, गुणस्तर, सुरक्षा, अनुगमन-नियमनको सहजता तथा खाद्य उत्पादन र खाद्य सुरक्षामा पर्ने असरको विश्लेषण गरी सकेसम्म खाली, बाँझो वा न्यून उत्पादकत्व भएको जमिनलाई प्राथमिकता दिनुपर्ने प्रावधान राखिएको छ ।

क्षेत्र तोक्नुअघि मन्त्रालयले सम्बन्धित स्थानीय तहसँग परामर्श गर्नुपर्नेछ र प्रत्येक अनुमतिपत्रवालाले खेती गर्न पाउने अधिकतम क्षेत्रफल पनि त्यही बेला तोकिनेछ । आवश्यकताअनुसार यो क्षेत्र प्रदेश सरकारले निर्देशकको सिफारिसमा घटाउन-बढाउन सक्नेछ । गाँजा कटान, भण्डारण, प्रयोग र बिक्रीवितरण गर्नुअघि गाँजामा रहेको रासायनिक पदार्थ टेट्राहाइड्रोक्यानाबिनोल (टीएचसी) को मात्रा ०.३ प्रतिशत सीमाभन्दा बढी नहुने सुनिश्चित गर्नुपर्नेछ । टीएचसीको मात्रा परीक्षण गर्न प्रदेश सरकारले आफैं वा प्रदेशभित्रका शैक्षिक संस्था वा अनुसन्धान संस्थासँगको साझेदारीमा प्रयोगशाला स्थापना गरी सञ्चालन गर्न वा प्रदेशभित्रकै कुनै प्रयोगशालामा परीक्षण गर्ने गरी तोक्न सक्ने ऐनमा उल्लेख छ ।

### पूर्वसहमतिदेखि अनुमतिपत्रसम्मको तीन तहको प्रक्रिया

ऐनले खेती गर्न चाहने व्यक्ति वा उद्योगका लागि क्रमशः तीन चरण तोकेको छ- पूर्वसहमति, पूर्वाधार निर्माण र अनुमतिपत्र । पहिलो चरणमा, तोकिएको क्षेत्रभित्र खेती गर्न चाहने व्यक्तिले आफ्नो नाम, ठेगाना, कम्पनी विवरण, खेती गर्ने स्थान र क्षेत्रफल, जग्गाको स्वामित्व वा भाडा/लिजको विवरण, स्थानीय तहको सिफारिसपत्र, औषधिजन्य वा औद्योगिक वा दुवैमध्ये कुन प्रयोजनका लागि हो, सोको व्यहोरा, अपेक्षित उत्पादन परिमाण र औषधि/उत्पादनमूलक उद्योगले दिएको खरिद सुनिश्चितताको सहमतिपत्रसहित इकाइसमक्ष निवेदन दिनुपर्नेछ । निर्देशकले जाँचबुझ गरी पूर्वसहमतिपत्र दिने वा नदिने निर्णय गर्नेछन् । क्षेत्रका लागि तोकिएको अधिकतम क्षेत्रफलभन्दा बढी र दुई रोपनीभन्दा कम क्षेत्रफलमा पूर्वसहमतिपत्र नदिने स्पष्ट सीमा तोकिएको छ । यो पूर्वसहमतिपत्र एक वर्षका लागि मात्र मान्य हुनेछ । तोकिएको समयभित्र पूर्वाधार तयार गरी अनुमतिपत्र नलिएमा त्यो स्वतः अमान्य हुनेछ ।

दोस्रो चरणमा, पूर्वसहमति पाएपछि खेती गरिने जग्गामा अनधिकृत पहुँच रोक्न पर्खाल वा तारबार, सुरक्षा निगरानीका लागि पूर्वाधार, स्थानमै प्रशोधन गरिने भए त्यसका लागि पूर्वाधार र फसल तयार भएपछि भण्डारणका लागि सुरक्षित भवन वा स्थान तयार गर्नुपर्नेछ । तेस्रो चरणमा, पूर्वाधार तयार भएपछि मात्र वास्तविक अनुमतिपत्रका लागि निवेदन दिन पाइनेछ । यसमा जग्गाको कित्ता नम्बर, क्षेत्रफल र चारकिल्लासहितको फोटो, जग्गा लिजमा भए कम्तीमा पाँच वर्षको सम्झौताको प्रतिलिपि, खरिद सुनिश्चितताको सम्झौता, विगत १० वर्षमा लागूऔषधसम्बन्धी कसुरमा सजाय नपाएको स्वघोषणा र पूर्वाधार पूरा गरेको स्वघोषणा संलग्न गर्नुपर्नेछ । निर्देशकले निवेदनउपर जाँचबुझ गर्दा आवश्यक देखिए सात दिनभित्र थप कागजात माग्न सक्नेछन् । निरीक्षकबाट स्थलगत निरीक्षण गराई पूर्वाधार तथा उद्योगको क्षमता प्रमाणित भएपछि मात्र तोकिएको दस्तुर लिई औषधिजन्य वा औद्योगिक अथवा दुवै प्रयोजनका लागि अनुमतिपत्र दिनेछन् ।

### अनुमतिपत्र पाएपछि पालना गर्नुपर्ने सर्त

अनुमतिपत्र पाइसकेपछि पनि दायित्व सकिँदैन । लाइसेन्सवालाले पूर्वाधार कायम राख्नका साथै अनुमतिपत्रमा उल्लिखित प्रयोजनबाहेक अन्यत्र प्रयोग वा बिक्रीवितरण गर्न पाउँदैनन् । बोटमा कुनै क्षति भएमा प्रमाणसहित नजिकको प्रहरी कार्यालय र इकाइलाई तत्काल जानकारी दिनुपर्ने, कटान, भण्डारण र बिक्रीअघि इकाइ, स्थानीय निगरानी समिति र प्रहरीलाई पूर्वजानकारी दिनुपर्ने तथा क्षेत्रफल, बोट संख्या, उत्पादन-बिक्री परिमाण र खरिदकर्ताको विवरणसहितको अद्यावधिक अभिलेख इकाइलाई उपलब्ध गराउनुपर्ने दायित्व तोकिएको छ ।

अनुमतिपत्रको अवधि पाँच वर्ष हुनेछ र म्याद सकिनुअघि नै नवीकरण गराउनुपर्नेछ । ऐन वा नियम उल्लंघन, सर्त पालना नगर्ने, म्यादभित्र नवीकरण नगराउने, निर्देशकको पूर्वस्वीकृतिबिना अर्को उद्योगलाई बिक्री गर्ने, पूर्वाधार कायम नराख्ने वा अभिलेख नराख्ने अवस्थामा अनुमतिपत्र जुनसुकै बेला खारेज गर्न सक्ने प्रावधान छ । खारेजीमा चित्त नबुझे ३५ दिनभित्र तोकिएको अधिकारीसमक्ष उजुरी दिन सकिनेछ र त्यसको निर्णय अन्तिम मानिनेछ ।

### कटान र ढुवानीमा कडा सुरक्षा प्रक्रिया

गाँजा वयस्क भई कटान गर्ने समय भएपछि लाइसेन्सवालाले विद्युतीय माध्यमबाट इकाइलाई जानकारी दिनुपर्नेछ । इकाइले तोकेको निरीक्षकले नोक्सानी नहुने गरी कटानको दिन तोक्नेछन् र त्यही दिन निरीक्षकले स्थलगत उपस्थित भएर मात्र कटान गर्न अनुमति दिनेछन् । कटान गरिएको बोट र फसलको परिमाण खुलाई सम्बन्धित वडाका अध्यक्ष वा सदस्य, स्थानीय निगरानी समितिका सदस्य र नजिकको प्रहरी कार्यालयका प्रतिनिधिको उपस्थितिमा मुचुल्का तयार गरी कार्यालयको अभिलेखमा राखी एक प्रति इकाइमा पेस गर्नुपर्नेछ । निरीक्षक तोकिएको दिन उपस्थित नभई नोक्सानी हुने देखिए लाइसेन्सवालाले स्थानीय निगरानी समितिको संयोजकसमक्ष निवेदन दिन सक्ने वैकल्पिक व्यवस्था पनि राखिएको छ ।

> **प्रदेशको एकल अधिकारअन्तर्गत रहेको कृषि विकासको मर्म र विद्यमान ऐनका सकारात्मक दफाहरूको जगमा बनेकाले गण्डकी प्रदेशको गाँजा विधेयक कुनै पनि संघीय ऐनसँग बाझिएको छैन**
>
> **चिरञ्जीवी शर्मा पौडेल**
> गण्डकीका मुख्य न्यायाधिवक्ता

ढुवानीका लागि झन् कडा नियम छ । गाँजाजन्य पदार्थ बोकेको ढुवानी साधन वा बोरा-बाकसजस्ता सामग्री निरीक्षकले सिल लगाई विस्तृत विवरण उल्लेख गरेपछि मात्र ओसारपसार गर्न पाइनेछ । सिलबन्दी गरिएको सामग्री बाटोमा खोलेर जाँच गर्न पाइँदैन । अन्तिम गन्तव्यमा मात्र जिल्ला प्रशासन कार्यालय र प्रहरीको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ । बाटोमा ढुवानी साधन बिग्रिएमा वा दुर्घटना भएमा त्यही जिल्लाको प्रशासन र प्रहरीको रोहवरमा पुनः सिल गरी विवरण, नाम, पद र मिति उल्लेख गरेर दस्तखत गरेपछि मात्र अगाडि बढाउनुपर्नेछ । खरिद गर्ने उद्योगले कुनै कारणले खरिद गर्न नसकेमा इकाइको स्वीकृतिमा अर्को वैधानिक उद्योगलाई बिक्री गर्न सकिनेछ । औषधीय वा औद्योगिक प्रयोजनमा प्रयोग नहुने, लागूऔषधका रूपमा प्रयोग हुन सक्ने अंश भने कटान/फसल निकालेपछि अनिवार्य रूपमा नष्ट गर्नुपर्नेछ र यसको मुचुल्का इकाइ र प्रहरीलाई पठाउनुपर्नेछ ।

### नियमनको संस्थागत संरचना

ऐनले चार तहको संस्थागत संरचना खडा गरेको छ । सबैभन्दा माथि मुख्यमन्त्रीको अध्यक्षतामा निर्देशक समिति रहनेछ, जसमा कृषि, स्वास्थ्य, उद्योग र वनसम्बन्धी मन्त्री, प्रमुख सचिव, प्रदेश प्रहरी प्रमुख र आन्तरिक मामिला मन्त्रालयका सचिव सदस्य रहनेछन् भने निर्देशक सदस्य-सचिव रहनेछन् । यो समितिले क्षेत्र पहिचान, नीतिगत समस्या समाधान, अनुगमन-निर्देशन, कर दर सिफारिस र गाँजाको दुरुपयोगविरुद्ध चेतनामूलक कार्यक्रमसम्मको व्यापक जिम्मेवारी बहन गर्नेछ ।

मन्त्रालयअन्तर्गत 'गाँजा खेती नियमन तथा व्यवस्थापन इकाइ' रहनेछ, जसको नेतृत्व नवौं/दसौं तहको योग्य निर्देशकले गर्नेछन् । इकाइअन्तर्गत कम्तीमा सातौं तहका अधिकृत कर्मचारीलाई निरीक्षकका रूपमा खटाइनेछ । योग्य प्रदेश कर्मचारी उपलब्ध नभए नेपाल प्रहरीबाट समेत अधिकृत काजमा माग्न सकिनेछ । निरीक्षकले नियमित अनुगमन गर्ने, सामान्य त्रुटिमा सुधार गराउने तथा गम्भीर वा पटक-पटक उल्लंघन भएमा अनुमतिपत्र खारेजीका लागि सिफारिस गर्ने जिम्मेवारी निर्वाह गर्नेछन् ।

स्थानीय तहमा वडा अध्यक्षको संयोजकत्वमा स्थानीय निगरानी समिति रहनेछ । समितिमा प्रहरी प्रतिनिधि, स्थानीय कृषि शाखा प्रमुख, कम्तीमा एक महिलासहित दुई समाजसेवी, एक कृषक प्रतिनिधि र वडा सचिव सदस्य-सचिव रहनेछन् । यसले खेतीस्थलमै प्रत्यक्ष निगरानी र अनुगमन गर्नेछ ।

### उल्लंघनमा के कारबाही ?

ऐनले कसुरलाई दुई तहमा विभाजन गरेको छ । अनुमतिपत्रबिना खेती गर्ने, तोकिएभन्दा बढी क्षेत्रफलमा खेती गर्ने वा अनधिकृत व्यक्तिलाई बिक्रीवितरण गर्ने कसुरमा प्रचलित लागूऔषध कानुनबमोजिम सजाय हुनेछ । तर अभिलेख नराख्ने, अनुमतिबिना वा सिलबन्दी नगरी ओसारपसार गर्ने वा अन्य साना उल्लंघनमा निरीक्षकको प्रतिवेदनका आधारमा निर्देशकले ५० हजारदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछन् । गम्भीर प्रकृतिका कसुरमा निरीक्षकले तत्काल प्राप्त जानकारीसहित सम्बन्धित निकायमा अनुसन्धान तथा तहकिकातका लागि लेखी पठाउनुपर्नेछ ।

खरिद गरिएको गाँजाजन्य पदार्थ जुन प्रयोजनका लागि खरिद गरिएको हो, सोही प्रयोजनमा मात्र प्रयोग गर्नुपर्ने र त्यसको अभिलेख अद्यावधिक राख्नुपर्ने बाध्यकारी व्यवस्था छ । अध्ययन-अनुसन्धानबाट मानव स्वास्थ्यमा प्रतिकूल असर पर्ने देखिएका प्रजातिको खेतीमा प्रदेश सरकारले रोक लगाउन सक्नेछ । जग्गाको हदबन्दीमा कृषि तथा वन पैदावारमा आधारित उद्योगले पाएसरहको छुट लाइसेन्सवालाले पाउनेछन् । विदेशी लगानी तथा उत्पादित औषधि-वस्तुको निकासी र बिक्री भने प्रचलित संघीय कानुनबमोजिम नै हुनेछ । खेतीबाट भएको आयलाई कृषि आयकै रूपमा कर लगाइनेछ । निर्देशकले अनुमतिपत्र खारेजीबाहेकका अन्य अधिकार इकाइका अधिकृत वा प्रदेश/स्थानीय सेवाका अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछन् । कार्यान्वयनका लागि आवश्यक विस्तृत नियम र कार्यविधि प्रदेश सरकारले पछि बनाउनेछ । लागूऔषधका रूपमा गाँजाको प्रयोग हुन सक्ने सम्भावित जोखिम न्यूनीकरण गर्न वा गाँजा दुर्व्यसनको उपचार तथा पुनःस्थापनाका लागि प्रदेश सरकारले चिकित्सा सेवासहितको पुनःस्थापना केन्द्रको परिकल्पना ऐनमा गरेको छ ।

### नियन्त्रित उदारीकरण

समग्रमा हेर्दा यो ऐनले गाँजा खेतीलाई खुला गरेको भने पनि प्रदेश सरकारको बहुतहको नियन्त्रणभित्र, अत्यन्त कागजी र संरचनागत प्रक्रिया पूरा गरेका सीमित व्यक्ति वा उद्योगलाई मात्र अनुमति दिने मोडेल अपनाएको देखिन्छ । पूर्वसहमति र अनुमतिपत्र गरी दोहोरो स्वीकृति प्रक्रिया, अनिवार्य पूर्वाधार लगानी, खरिदकर्ता उद्योगसँगको पूर्वसम्झौताको सर्त, निरीक्षकको प्रत्यक्ष उपस्थितिबिना कटान वा ढुवानी हुन नसक्ने व्यवस्था र स्थानीय तहदेखि प्रदेश तहसम्मको बहुतहको निगरानी संरचनाले यसलाई व्यावसायिक कृषि उद्यमभन्दा बढी लाइसेन्स-नियन्त्रित औद्योगिक गतिविधिका रूपमा उभ्याएको छ ।

यसले रोजगारी र आयआर्जनको सम्भावना खोलेको भए पनि व्यवहारमा यसको सफलता प्रदेश सरकारले समयमै नियमावली र कार्यविधि बनाई इकाइ, निरीक्षक र स्थानीय निगरानी समितिजस्ता संरचना चुस्त रूपमा खडा गर्न सक्ने-नसक्नेमा निर्भर रहनेछ । साथै संघीय लागूऔषध कानुनसँगको समन्वय र सीमारेखा स्पष्ट पार्ने काम व्यवहारमा चुनौतीपूर्ण हुन सक्ने विश्लेषकहरूको ठम्याइ छ । किनभने विधेयक दोस्रो पटक मात्र प्रमाणीकरण हुनुले नै यसअघि संघीय कानुनसँग बाझिने विषयलाई लिएर उठेको विवाद देखाउँछ ।

### दोस्रो पटक प्रमाणीकरण भएपछि खुल्यो बाटो

पुनर्विचारका लागि फिर्ता पठाइएको विधेयकलाई दोस्रो पटक प्रदेशसभाले हुबहु पारित गरेर पठाएपछि प्रदेश प्रमुख भट्टले नेपालको संविधानको धारा २०१ को उपधारा (४) बमोजिम प्रमाणीकरण गरेका थिए । त्यसपछि मात्रै गण्डकी प्रदेशमा औषधिजन्य र औद्योगिक प्रयोजनका लागि कानुनी रूपमै गाँजा खेती गर्ने मार्गप्रशस्त भएको थियो ।

प्रदेशसभाबाट पहिलो पटक गत २५ असारमा पारित भई ३० असारमा प्रमाणीकरणका लागि प्रदेश प्रमुखसमक्ष पठाइएको थियो । तर उक्त विधेयक संघीय कानुन र लागूऔषध (नियन्त्रण) ऐन, २०३३ सँग बाझिएको भन्दै प्रदेश प्रमुख भट्टले गत ८ साउनमा तीनबुँदे सन्देशसहित पुनर्विचारका लागि सदनमै फिर्ता पठाइदिएका थिए । गण्डकी प्रदेशसभाको इतिहासमा प्रदेश प्रमुखबाट विधेयक फिर्ता भएको यो नै पहिलो घटना थियो ।

प्रदेश प्रमुखले संघीय कानुनको क्षेत्राधिकार, स्थानीय तहसँगको समन्वय र लागूऔषध (नियन्त्रण) ऐनको हवाला दिँदै फिर्ता पठाए पनि प्रदेशसभाले त्यसलाई स्वीकार गरेन । गत शुक्रबार बसेको प्रदेशसभा बैठकमा उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री यशोदा रिमालले पेस गरेको पुनर्विचार प्रस्तावमाथि संक्षिप्त छलफल गर्दै सदनले विधेयकलाई बिनाकुनै परिमार्जन सर्वसम्मत रूपमा हुबहु पुनः पारित गरेको थियो । सदनमा मन्त्री रिमालसहित सत्ता र प्रतिपक्षका सांसदहरूले संविधानको धारा ३०४ को उपधारा (१) बमोजिम प्रदेशको एकल अधिकार क्षेत्रभित्रका विषयमा संघीय कानुनसँग बाझिए पनि त्यस्तो कानुन संघीय संसद्को पहिलो अधिवेशन बसेको एक वर्षपछि स्वतः अमान्य हुने तर्क गरेका थिए । संविधानको धारा २०१ को उपधारा (४) मा प्रदेश प्रमुखले सन्देशसहित फिर्ता पठाएको विधेयकमाथि प्रदेश सभाले पुनर्विचार गरी त्यस्तो विधेयक प्रस्तुत रूपमै वा संशोधनसहित पुनः पारित गरी पठाएमा १५ दिनभित्र प्रमाणीकरण गर्नुपर्ने बाध्यात्मक व्यवस्था छ । उक्त संवैधानिक प्रावधानअनुरूप १५ साउनमा पुनः प्राप्त भएको विधेयकलाई प्रदेश प्रमुख भट्टले तीन दिनपछि सोमबार प्रमाणीकरण गरेका हुन् ।

**संघीय ऐनसँग बाझिएको छैन** : मुख्य न्यायाधिवक्ता पौडेल गण्डकीले 'औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजा खेती (नियमन र उपयोग) ऐन, २०८२' कुनै पनि संघीय ऐनसँग नबाझिएको गण्डकीका मुख्य न्यायाधिवक्ता चिरञ्जीवी शर्मा पौडेल बताउँछन् । नेपालको संविधानले दिएको अधिकार र विद्यमान कानुनी प्रावधानका आधारमा प्रदेश सरकारले ल्याएको यो विधेयक पूर्ण रूपमा संवैधानिक रहेको उनको दाबी छ ।

नेपालमा सन् १९७० को पूर्वार्द्धसम्म वैधानिक मानिएको गाँजा खेतीलाई 'द सिंगल कन्भेन्सन अन नार्कोटिक ड्रग्स, १९६१' मा नेपालले सहमति जनाएपछि लागूऔषध (नियन्त्रण) ऐन, २०३३ मार्फत प्रतिबन्ध लगाइएको थियो । तर उक्त अन्तर्राष्ट्रिय सन्धिमा हस्ताक्षर गर्दा नै नेपालले औषधिजन्य प्रयोग, औद्योगिक उत्पादन र व्यापारका लागि तीन वटा 'रिजर्भेसन' राखेकाले नेपालमा गाँजा खेतीको वैधानिक बाटो कहिल्यै पूर्ण रूपमा बन्द नभएको पौडेलको तर्क छ । उनका अनुसार लागूऔषध (नियन्त्रण) ऐन, २०३३ ले नै गाँजा खेती र प्रयोगका लागि आवश्यक लचकता छाडेको छ । ऐनको तेस्रो संशोधन (२०४९) ले गाँजालाई लागूऔषध नभएको घोषणा गरिसकेको र ऐनकै दफा ४(२) को स्पष्टीकरण खण्डमा गाँजालाई उत्पादन, निर्माण, बिक्रीवितरण, निकासी-पैठारी र ओसारपसार गर्न सकिने वस्तुका रूपमा स्वीकार गरिएको छ ।

'लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ६ अनुसार सरकारबाट विशेष अनुमति प्राप्त गरी नियन्त्रित रूपमा खेती, उत्पादन र बिक्रीवितरण गर्न बाधा पुर्‍याएको मानिने छैन,' पौडेलले भने, 'यस्तै दफा ११(ग) ले पनि औषधि निर्माणका लागि सरकारले गाँजा उपलब्ध गराउन सक्ने स्पष्ट कानुनी आधार दिएको छ ।' नेपालको संविधानको अनुसूची-६ को क्रम संख्या २० अनुसार 'कृषि विकास' प्रदेशको एकल अधिकार क्षेत्रभित्र पर्छ । एकात्मक व्यवस्थामा बनेको २०३३ को ऐनका संघीयता प्रतिकूल प्रावधानहरू संविधानको धारा ३०४ अनुसार स्वतः अमान्य भइसकेकाले प्रदेश सरकारले आफ्नो क्षेत्राधिकारभित्र रहेर यो कानुन बनाएको उनको भनाइ छ ।

'संविधानको धारा ३०४ ले संविधानसँग बाझिएका पुराना ऐनका प्रावधानहरूलाई स्वतः अमान्य घोषित गरिसकेको छ,' कानुनी र संवैधानिक व्यवस्था उद्धृत गर्दै पौडेलले भने, 'प्रदेशको एकल अधिकारअन्तर्गत रहेको कृषि विकासको मर्म र विद्यमान ऐनका सकारात्मक दफाहरूको जगमा बनेकाले गण्डकी प्रदेशको गाँजा विधेयक कुनै पनि संघीय ऐनसँग बाझिएको छैन ।'

विश्व स्वास्थ्य संगठन र संयुक्त राष्ट्रसंघीय नार्कोटिक ड्रग्स कमिसनले समेत गाँजालाई खतरनाक लागूऔषधको सूचीबाट हटाएर औषधोपयोगी वर्गीकरणमा राखिसकेकाले अन्तर्राष्ट्रिय रूपमा पनि प्रदेशको यो कदम उपयुक्त रहेको उनले बताए । अब प्रदेश सरकारले प्रभावकारी अनुगमन, लाइसेन्स प्रणाली र स्थानीय प्रशासनसँगको समन्वय समेटेर व्यवस्थित नियमावली बनाई अघि बढ्नुपर्ने उनको सुझाव छ । 'किसानलाई लाभ हुने गरी ल्याइएको ऐन हो,' उनले भने, 'केही अप्ठ्यारा भए संशोधन गर्दै जान सकिन्छ ।'





'औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजा खेतीलाई नियमन र उपयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' प्रमाणीकरण गर्दै गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्ट । विधेयक पारित गर्दै प्रदेश सांसद । तस्बिर : दीपक परियार/कान्तिपुर


## वर्गीकृत डिस्प्ले

**निमार्णको लागि सम्पर्क**
घर/भवन निर्माण, ग्राउटिङ्ग, वाटरप्रुफिङ्ग, प्लम्बिङ्ग, रङ्गरोगन, वायरिङ्ग, ट्रस निर्माण, बगैंचा निर्माणको साथै नर्सरी सम्बन्धी कार्यका लागि सम्पर्क ।
अल ओभर कन्स्ट्रक्सन प्रा.लि.
चावहिल, काठमाडौं
९८५११५४४३२
९८५११५४४३४
९८५१०४४४३२

स्वदेशमै उत्पादित गुणस्तरीय
**सोलार वाटर हिटर**
सस्ता आयातित तथा न्यून गुणस्तरीय सोलार जडान गरेको केही बर्षमा नै बिग्रेर हैरान हुनुहुन्छ ??
महर्जन मेटल इण्डष्ट्रिज
टेकु, काठमाडौं,
५३६२००१, ५३६२०३२
९८०१०३८५३६/९८०१०३८५४०

**वर्गीकृत डिस्प्ले**
श्याम स्वेत: रू. ३०००/- *
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*








**सम्पर्क नं.**
५१९२०१४, ५१९२०१० Ext. १०१४
Email: mktdisplay@kmg.com.np

* उपरोक्त दररेटहरूमा मूल्य अभिवृद्धि कर समावेश गरिएको छैन ।





पाकिस्तानको ब्रड पिक हिमालमा एक साताअघि हिमपहिरोमा परी ज्यान गुमाएका पर्वतारोही पुरबहादुर (युक्त) गुरुङको बिहीबार नेपाल ल्याइएको शव र भावविह्वल परिवारजन । उनको शव कतार एयरवेजको उडानमार्फत पाकिस्तानबाट दोहा हुँदै काठमाडौं ल्याइएको हो । त्रिभुवन विमानस्थलमा गुरुङका परिवार, आफन्त, साथीभाइ तथा पर्वतीय पर्यटन क्षेत्रका दर्जनौं शुभेच्छुकको उपस्थितिमा भावुक वातावरण बनेको थियो । हिमपहिरोमा परी ६ नेपालीसहित १० आरोहीले ज्यान गुमाएका थिए ।

तस्बिर : अंगद ढकाल/कान्तिपुर

### कांग्रेसको आधिकारिकता पुनरावलोकन हुने

# पार्टी विभाजन तत्काललाई टर्‍यो, १५ औं महाधिवेशन अन्योल

**नयाँ पार्टी घोषणा गर्ने तयारी गरिरहेका असन्तुष्ट पक्षका नेताहरूले अब अदालतको निर्णय कुर्ने, सर्वोच्चको बिहीबारको आदेशबाट पार्टी एकतामा बल पुग्ने दुवै पक्षका नेताहरूको प्रतिक्रिया**

**कुलचन्द्र न्यौपाने र दुर्गा दुलाल** (काठमाडौं)

कांग्रेसको आधिकारिकतासम्बन्धी विवादमा साढे तीन महिनाअघि भएको फैसला पुनरावलोकन हुने भएको छ । प्रधानन्यायाधीश मनोजकुमार शर्मा तथा न्यायाधीशहरू श्रीकान्त पौडेल र नित्यानन्द पाण्डेयको इजलासले बिहीबार फैसला पुनरावलोकन गर्ने आदेश दिएसँगै कांग्रेस विभाजन भने तत्काललाई टरेको छ ।

२९ साउनको राष्ट्रिय भेलाबाट नयाँ पार्टी घोषणा गर्ने तयारी गरिरहेका असन्तुष्ट पक्षका नेताहरूले अब अदालतको निर्णय कुर्ने बताएका छन् । दुवै पक्षका नेताहरूले सर्वोच्चको आदेशबाट पार्टी एकतामा बल पुग्ने प्रतिक्रिया दिएका छन् । सर्वोच्चको आदेशपछि १५ औं महाधिवेशन भने अन्योलमा परेको छ । २ भदौबाट वडा अधिवेशन गरेर १४-१९ असोजमा केन्द्रीय महाधिवेशन गर्ने संस्थापन कांग्रेसको तालिका छ ।

आधिकारिकता विवादमा अन्तिम फैसला नहुँदासम्म गगन थापा नेतृत्वकै केन्द्रीय कार्यसमितिले मान्यता पाउनेछ । सर्वोच्च अदालतले बिहीबारको आदेशमा 'निर्वाचन आयोगले गरेको निर्णय बदर नहुने गरी' भनेकाले अर्को फैसला नआउँदासम्म वर्तमान केन्द्रीय कार्यसमिति नै आधिकारिक हुने भएको हो ।

न्यायाधीशहरू शारंगा सुवेदी र नृपध्वज निरौलाको इजलासले विशेष महाधिवेशनबाट निर्वाचित कार्यसमितिलाई मान्यता दिने निर्वाचन आयोगको निर्णयलाई ४ वैशाखमा कानुनसम्मत ठहर गरेको थियो । त्यही फैसला सच्याउन माग गर्दै कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवाले ६ साउनमा र पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्काले १२ साउनमा निवेदन दिएका थिए ।

देउवा पक्षले २९-३१ साउनमा काठमाडौंमा राष्ट्रिय भेला गरेर अलग पार्टी घोषणा गर्ने तयारी गरिरहेको थियो । कांग्रेसका संस्थापक नेता बीपी कोइरालाका पुत्र शशांकलाई नयाँ पार्टीको समेत नेतृत्व गर्ने गरी भेला आयोजक समितिको संयोजक बनाइएको थियो । भेलामा पार्टी विधान, अर्थ, राजनीतिकसहित समसामयिक राजनीतिका विषयका प्रस्ताव प्रस्तुत गर्ने तयारी थियो ।

देउवापक्षीय नेता विमलेन्द्र निधिले भेला नसर्ने भए पनि अब अलग पार्टी तत्काल नबन्ने बताए । 'अहिलेसम्म भेला सार्ने कुरा छैन । शेरबहादुरजी २६ साउनमा आउने कुरा छ । सरसल्लाह गरेर निर्णय लिन्छौं,' निधिले कान्तिपुरसँग भने ।

निधिले फैसला पुनरावलोकनका लागि निस्सा दिने सर्वोच्चको निर्णय स्वागतयोग्य रहेको प्रतिक्रिया दिए । 'मलाई पहिलेदेखि नै सर्वोच्च अदालतप्रति पूर्ण विश्वास थियो । संविधानवाद र कानुनलाई ट्र्याकमा ल्याउने सर्वोच्चको यो आदेश ऐतिहासिक कदम हो ।' यसमा सर्वोच्चले संविधान, कानुन र पार्टी विधानका आधारमा फैसला गर्ने विश्वास आफूले लिएको उनले बताए ।

देउवा पक्षका अर्का नेता मीन विश्वकर्माले विभाजनको डिलमा पुगेको कांग्रेसलाई सर्वोच्च अदालतको आदेशले जोगाइदिएको बताएका छन् । 'कांग्रेस एक किसिमले विभाजनको डिलमा पुगिसकेको थियो । आजको आदेशले त्यो जोखिमलाई बीचमै रोकेको छ,' उनले भने, 'यसबाट हामी सबै कांग्रेसमा छौं भन्ने सन्देश पनि गएको छ ।'

सर्वोच्चको आदेशले बिनासर्त पार्टी एकताको पहलका लागि बल पुर्‍याएको पनि विश्वकर्माले बताए । 'बिनासर्त पार्टी एकताको पहल भयो भने अदालतको अन्तिम फैसला आउनुअघि नै सहमति कायम हुन सक्छ,' उनले भने, 'बीचमा सहमति हुन नसके अदालतको अन्तिम फैसला पर्खनुको विकल्प छैन । त्यसअघि पार्टी विभाजनको प्रक्रिया अगाडि बढ्दैन ।'

असन्तुष्ट पक्ष राष्ट्रिय भेलाको तयारीमा लागिरहेका बेला संस्थापन पक्ष १५ औं महाधिवेशनको तयारीमा थियो । महामन्त्री प्रदीप पौडेलले पूर्वनिर्धारित मितिमा महाधिवेशन हुने कि नहुने भन्नेमा छलफल गरेर औपचारिक धारणा बनाउने बताएका छन् ।

सर्वोच्च अदालतले बिहीबार आदेश दिँदा निर्वाचन आयोगले विवरण अद्यावधिकअघि सुनुवाइको मौका नदिई निर्णय गरेको विषयलाई मुख्य कानुनी आधार बनाएको छ । त्यसमा उसले कानुनी परीक्षण आवश्यक भएको औंल्याएको छ । आदेशमा 'राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५१ तथा राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ को नियम २५ बमोजिम विवरण अद्यावधिक गर्नुअघि निर्वाचन आयोगले निवेदकहरूलाई सुनुवाइको मौका नदिई गरेको निर्वाचन आयोगको २९ माघ २०८२ को निर्णय बदर नहुने गरी यस अदालतको संयुक्त इजलासबाट गत ४ वैशाख २०८३ को फैसलामा प्रतिपादित कानुनी सिद्धान्तसमेतको परिपालनाको प्रश्न सन्निहित रहेको देखिएको' उल्लेख छ ।

गत २७-३० पुसमा सम्पन्न विशेष महाधिवेशनबाट निर्वाचित थापा नेतृत्वको केन्द्रीय कार्यसमितिलाई २ माघमा निर्वाचन आयोगले मान्यता दिएपछि देउवा र खड्काले ४ माघमा सर्वोच्चमा रिट दायर गरेका थिए । रिटमा महाधिवेशन प्रतिनिधिहरूले हस्ताक्षर फिर्ता लिइसकेको अवस्थामा विशेष महाधिवेशनको बैधानिकता नरहने, पदावधि सकिएका पदाधिकारी र सदस्यहरू सम्मिलित प्रतिनिधिहरूले भाग लिएको महाधिवेशन कानुनसम्मत नहुने र नयाँ पदाधिकारीको अभिलेख निर्वाचन आयोगले अद्यावधिक गर्न नमिल्ने तर्क गरेका थिए । ६ माघमा न्यायाधीश सुनीलकुमार पोखरेलको एकल इजलासले उक्त रिटमा अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको थियो ।

अब आधिकारिकता विवाद अदालतमा पुनरावलोकन हुने भएपछि कांग्रेस सभापति थापा थप दबाबमा परेका छन् । एकता टाढिएको निष्कर्षसहित अलग पार्टी बनाउन जुटिरहेको देउवा पक्ष भने उत्साही भएको छ ।

पार्टी उपसभापति विश्वप्रकाश शर्माले महाधिवेशनको वैधानिक तथ्य र राजनीतिक सत्यलाई अब हुने फैसलामा थप फराकिलो ढंगले उजागार हुने विश्वास व्यक्त गरे । 'सर्वोच्च अदालतको संयुक्त इजलासले रिट खारेज गरेर टुंग्याइसकेको विषयमा पुनरावलोकनमा नगएको भए पनि हुन्थ्यो । लामो बहसपश्चात् न्यायिक निरूपण भइसकेकै थियो,' उनले भने, 'पुनः परीक्षणले विशेष महाधिवेशनको वैधानिक तथ्य र राजनैतिक सत्यलाई थप फराकिलो ढंगले उजागर गर्न पक्कै मद्दत पुर्‍याउनेछ ।' विशेष महाधिवेशनका सम्पूर्ण तथ्यलाई न्यायालयसमक्ष पुनः केस्रा-केस्रा केलाएर प्रस्तुत गर्न आफूहरू स्पष्ट, खुला र तत्पर रहेको पनि शर्माले बताए ।

महामन्त्री पौडेलले भने सर्वोच्चको आदेशलाई पक्ष र विपक्षका रूपमा हेरिन नहुने बताए । यस आदेशले पार्टीभित्र बृहत् एकताका लागि बल पुर्‍याएको उनको भनाइ छ । 'अब यसलाई पक्ष र विपक्षमा लिएर बस्नु भन्दा बृहत् पार्टी एकताको पक्षमा जुट्नु आवश्यक छ । पार्टी मिलाउनका लागि एउटा परिस्थितिसमेत यसले निर्माण गरेको छ,' उनले भने, 'हाम्रो विषय अब अदालतलाई पर्खनुभन्दा पनि हामीले मिलाएर जानुपर्छ ।'

वरिष्ठ अधिवक्ता उपेन्द्रकेशरी न्यौपाने बिहीबारको आदेशले कांग्रेसका दुवै पक्षलाई पुनर्मूल्यांकन गर्ने अवसर दिएको बताउँछन् । 'कम्तीमा यो मुद्दा फैसला नभएसम्म विभाजन वा अलग हुने कुरा रोकिएको छ,' उनले भने ।

अबको प्रक्रिया के हुन्छ ?

कांग्रेसको आधिकारिकतासम्बन्धी विवादमा अब सर्वोच्च अदालतमा तीन न्यायाधीशको (पूर्ण) इजलासमा सुनुवाइ हुनेछ । अबको सुनुवाइ ४ वैशाखमा फैसला गर्ने र बिहीबार पुनरावलोकनको आदेश दिने न्यायाधीशबाहेकको इजलासबाट हुनेछ ।

पुनरावलोकनको आदेश भइसकेपछि अब विपक्षी बनाइएका थापा नेतृत्वको केन्द्रीय कार्यसमिति, निर्वाचन आयोगलगायतलाई अदालतले सूचना (म्याद) पठाउनेछ । म्याद बुझ्नेसँगै उनीहरूले आफ्नो प्रतिरक्षाका लागि कानुन व्यवसायी नियुक्त गर्नेछन् । सर्वोच्चले अबको सुनुवाइका लागि निर्वाचन आयोगको निर्णयको सक्कल फाइल तथा दुवै पक्षसँग रहेका प्रमाणहरू पनि झिकाउनेछ ।

अन्तिम सुनुवाइमा देउवा र खड्का पक्षले दाबी गरेअनुसार अघिल्लो फैसलाले स्थापित नजिर र कानुनी सिद्धान्तको पालना गरे-नगरेको विषयमा दुवै पक्षका कागजातको परीक्षण र कानुन व्यवसायीहरूको बहस हुनेछ । खड्का पक्षले पुनरावलोकनको माग गर्दा सुनुवाइको मौका दिनु अनिवार्य र स्वाभाविक रहेको यसअघिको नजिर पेस गरेको छ । सँगै राजनीतिक विवादसँग सम्बन्धित संवैधानिक प्रश्न अदालतको न्यायिक पुनरावलोकनभित्र विधिशास्त्रीय मान्यता रहेको विषय पनि उठाएको छ ।

वरिष्ठ अधिवक्ता एवं संवैधानिक कानुनविद् पूर्णमान शाक्यले बिहीबारको आदेशसँगै कांग्रेसको आधिकारिकता विवादमा अब सुरुदेखि नै सुनुवाइ हुने बताए । 'पहिला भएको फैसला पुनर्विचार हुन सक्छ वा सदर पनि हुन सक्छ । तर पुनरावलोकनको अनुमति आएको कारण मात्र यसअघिको फैसला शून्यमा जाँदैन,' उनले भने, 'विशेष महाधिवेशनले चयन गरेको नेतृत्वमाथि प्रश्न उठे पनि अर्को फैसला नभएसम्म उनीहरूले नै काम गर्न पाउँछन् ।'

अदालतले अब विशेष महाधिवेशनसहित निर्वाचन आयोगको निर्णयका आधारहरू हेरेर दुवै पक्षको बहस सुन्ने र त्यसपछि निर्णय दिने भएकाले विवाद केही समय लम्बिन सक्ने शाक्यले बताए । 'अबको बहसमा विशेष महाधिवेशनबाट भएको नेतृत्व परिवर्तनको विषयमा अदालतले विस्तृत रूपमा हेर्नेछ । दुवै पक्षको कुरा सुरुदेखि नै सुनिन्छ,' उनले भने, 'सर्वोच्चले संयुक्त इजलासको फैसला उल्टाउने वा सदर गर्ने दुवै विकल्प खुला छन् ।'

अधिवक्ता अपूर्व खतिवडाले पनि सर्वोच्चको पुनरावलोकन अनुमतिसँगै कांग्रेसको आधिकारिकता विवाद कायम रहेको र अब सुरुदेखि नै सुनुवाइ हुने टिप्पणी गरे । 'विशेष महाधिवेशनको वैधताका सन्दर्भमा पुनः बहस भएर निर्णय हुने भयो,' उनले भने, 'निर्वाचन आयोगमा दिएको निवेदन र निर्वाचन आयोगले गरेको निर्णय पनि न्यायिक परीक्षणको विषय बन्नेछ ।'

**के छ देउवा पक्षको दाबी ?**

देउवा पक्षले सर्वोच्चमा दायर पुनरावलोकन निवेदनमा १८ आधार प्रस्तुत गरेको छ । निवेदनमा निर्वाचन आयोगले राजनीतिक दलसम्बन्धी ऐन र नियमावलीअनुसार आवश्यक छानबिनबिनै निर्णय गरेको, विशेष महाधिवेशनलाई नियमित केन्द्रीय महाधिवेशनसरह वैधानिकता दिन नमिल्ने तथा पार्टी विधानले महाधिवेशन प्रतिनिधिलाई नेतृत्व चयन गर्ने गरी विशेष महाधिवेशन बोलाउने अधिकार नदिएको दाबी गरिएको छ ।

विशेष महाधिवेशनको माग महाधिवेशन बोलाउनेसम्म मात्र सीमित रहेको, तत्कालीन महामन्त्रीलाई विशेष महाधिवेशन आह्वान गर्ने वैधानिक वा नैतिक अधिकार नभएको दाबी पनि गरिएको छ । विधानअनुसार विशेष महाधिवेशन बोलाउने अवशिष्ट अधिकार निर्वाचित केन्द्रीय कार्यसमितिमै रहेको देउवा पक्षको जिकिर छ ।

देउवा पक्षले निर्वाचन आयोगमा किर्ते कागजात पेस गरी आयोगलाई झुक्याइएको, पछि फिर्ता लिइएका हस्ताक्षरसमेत बेवास्ता गरिएको तथा यस्तै प्रकृतिका अघिल्ला विवादमा अपनाइएको कानुनी प्रक्रिया कांग्रेसको विवादमा नअपनाई सोझै निर्णय गरिएको दाबी गरेको छ । निर्वाचित सभापतिलाई विधानअनुसार मात्र हटाउन सकिनेलगायत विषय पनि निवेदनमा उठाइएको छ ।

## देउवा २६ साउनमा स्वदेश फर्कने



कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा २६ साउनमा स्वदेश फर्कने भएका छन् । स्वास्थ्य उपचारका लागि १३ फागुनमा सिंगापुर गएका उनी २६ साउनको राति काठमाडौं आइपुग्ने नेता प्रकाशशरण महतले पुष्टि गरेका छन् । श्रीमती आरजु राणा देउवा भने सँगै फर्कने वा नफर्कनेबारे अझै खुलाइएको छैन । देउवा १३ फागुनमा प्रमुख स्वकीय सचिव भानु देउवासहित सिंगापुर गएका थिए । त्यसअघि नै भारत गएकी आरजु भने त्यतैबाट सिंगापुर गएकी थिइन् ।

उपचारका क्रममा विदेशमै रहेका बेला देउवा दम्पतीविरुद्ध सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) को संयुक्त अनुरोधमा अदालतबाट पक्राउ पुर्जी जारी गरिएको थियो । नेपाल बाहिर रहेका कारण 'रेड नोटिस' जारी गर्न अनुरोध गरिए पनि इन्टरपोलले त्यसलाई अस्वीकार गरेको थियो । पक्राउ पुर्जीविरुद्ध दायर रिटमा सर्वोच्च अदालतले देउवा दम्पतीलाई पक्राउ नगर्न अन्तरिम आदेश दिएको छ । केही समयअघि देउवा दम्पतीले विभागलाई पत्र पठाएर आफूहरू फरार नरहेको, निर्दोष रहेको र साउन मसान्तभित्र नेपाल फर्केर अनुसन्धानमा सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए । त्यही प्रतिबद्धताअनुसार देउवा फर्कन लागेका हुन् ।

> **पुनः परीक्षणले विशेष महाधिवेशनको वैधानिक तथ्य र राजनीतिक सत्यलाई थप फराकिलो ढंगले उजागर गर्न पक्कै मद्दत पुर्‍याउनेछ**
>
> ● **विश्वप्रकाश शर्मा**
> उपसभापति, कांग्रेस

> **अदालतको अन्तिम फैसला आउनुअघि नै सहमति कायम हुन सक्छ, बीचमा सहमति हुन नसके अदालतको अन्तिम फैसला पर्खनुको विकल्प छैन**
>
> ● **मीन विश्वकर्मा**
> देउवापक्षीय नेता

# यथास्थितिमा श्रमिक पठाउन सकिँदैन : म्यानपावर कम्पनी

**श्रमिकको लागत, हवाई भाडादर, युरोपेली मुलुकमा संस्थागत श्रम आप्रवासन र श्रम बजार विविधीकरणसँग सम्बन्धित माग तत्काल सम्बोधन गर्न सरकारसँग आग्रह**

**होम कार्की** (काठमाडौं)

वैदेशिक रोजगार व्यवसायीहरूले सरकारलाई दिएको १५ दिने अल्टिमेटम शुक्रबार सकिँदै छ । वैदेशिक रोजगार क्षेत्रलाई व्यवस्थित बनाउन ठोस नीतिगत सुधार नगरे श्रमिक विदेश पठाउने प्रक्रिया नै रोक्न बाध्य हुने चेतावनी उनीहरूले दिएका हुन् । व्यवसायीहरूले श्रमिकको लागत, हवाई भाडादर, युरोपेली मुलुकमा संस्थागत श्रम आप्रवासन र श्रम बजार विविधीकरणसँग सम्बन्धित माग तत्काल सम्बोधन गर्न सरकारसँग आग्रह गरेका छन् ।

'यो क्षेत्र सुधार नभए पेसा गर्नु नै उचित छैन,' नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष डिकबहादुर खत्रीले कान्तिपुरसँग भने, 'पेसामा संकट देखियो । अब सरकारले नै स्वस्थ र पारदर्शी रूपमा पेसा गर्ने वातावरण बनाइदिनुपर्छ ।' उनीहरूको पहिलो माग वैदेशिक रोजगारमा जाने श्रमिकले तिर्नुपर्ने लागत शीर्षकको पारदर्शी र सेवा उपलब्ध गराएबापत वैज्ञानिक सेवा शुल्क निर्धारण गर्नेसँग सम्बन्धित छ ।

अहिले प्रमुख गन्तव्य मुलुक साउदी अरब, संयुक्त अरब इमिरेट्स (यूएई) र मलेसिया जाने श्रमिकसँग एक रुपैयाँ पनि म्यानपावर कम्पनीले लिन पाउने कानुनी व्यवस्था छैन । यी देशबीच भएको श्रम सम्झौताअनुसार भर्ना शुल्क र भर्नासँग सम्बन्धित सबै शुल्क रोजगारदाताबाटै व्यहोर्नुपर्छ । अर्थात् श्रमिकको टिकट, भिसा, म्यानपावरलाई बुझाउने सेवा शुल्क सबै रोजगारदाता कम्पनीले नै व्यहोर्नुपर्छ । तर, व्यवहारमा भने श्रमिकले तीनदेखि ५ लाख रुपैयाँ खर्च गरेपछि मात्रै रोजगारीमा जान पाइन्छ ।

यसबाहेक कतार, कुवेत, बहराइनलगायत देशमा जाने श्रमिकसँग सेवा शुल्कबापत १० हजार मात्रै लिन पाइने व्यवस्था छ । श्रम सम्झौताअनुसार गन्तव्य देश र नेपालबीच भएका श्रम सम्झौताका प्रावधानहरू लागू भइरहेको छैन । वैदेशिक रोजगार विभागले श्रमिकद्वारा भुक्तानी भइरहेको भर्ना शुल्क र लागतसँग सम्बन्धित शुल्कमाथि कडा अनुगमन गर्दै आएको छ । तोकिएको भन्दा बढी शुल्क लिइएको म्यानपावर कम्पनीमार्फत रकम फिर्ता गराउनुका साथै जरिवानासमेत लगाइरहेको छ । यसबाट व्यवसाय गर्ने वातावरण नभएको भन्दै व्यवसायीहरूले श्रमिकको लागत शीर्षक पारदर्शी र सेवा प्रवाह दिएबापत सेवा शुल्क तोकिनुपर्ने माग राखेका छन् ।

व्यवसायीको अर्को प्रमुख माग हवाई भाडादरसँग सम्बन्धित छ । सरकारले हवाई भाडादरलाई नियन्त्रण गर्न नसक्दाको भार श्रमिकमाथि नै परिरहेको उनीहरूको दाबी छ । 'यहाँ एयरलाइन्स कम्पनी र सीमित ट्राभल एजेन्सीको मिलेमतोमा हवाई भाडादर उच्च छ । उच्च हवाई भाडा तिरेर श्रमिक उड्नुपर्ने परिस्थिति छ,' संघका अध्यक्ष खत्रीले भने, 'एकातर्फ भैरहवा र पोखरा विमानस्थलबाट गन्तव्य देशमा उडान छैन । अर्कोतर्फ धेरै भाडा तिर्नुपर्ने भएपछि सस्तो टिकटका लागि श्रमिकहरू भारतीय विमानस्थल प्रयोग गर्न बाध्य छन् ।'

वैदेशिक रोजगार विभागले पटक-पटक स्वदेशी विमानस्थल नै प्रयोग गर्न म्यानपावर व्यवसायीलाई सचेत गरिरहेको छ । विभागको स्वीकृतिबिना विदेशी विमानस्थलबाट श्रमिक पठाउन पाइँदैन । पछिल्लो पटक गत १ चैतदेखि ३१ जेठसम्म श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गएका श्रमिकको हवाई यात्रामाथि विभागले छानबिन गरिरहेको छ । त्यसक्रममा दोषी भेटिएका म्यानपावर कम्पनीमाथि कारबाही भइरहेको छ ।

१९ साउनमा विभागद्वारा सार्वजनिक सूचनाअनुसार अनुमति नलिई भारतबाट उडान गरेका ३९ वटा म्यानपावर कम्पनी प्रत्येकलाई ५०-५० हजार रुपैयाँ जरिवाना लगाइएको छ । यो उनीहरूमाथि गरिएको दोस्रो पटकको कारबाही हो । हवाई टिकटको विवरण दोस्रो पटक पनि नबुझाएका १ सय २४ वटा म्यानपावर कम्पनी प्रत्येकलाई ५० हजार रुपैयाँ जरिवाना किन नगर्ने भन्दै सातदिने स्पष्टीकरण मागिएको छ । वैदेशिक रोजगार ऐनअनुसार तेस्रो पटकसम्म कारबाही भइसकेको म्यानपावर कम्पनीको लाइसेन्स (इजाजतपत्र) खारेज हुन्छ । 'सरकार आफैंले श्रमिकप्रति उत्तरदायित्व देखाउन हवाई भाडादर न्यूनीकरण गर्नुपर्छ,' अध्यक्ष खत्रीले भने, 'सस्तोमा टिकट पाएको अवस्थामा भारतको विमानस्थलबाट पठाउन बाध्य बनाएको अवस्थामा म्यानपावरमाथि कारबाही गर्न मिल्दैन ।' संघले उदीयमान मानिएको युरोप क्षेत्रमा श्रमिक पठाउने विषयलाई संस्थागत रूपमा खोल्नुपर्ने माग राखेको छ । खाडी र मलेसियामा लागू गरिएको एकै प्रकृतिको मागपत्र प्रमाणीकरण निर्देशिकालाई युरोप क्षेत्रमा लागू गरिएको छ । यसलाई कार्यान्वयन गर्न नसकिएको युरोपमा रहेका नेपाली दूतावासको निर्णय छ । जसअनुसार पछिल्ला दुई वर्षदेखि संस्थागत रूपमा श्रमिक पठाउन बन्द छ ।

तर, म्यानपावर र शैक्षिक परामर्शदाताको मिलेमतोमा श्रमिकहरूलाई व्यक्तिगत तवरले युरोप पठाइने गरिएको छ । गत आर्थिक वर्षमा जारी गरिएको कुल नयाँ श्रम स्वीकृतिको १४.८ प्रतिशत अर्थात् ६० हजार ३ सय ३८ जना श्रमिक युरोप गएका थिए । 'व्यक्तिगत रूपमा पठाउँदा सबैभन्दा ठूलो विकृति नै युरोपमा देखियो । यसलाई व्यवस्थित गर्न संस्थागत रूपमा पठाउन खुला गर्नुपर्छ,' संघका अध्यक्ष खत्रीले भने, 'व्यक्तिगत रूपमा जाँदा मानव तस्करलाई प्रश्रय दिइरहेको छ । यसलाई संस्थागत रूपमा म्यानपावर कम्पनीमार्फत नै पठाउने वातावरण बनाउनुपर्छ ।'

म्यानपावर व्यवसायीहरूका अनुसार श्रम बजारलाई विकेन्द्रीकरण गर्नुपर्छ । 'एकै ठाउँमा मात्रै केन्द्रित हुँदा संकुचन आइराख्छ । कहिले प्राकृतिक प्रकोप, कहिले युद्ध त कहिले आन्तरिक जनशक्ति संरचनालाई सन्तुलनमा ल्याउने नीति ल्याउँदा श्रम बजारमा असर देखिँदै आएको छ,' उनले भने, 'गत फागुनदेखि जारी पश्चिम तनावले यसको पुष्टि गर्छ ।'

> **यो क्षेत्र सुधार नभए पेसा गर्नु नै उचित छैन, अब सरकारले नै स्वस्थ र पारदर्शी रूपमा पेसा गर्ने वातावरण बनाइदिनुपर्छ**
>
> ● **डिकबहादुर खत्री**
> अध्यक्ष, वैदेशिक रोजगार व्यवसायी संघ

गत आर्थिक वर्ष २०८२/८३ मा पुनः श्रम स्वीकृतिबाहेक ४ लाख ६ हजार ४ सय ४ जना तथा पुनः श्रम स्वीकृतिसहित ७ लाख ९२ हजार १ सय ८७ जना वैदेशिक रोजगारीमा गएका थिए । अघिल्लो वर्षको तुलनामा कुल श्रम स्वीकृति ५.६ प्रतिशतले घटेको छ । नयाँ श्रम स्वीकृति लिनेको हकमा १९.७ प्रतिशतले घटेको छ । गत आर्थिक वर्ष २०८२/८३ मा नयाँ श्रम स्वीकृति लिई विदेश जाने नेपालीको संख्या ४ लाख ६ हजार ४ सय ४ पुगेको छ । यो अघिल्लो आर्थिक वर्षको ५ लाख ५ हजार ९ सय ५७ को तुलनामा ९९ हजार ५ सय ५३ ले कम भएको विभागले जनाएको छ ।

श्रमिकलाई अत्यधिक आर्थिक भार पार्ने श्रमिक लक्षित एकाधिकारलाई निस्तेज पार्ने नीति लिनुपर्ने अडानमा संघ छ । 'हामी बोलिरहने र सरकार सुनिरहने मात्रै भयो,' अध्यक्ष खत्रीले भने, 'यसलाई कि गलत छ भन्नु पर्‍यो । होइन भने यो पेसालाई अगाडि बढाउन सरकारी योजना चाहियो ।' युवा, श्रम तथा रोजगार मन्त्रालयले समग्र वैदेशिक रोजगारको व्यवस्थापनमा सरकारले गम्भीरतापूर्वक काम गरिरहेको दाबी गरेको छ । श्रम प्रवक्ता पीताम्बर घिमिरेले श्रमिकको सेवा शुल्क निर्धारणका लागि कार्यदलले काम गरिरहेको बताए ।

'श्रमिकले भुक्तानी गरिरहेको गैरकानुनी सेवा शुल्कलाई हटाउनका लागि वैज्ञानिक सेवा शुल्क निर्धारण गर्न मेरो नेतृत्वको कार्यदल अन्तिम चरणमा पुगेको छ,' उनले कान्तिपुरसँग भने, 'हामी छिट्टै नेतृत्वसमक्ष प्रतिवेदन बुझाउनेछौं ।' उनले समग्र वैदेशिक रोजगारको क्षेत्रलाई सम्बोधन गर्न वैदेशिक रोजगार ऐनलाई संशोधन गर्न मस्यौदा तयार गरेर सुझावका लागि परराष्ट्र, कानुन र अर्थमा पठाइएको बताए । 'तीन वटा मन्त्रालयमा पठाइएको मस्यौदामाथि सुझाव आउनेबित्तिकै मन्त्रिपरिषद्मा पठाउने योजना छ,' उनले भने, 'यो क्षेत्रमा सुधार आवश्यक छ । त्यसमा हामी संवेदनशील छौं ।'

सम्पादकीय

# बलियो सरकारको कमजोर सुरुवात

चुनावी लोकतन्त्रको सामान्य अवधारणा हो- पार्टीले आफ्नो प्रतिबद्धता जनतामाझ प्रस्तुत गर्ने र जनताले पत्याएमा निश्चित अवधिसम्म शासन सत्ताको नेतृत्व गर्ने । २१ फागुनमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा रास्वपाले झन्डै दुईतिहाइ सिट जित्यो र पार्टीका वरिष्ठ नेता वालेन्द्र शाहको नेतृत्वमा सरकार गठन भयो । निर्वाचनका बेला रास्वपाले व्यक्त गरेका प्रतिबद्धता आफ्नो ठाउँमा छँदै छन्, इतिहासकै बढी मध्येको जनसमर्थन व्यक्त भएका कारण जनअपेक्षा पनि उचाइमा छ । त्यसैले जनताले यसअघि कहिल्यै अनुभूत गर्न नसकेको उपलब्धि दिनुपर्ने दबाबमा सरकार छ । तर सरकार गठन भएको चार महिनामा सरकारका सकारात्मक प्रयत्न र उपलब्धिको सूचीभन्दा विवादले बढी ठाउँ पाइरहेको छ । यसले परिपक्व भएर निर्णय गर्ने सुझबुझ, विधिप्रतिको प्रतिबद्धता र निर्णयको सम्भावित असर विश्लेषण गर्न सक्ने क्षमता सरकारमा अभाव रहेको बुझ्न सकिन्छ । यद्यपि, सरकार गठन भएको भर्खरै चार महिना पूरा भएकाले सरकारले यसबीचमा अनुभवलाई पाठका रूपमा लिएर आफ्नो कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन जरुरी छ ।

सरकारलाई सामान्यतया आफ्नो शक्तिप्रति अधिक विश्वास हुन्छ । शक्ति प्रयोगको वैधानिकता प्राप्त हुने भएकाले विधि बिर्सने समस्या हुन्छ । आफूले जे निर्णय लियो, त्यो नै सही थियो भन्ने अहम् पनि हुन्छ । बलिया सरकारलाई यस्तो विश्वास र अहम् झन् बढी हुन्छ । यतिबेला त्यस्तै स्थिति देखिएको छ । शक्तिशाली सरकारमाथि विधि र परम्परा मिचेको आरोप लाग्ने गरेको छ । जस्तो कि, प्रधानमन्त्री शाह संसद् जान अनिच्छुक हुनु, राष्ट्रपतिले नीति तथा कार्यक्रम वाचन गरिरहँदा संसद् भवनबाट बाहिरिनु, हठात् संसद् बैठकमा पुगेर नियमावलीविपरीत सांसदसँग प्रश्न माग्नु, आह्वान भइसकेको संसद् अधिवेशन अन्त्य गराएर अध्यादेश ल्याउनु जस्ता कामले सरकारमाथि प्रश्न उठाएका छन् । एकातिर सरकारले स्थापित विधि र परम्पराको तेजोवध गरेको आरोप लागेको छ, अर्कोतिर खराब नजिर बसाल्ने सम्भावना बढाएको छ । जबकि, वर्तमान सरकारको सबैभन्दा ठूलो पुँजी नै संसद् हो । उसले त आफ्नो पुँजीलाई विवेकपूर्ण ढंगले प्रयोग गर्नुपर्ने थियो । संसद्को गरिमा र प्रभावकारिता बढाउने काम गर्नुपर्ने थियो ।

पार्टीका रूपमा रहँदा ऊ आफूप्रति आस्था र विश्वास गर्नेको पक्षमा मात्रै उभिँदा पुग्छ । तर जब त्यही पार्टीले सरकारको नेतृत्व गर्छ, त्यतिबेला ऊ सबै जनताको हुन पुग्छ । चुनावी मत विश्लेषण गर्ने हो भने त सरकार हाँकिरहेको पार्टीभन्दा बाहिर आस्था राख्ने समूह धेरै हुन्छन् । यस्तो स्थितिमा सरकारले आफूप्रति सहमत वा असहमत, विश्वास गर्ने वा नगर्ने सबैको साथ लिएर अघि बढ्नुपर्ने हुन्छ । यसका लागि सबैसँग संवाद गर्न सक्ने र सबैको साथ लिएर अघि बढ्ने सरकार चाहिन्छ । तर सरकारले संवादमा रुचि राखेको पाइँदैन । सुनसरीमा दुई समुदायबीच उत्पन्न तनाव देशको अन्य भूभागमा विस्तार हुने जोखिम देखिएपछि मात्रै गत साता प्रधानमन्त्री शाहले केही सीमित पार्टीसँग मात्रै संवाद गरेका थिए । जबकि, त्यसअघि नै सत्तारूढ रास्वपाका सभापति रवि लामिछानेको सक्रियतामा मूलधारका राजनीतिक शक्तिबीच संवाद आरम्भ भइसकेको थियो । सरकार यसमा पछि पर्‍यो । निष्कर्ष के हो भने, सरकारको भूमिका र स्वीकार्यता फैलिनुपर्नेमा प्रधानमन्त्री शाह स्वयंले खुम्च्याउँदै लगेका छन् ।

सरकारको सफलता समाजको सबैभन्दा कमजोर मान्छेले प्राप्त गर्ने भरोसासँग जोडिएको छ । तर प्रारम्भिक संकेत उत्साहजनक छैन । त्यसको सबैभन्दा बलियो उदाहरण सुकुमवासी बस्तीको विस्थापनको प्रक्रिया हो । वैशाखमा राज्यको शक्ति प्रयोग गर्दै नदी किनाराका सुकुमवासी बस्ती एकाएक हटाइयो । राज्यको शरणमा पुगेका कतिपयलाई होल्डिङ सेन्टरमा राखियो । तर तीन महिना बितिसक्दा पनि उनीहरूको उचित व्यवस्थापन हुन सकेको छैन । सुरुवातमा पूर्वतयारी नगरिएका कारण गर्भवती, सुत्केरी तथा बालबालिकाले समेत जोखिमपूर्ण अवस्थामा बस्नुपरेको थियो । त्यसपछि पनि सुकुमवासीलाई कहिले खाना बन्द गरियो, कहिले होल्डिङ सेन्टरबाट हट्न अल्टिमेटम दिइयो । यसबीचमा कतिपय सुकुमवासीले डुबानमा पनि फस्नुपर्‍यो । शिक्षा तथा स्वास्थ्यमा कर तथा बिजुलीमा भ्याट लगाउने नीतिमार्फत सरकारले आममानिसको दैनिकीलाई थप कष्टकर बनाउन खोजेको देखियो । यद्यपि, विरोधपछि शिक्षा तथा स्वास्थ्य कर भने फिर्ता लिइयो । त्यस्तै, सरकारले एकसाथ धेरै संस्थाका पदाधिकारीको पदावधि अन्त्य गरिदियो तर नयाँ नियुक्ति प्रक्रियामा कुनै मानक स्थापित गर्न सकेन । बरु धेरैजसो ठाउमा कार्यकर्ता वा विगतकै पदाधिकारी नियुक्ति गर्‍यो ।

मुलुकका धेरै समस्या यसको आर्थिक सामर्थ्य र रोजगारीको अवसरसँग जोडिएको छ । यस्तो बेलामा अर्थतन्त्रमा ८१ प्रतिशत र रोजगारी सिर्जनामा ८६ प्रतिशत योगदान दिने निजी क्षेत्रलाई विश्वासमा लिएर अघि बढ्नुपर्ने हो । उनीहरूका जायज सवाल सुन्ने र समस्या समाधान गर्न अग्रसर हुनुपर्ने हो । तर, यही क्षेत्रमा यतिबेला त्रास देखिएको छ । जुन क्षेत्रलाई प्रोत्साहन गरेर लगानी बढाउनका लागि प्रेरित गर्नुपर्ने हो, त्यही क्षेत्रलाई त्रासमा राख्ने आत्मघाती बाटोमा सरकार हिँडिरहेको छ । यति नै बेला कर्मचारीतन्त्रसँग सरकारको दूरी बढेको देखिएको छ । 'स्थायी सरकार' भनिने कर्मचारीतन्त्रमार्फत नै सरकारका निर्णय कार्यान्वयन हुने विश्वव्यापी प्रचलन हो । तर सरकार त्यही वर्गसँग दूरी बढाएर, तर्साएर काम लिन खोजिरहेको छ । सत्तासीनमाथिको प्रश्नको जगमा स्थापना भएको सरकारले माजिद अन्सारीजस्ता प्रश्नकर्तालाई नियन्त्रणमा लियो । जसले प्रशस्तै आलोचना खेप्यो ।

लोकतन्त्र नतिजा मात्रै होइन, प्रक्रिया पनि हो । अहिलेको सरकारले नतिजा देखाउने हुटहुटी राखेको हुन सक्छ तर विधिभन्दा बाहिरको नतिजा क्षणिक हुन्छन् । त्यसैले सरकारले विधिमै टेकेर नतिजा निकाल्नुपर्छ । न्यायालय, संसद्, मिडिया तथा नागरिक समाजले उठाएका सवाललाई प्रतिशोधका रूपमा होइन, आफ्ना कमजोरी सुधार गर्ने अवसरका रूपमा लिनुपर्छ । बलियो सरकार भएका बेलामा पार्टी र सरकारइतरका विचार सुनिन आवश्यक छ । निष्कर्ष के हो भने, सरकारलाई कम्तीमा पाँच वर्षको समय उपलब्ध छ । यस अवधिमा काम गर्ने क्रममा कमजोरी पनि हुन सक्छन् । सरकारको ध्येय कमजोरी भएको अनुभूत गर्ने र सुधारको प्रयत्न गर्नेतर्फ हुनुपर्छ । पर्याप्त विमर्श गर्ने र त्यसपश्चात् परिपक्व निर्णय लिन सक्दा धेरै विवाद कम भएर जान्छन् । आफ्ना नीति र निर्णयमाथि पर्याप्त समाजसँग संवाद गर्न सक्दा पनि धेरै विवाद कम भएर जान्छन् ।

# फेरिए शासक, फेरिएन नियति



जेबी विश्वकर्मा

(राजनीतिक-सामाजिक अध्येता विश्वकर्मा कान्तिपुरका स्तम्भकार हुन्)



तस्बिर : प्रधानमन्त्रीको सचिवालय

पुराना राजनीतिक दलले जनतासँग गुमाएको विश्वासको परिणाम हो- वालेन्द्र शाह नेतृत्वको सरकार । विगतका क्रान्ति वा संघर्षबाट स्थापित राजनीतिक व्यवस्थामा जनताले निकै ठूलो आशा राखेका थिए । जनताले सामन्ती राजतन्त्र ढालेर गणतन्त्र स्थापना गरे, राजनीतिक दलका मुख्य नेतृत्वले आफूलाई नै सर्वेसर्वा ठान्ने प्रवृत्ति बढ्यो । मुख्य राजनीतिक दलका नेतृत्वको मुख्य ध्येय सत्ता भोगबिलासमा चुर्लुम्मै डुब्न पुग्यो । जस्तोसुकै जालझेल, षड्यन्त्र र तिकडम गरेरै किन नहोस्, सत्ताको नेतृत्वमा पुग्ने चरम सत्तालिप्साको राजनीतिक संस्कृतिले जनतालाई आजित बनायो ।

अर्कोतिर, चाकडी र चाप्लुसीबाट नेपाली राजनीति बाहिर आउनै सकेन । नेतृत्वको चाकडीबाट मात्रै अवसर पाइन्छ भन्ने गलत सांस्कृतिक अभ्यासले केन्द्रदेखि स्थानीय तहसम्मै जरा गाड्यो । त्यसैले मुख्य नेतृत्वको वरिपरि हुने व्यक्तिले पटक-पटक अवसर पाउने, तर इमान्दार राजनीतिक नेता/कार्यकर्ता सधैंभरि उपेक्षामा पर्ने अवस्था बन्यो । राजनीतिक दलमा मात्रै होइन, देशको समग्र संरचना नै निश्चित नेताको कब्जामा पुग्ने स्थिति सिर्जना भयो । कर्मचारीतन्त्र, न्यायालय, शैक्षिक संस्था, वित्तीय क्षेत्र- सबैमा राजनीतिक पहुँचकै आधारमा व्यक्ति र स्वार्थ समूहको कब्जा हुन पुग्यो । राजनीतिक पहुँच हुने व्यक्ति, स्वार्थ समूह र चाकडी गर्नेले राज्यसत्ताबाट लुट मच्चाउने तर आधारभूत जनताले राज्यविहीनताको अवस्था भोग्नुपर्‍यो ।

राज्यसत्ता नै नातावाद, परिवारवाद र चाकडीवादमा चुर्लुम्म डुबेका कारण जनताले राज्यबाट पाउनुपर्ने आधारभूत अवसर र अधिकार उपभोग गर्न पाएनन् । यति मात्रै होइन- राजनीतिक नेतृत्वमा विकास भएको सर्वसत्तावादी चरित्र, अहंकार र दम्भबाट आजित जनताले विद्रोह गर्नु स्वाभाविक थियो । जुन जेन-जी आन्दोलनका रूपमा प्रकट भयो । सबैजसो क्रान्ति वा संघर्षका बेला जनतामा नयाँ आशा र अपेक्षा गाँसिएको हुन्छ । आन्दोलनपछिको नयाँ राजनीतिक परिवेशमा जनताका आशा तीव्र रूपमा प्रकट हुन्छन्- नेपालमा बहुदलीय व्यवस्थाको पुनःस्थापना हुँदा होस् वा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनामा । आन्दोलनपछिको नयाँ सत्ताले जनताका आशा र अपेक्षालाई जिम्मेवारीबोधसहित सम्बोधन गर्न सकेनन् भने जनतामा उत्पन्न हुने निराशा र आक्रोशले अर्को आन्दोलनको बाटो पनि सँगसँगै निर्माण गरिरहेको हुन्छ । शासक र सत्तारूढ राजनीतिक दल यस्तो परिपाटीलाई गम्भीरतापूर्वक लिएर जनताप्रति जवाफदेही भएनन् भने अर्को आन्दोलनको सामना गर्नुको विकल्प रहँदैन ।

## युवा आन्दोलन र सपना

संसारैभरि दक्षिणपन्थी राजनीतिको बहाव चलिरहेका बेला दक्षिण एसियाका अहंकारी र दम्भी शासकविरुद्ध नवयुवाले सानदार संघर्ष गरिरहेका छन् । सन् २०२२ मा श्रीलंकाका युवा विद्यार्थीले भ्रष्टाचार, नातावाद र राजापाक्षेको पारिवारिक शासनसत्ताविरुद्ध गरेको ११३ दिने आन्दोलनबाट तत्कालीन राष्ट्रपति गोटाबाया राजापाक्षे देश छाडी भाग्नुपर्ने अवस्थामा मात्रै पुगेनन्, यसले राजपाक्षे परिवारको एकछत्र शासनको पनि अन्त्य गरिदियो । सन् २०२४ मा बंगलादेशको उच्च अदालतले स्वतन्त्रता सेनानीका सन्तानलाई निजामती सेवामा ३० प्रतिशत छात्रवृत्ति दिने निर्णय गरेपछि बंगलादेशका युवा र विद्यार्थी आन्दोलनमा होमिए । स्वतन्त्रता सेनानीका नाममा थुप्रै अवसर पाउँदै आएको समूहलाई नै आरक्षण दिने अदालतको निर्णयले असमानता प्रवर्द्धन गर्ने र सामान्य नागरिकको अवसरसमेत खोसिने अवस्था आउन सक्ने भएकाले बंगलादेशमा दुई महिनासम्म आन्दोलन चर्कियो । अन्ततः बंगलादेशकी तत्कालीन प्रधानमन्त्री शेख हसिना देश छाडेर भारतको शरणमा पुगिन् ।

२०८२ भदौ २३ र २४ गते नेपालमा पनि जेन-जी युवाले सशक्त आन्दोलन गरे । भ्रष्टाचार, कुशासन, नातावाद र अहंकारी शासनसत्ताविरुद्ध नवयुवाले गरेको २ दिने आन्दोलनले केपी ओली नेतृत्वको सरकार ढालिदियो । ७६ जनाले ज्यान गुमाएको उक्त आन्दोलनमा देशैभरि निकै ठूलो सार्वजनिक र निजी सम्पत्तिको क्षति हुन पुग्यो । आन्दोलनबाटै अन्तरिम सरकार गठन भयो भने २०८२ फागुनको प्रतिनिधिसभा निर्वाचनबाट रास्वपा सबैभन्दा ठूलो राजनीतिक दलका रूपमा स्थापित भयो ।

भारतमा स्नातक तहको मेडिकल अध्ययनका लागि राष्ट्रिय प्रवेश परीक्षामा करिब २० लाख विद्यार्थीले प्रतिस्पर्धा गरेका थिए । आर्थिक लेनदेनका आधारमा भौतिकशास्त्र, रसायनशास्त्र र जीवविज्ञानका प्रश्नपत्र चुहावट भएपछि पुनः परीक्षा सञ्चालन गर्नुपर्ने अवस्था आयो । कतिपय विद्यार्थीले आत्महत्या गरे । 'लाखौं विद्यार्थीको भविष्यमाथि खेलबाड भएको' भन्दै कक्रोच जनता पार्टीले डिजिटल हुँदै भौतिक रूपमै आन्दोलन गर्‍यो । अन्ततः देशव्यापी भएको सशक्त आन्दोलनले मनमौजी सत्ता चलाइरहेका मोदीलाई झुक्न बाध्य पार्‍यो भने शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा गराएरै छाड्यो ।

नेपालमा मात्रै होइन, दक्षिण एसियाली र अन्यत्र भइरहेको युवा आन्दोलनले परम्परागत शासनशैली अनि निरन्तर राज्यसत्ता कब्जा र दोहन गर्ने शासक चाहेको छैन । युवा पुस्ताले सदावहार सत्ताको म्युजिकल चेयरजस्तो घुमिरहने सत्तालिप्साको राजनीति होइन, नयाँ पुस्ताको नेतृत्व चाहेका छन् । सायद त्यसैको परिणाम हुन सक्छ- प्रतिनिधिसभामा ९१ जना ४० वर्षभन्दा कम उमेरका युवाको प्रतिनिधित्व भएको । प्रधानमन्त्रीसहित मन्त्रिपरिषद्मा ४० वर्षभन्दा कम उमेरका १० जनाको प्रतिनिधित्व छ । युवाले मात्रै होइन, देशको संकट र समस्या हल हुने आशासहित अधिकांश जनताले रास्वपा र वालेन्द्र शाहलाई मत दिएका थिए ।

नेपाली युवामा स्वाधीन राष्ट्रका बलिया जनता बन्ने चाहना छ । ती चाहन्छन्- देशको शासनसत्ता कुनै वैदेशिक शक्ति केन्द्रको निगाह र निर्देशनमा नचलोस्, जनतामाथि विश्वास-भरोसा गर्न सकोस् र जनताप्रति जिम्मेवारीपूर्वक काम गरोस्, देश आर्थिक रूपमा आत्मनिर्भर बन्ने बाटोमा अघि बढोस् । तर, युवा नेतृत्वको सरकारले राष्ट्रिय स्वाधीनताको रक्षा गर्ने र आत्मनिर्भर अर्थतन्त्र निर्माणको कुनै मार्गचित्र प्रस्तुत गर्न सकेको छैन । अर्थमन्त्री पूर्णरूपमा नवउदारवादी पुँजीवाद प्रवर्द्धनमा दृढ छन् । जनतामाथि ऋणको भार थप्ने र सीमित पुँजीपतिको नाफाको संरक्षण उनको मुख्य उद्देश्य बन्न पुगेको छ ।

लामो समयदेखि भ्रष्टाचार, बेथिति र गलत शासनको जगजगी छ । अहिले पनि सेवाग्राहीले सहजै सेवा पाउने अवस्था बनिसकेको छैन । बिचौलिया, दलाली र कमिसनखोरी कायमै छ । नेपाली समाजमा दीर्घरोगका रूपमा रहेको भ्रष्टाचार अन्त्यको बृहत् कार्ययोजना र मार्गचित्र राज्यसँग हुनुपर्छ । कुनै व्यक्तिलाई पक्राउ र कारबाही गरेर मात्रै भ्रष्टाचार अन्त्य हुन सक्दैन । संरचनात्मक रूपमै जकडिएको भ्रष्टाचार अन्त्यका लागि बृहत् योजना र मार्गचित्र बनाउनु आवश्यक छ ताकि भ्रष्टाचारमा संलग्न राजनीतिक नेतृत्व, कर्मचारी, प्रहरी, न्यायालय, आर्मीलगायत सबैमाथि कारबाही हुन सकोस् । सरकारले यो दिशामा काम नगरेसम्म भ्रष्टाचार अन्त्य केवल नारामा सीमित रहनेछ ।

आन्दोलनपछिको नयाँ सत्ताले जनताका आशा र अपेक्षालाई जिम्मेवारीबोधसहित सम्बोधन गर्न सकेनन् भने जनतामा उत्पन्न हुने निराशा र आक्रोशले अर्को आन्दोलनको बाटो पनि सँगसँगै निर्माण गरिरहेको हुन्छ

जेन-जी आन्दोलनको एउटा माग सुशासन थियो । यस्तो सुशासनको अन्तर्य केवल भ्रष्टाचार अन्त्य मात्रै थिएन- जनताको आवाज सुनुवाइ हुने शासन थियो, जहाँ गरिब, किसान, मजदुर र श्रमजीवी वर्गको पहुँच पुग्छ, आवाज सुनिन्छ र समस्या समाधान हुन्छ । यस्तो शासन, जहाँ जनप्रतिनिधिले जनताको आवाज, आलोचना र प्रतिरोधी विचारमाथि सम्मान गर्छ, चित्त बुझ्ने जवाफ दिन्छ र सोहीअनुरूप व्यवहार गर्छ । तर, यो सरकार गरिब, मजदुर र श्रमजीवीमाथि नै दमनमा उत्रिरहेको छ । समस्याको कारण पहिचान र न्यायपूर्ण समाधान सरकारको प्राथमिकतामै छैन ।

संविधानले शिक्षा र स्वास्थ्यको अधिकारलाई मौलिक हकअन्तर्गत समावेश गरेको छ । गरिब र श्रमजीवी वर्गले नै सार्वजनिक-सामुदायिक विद्यालय बचाइरहेका छन्, तर शिक्षाको गुणस्तर अत्यन्तै कमजोर छ । अर्कोतिर, निजी शिक्षामा चरम व्यापारीकरण छ । एउटै देशमा धनी र गरिबले आर्जन गर्ने शिक्षामा भिन्नता छ । गुणस्तरीय शिक्षा सबैको चाहना हो, तर शैक्षिक रूपान्तरणको क्षेत्रमा राज्यलाई खासै चासो छैन ।

नेपाली समाजमा लामो समयदेखि जातजाति, लिंग, पहिचान, धर्म, समुदायका आधारमा असमानता र विभेद कायम छ । युवा चाहन्छन्- कुनै पनि पहिचानका आधारमा कसैमाथि पनि हिंसा, दुर्व्यवहार र अत्याचार नहोस् । राज्यले सबै किसिमका विभेद-हिंसाको अन्त्य गरोस् अनि सबैले न्याय र आत्मसम्मानसहित बाँच्न पाउने अधिकारको संरक्षण गरुन् । तर, सरकारलाई यस्ता मुद्दाले छुँदैन ।

वास्तवमा युवाको छनोटमा वालेन्द्र शाह नेतृत्वको सरकारले न तिनका आशा, सपना र चाहना सम्बोधन गर्ने कुनै योजना ल्याउन सकेको छ, न युवासँग बृहत्तर परामर्श र छलफल नै गरेको छ ।

## सत्ता र शक्तिको अहम्

वालेन्द्र नेतृत्व सरकारले प्रशासनिक सुधारका सयबुँदे कार्ययोजना बाहिर ल्यायो । यो नेपालको शासकीय प्रणालीको मिहिन विश्लेषणका आधारमा ल्याइएजस्तो देखिँदैन । एकातिर प्रशासनिक सुधारसँग सम्बन्धित नीतिगत, संरचनागत र व्यावहारिक समस्याको विश्लेषण हुनुपर्छ, अर्कोतिर प्रशासनिक सुधारले मात्रै नेपालको आर्थिक-सामाजिक रूपान्तरण सम्भव छैन । समग्र अर्थ-राजनीतिक रूपान्तरणका लागि वर्तमान परिवेशको समीक्षा, विश्लेषण र समाधानको विकल्प दिने स्पष्ट वैचारिक दृष्टिकोण चाहिन्छ ।

वैचारिक प्रस्टताबिनाको सुधारबाट समाजले खोजेको आर्थिक-सामाजिक रूपान्तरण सम्भव छैन । लोकरिझ्याइँको वैचारिकीले सामाजिक-आर्थिक रूपान्तरण गर्न सक्दैन, देशलाई अग्रगतिमा लैजान पनि सक्दैन । अन्ततः यो पनि जनतामा निराशाकै निरन्तरता दिने यात्रामा रूपान्तरित हुन्छ ।

जब कुनै व्यक्तिले जनताको मतको प्रयोग दम्भ, अहंकार र निरंकुशतालाई वैधता दिने विधिका रूपमा गर्छ, त्यस्ता शासक जनताको पहुँचमा हुँदैनन् र जनताप्रति जवाफदेही पनि हुँदैनन् । उनीहरू आफ्नो तजबिजीमा शासनसत्ता चलाउँछन् । राजनीतिक परामर्श, छलफल र विमर्श आवश्यक ठान्दैनन् । आफ्नो निर्णय नै 'अन्तिम' ठान्छन् र अनुयायीहरू त्यसको समर्थनमा ताली बजाउन बाध्य हुन्छन् । यस्तो शासनमा फरक मत वर्जित हुन्छ, आलोचनात्मक टिप्पणी र सुझाव अस्वीकार्य हुन्छन् ।

जब युवाका आशा, अपेक्षा र सपनामाथि युवा नेतृत्वबाटै कुठाराघात हुन्छ, स्वाभाविक रूपमा युवाले त्यसको प्रतिरोध गर्छ नै ।

युवालाई आशा थियो- 'जान्नेलाई छान्ने' 'मेरिटोक्रेसी' को नारासहित सरकार सञ्चालनमा आएको रास्वपा र सरकारले यो सिद्धान्तलाई आत्मसात् गर्नेछन् । विषयविज्ञको मन्त्रीमण्डल हुनेछ । राजनीतिक, परराष्ट्र वा कूटनीतिक मामिलामा परिपक्वता देखिनेछ र समाजका विभिन्न समुदाय 'देश बनाउने टिम' मा समावेश हुनेछन् । भूमिहीनले राज्यबाट भूमि पाउनेछ र सहज जीविकोपार्जन गर्नेछ । बिचौलियाको ठगीबाट बचिनेछ । आफ्नै देशमा रोजगारी पाइनेछ र ठगिँदै विदेशमा सस्तो श्रम बेच्न जानुपर्ने बाध्यताबाट मुक्त भइनेछ । वालेन्द्रको एक्सप्रेस गाडीले गरिब, श्रमजीवी र मजदुर किच्ने छैन र दुःख-संकट समाधान गर्नेछ । सहकारीबाट ठगिएकाले न्याय पाउनेछन्, मिटरब्याजपीडितले राहत पाउनेछन् । श्रमको सम्मान हुनेछ । तर त्यसो भइरहेको छैन ।

तुरुन्तै परिणाम चाहने नवयुवा परिस्थितिको समीक्षा गरी आवश्यक नयाँ बाटो हिँड्न सधैं तयार देखिन्छन् ।

# सामाजिक सञ्जालमा निसासिएको लोकतन्त्र



विख्यात खत्री

(खत्री 'संघीय बहसमा युवा' का अध्यक्ष हुन्)

जनतामा निहित सार्वभौमसत्ता र स्वतन्त्र नागरिकको सर्वमान्य सिद्धान्तमार्फत नै लोकतन्त्रको प्रादुर्भाव भएको हो । यस व्यवस्थाले राज्यलाई जनतासँग सामाजिक करारमा बाँधेको हुन्छ । विश्व इतिहासमा लोकतन्त्रको विकासक्रम निकै तीव्र गतिले भएको हुँदा जनआकांक्षाबमोजिम यसले अनेकौं सिद्धान्तलाई आधारभूत सिद्धान्तका रूपमा समाविष्ट गर्‍यो । त्यसैले लोकतन्त्रको आधारशिला जनतामा निहित सार्वभौमसत्ता र नागरिक स्वतन्त्रतामै सीमित रहेन ।

लोकतन्त्र आवधिक चुनाव, जनताको शासन, बहुलवाद, मतभिन्नता र विचारको सामञ्जस्यता स्वीकार गर्ने सामाजिक व्यवस्थाका रूपमा स्थापित हुन पुग्यो । लोकतन्त्रको सुन्दरता यसको गतिशीलता र समावेशी सामञ्जस्य चरित्र हो, जसले सबै खालका वैचारिक विविधता समेट्छ । लोकतन्त्रमा फरक विचार र मतभिन्नतालाई लोकतान्त्रिक पद्धतिको बहुआयामिक चरित्रका रूपमा स्वीकार गरिन्छ । यस व्यवस्थामा फरक मतले समेत सम्मान पाउँछ र आलोचनालाई स्वाभाविक सुझावका रूपमा ग्रहण गरिन्छ । त्यसैले यस व्यवस्थामा बहुलवादी, विविधतायुक्त समाज र यसको विचारधाराबीच पनि सामञ्जस्यता कायम रहन्छ ।

लोकतन्त्रमा मतभिन्नता र वैचारिक द्वन्द्व निःसर्त अंगीकार गरिएकाले यस व्यवस्थामा वैचारिक घर्षण रहिरहन्छन् । वैचारिक मतभिन्नताले समाजमा द्वन्द्व सिर्जना गर्नुको साटो नयाँ रचनात्मक बहसको उत्पत्ति हुन्छ, जसले पुनः लोकतन्त्रको उन्नयनको मार्ग खोल्छ ।

अब विश्वभरि नै सामाजिक सञ्जाल लोकतन्त्र र राजनीतिक विमर्शको साझा चौतारीका रूपमा स्वभावसिद्ध स्थापित छ । विशेषतः युवा पुस्ता र सामान्य नागारिकलाई लोकतान्त्रिक बहस अनि जवाफदेहिता माग गर्ने सहज मञ्च बनेको छ- सामाजिक सञ्जाल । नेपालमा पनि जेन-जी आन्दोलनपश्चात् सामाजिक सञ्जाल विचार-विमर्शको केन्द्रविन्दु बन्न पुग्यो, जसले लोकतन्त्रको सुसूचित हुने र रचनात्मक विरोध गर्ने आयाममा टेवा पुर्‍यायो । तर, अल्गोरिदम, कृत्रिम बुद्धिमताको बढ्दो प्रयोग र अपूर्व राजनीतिक ध्रुवीकरणका कारण यो थलो छिट्टै लोकतान्त्रिक मूल्य-मान्यताको नरसंहार हुने युद्धभूमिमा परिणत भएको छ । नेपालमा नागरिक चेतनाको कमी र अल्गोरिदम दुरुपयोगका कारण सामाजिक सञ्जाल लोकतान्त्रिक व्यवस्थामा अवनतिको मार्गचित्र कोर्ने साधन बन्न पुगेको छ । सामाजिक सञ्जाल घृणा, द्वेष र भ्रमको खेती गर्ने असामाजिक थलो बनेको छ, जहाँ मतभिन्नताले गाली र विमर्शले अपमान पाउँछ ।

लोकतन्त्रको आधारभूत मूल्य-मान्यता, अभिव्यक्ति स्वतन्त्रता, मतभिन्नता र रचनात्मक आलोचनालाई कथित सामाजिक सञ्जालमा निकृष्ट, असामाजिक र असभ्य गालीले निरुत्साहित गरिन्छ । दिग्भ्रमित पार्ने सूचना व्याप्त हुनु र नागरिकले तथ्य विवेचना नगरीकन सामाजिक सञ्जाल उपयोग गर्दा यो नकारात्मकता सञ्जालको स्थायी सामाजिक चरित्रमा परिणत हुने डर छ ।

सामाजिक सञ्जाल साध्य होइन, साधन हो । यसको प्रयोग हाल लोकतान्त्रिक अवनतिको मार्गमा हुँदै छ । सामाजिक सञ्जालमा अल्गोरिदमद्वारा विवेक जकडिएका मानिस भयानक असामाजिक भएका छन् । उनीहरू असभ्य भाषा र व्यक्तिगत गाली गलौजमार्फत सामान्य नागरिकको राजनीतिक आस्था, चेत र विचारमाथि प्रहार गर्छन् । विशेषगरी महिला तथा अन्य सीमान्तकृत वर्गलाई व्यक्तिगत आक्षेप लगाई चरित्र हत्यासहित भय सिर्जना गर्ने र उनीहरूको मतभिन्नता अभिव्यक्त गर्ने आँटलाई सामाजिक सञ्जालमा निस्तेज पार्ने प्रवृत्ति नै बनेको छ ।

हरेक तप्कामा डर फैलाउने, सामान्य नागरिकलाई दिग्भ्रमित बनाउने र समाजमा संवादहीनता निम्त्याउने सामाजिक सञ्जालको असामाजिक आयामले नेपालको लोकतन्त्रको स्वास्थ्यमा गम्भीर असर पारेको छ

सामाजिक सञ्जालले निर्माण गरेको 'हुँडार प्रवृत्ति' ले नियमित र विवेकपूर्ण अभिव्यक्ति दिन पनि नागरिक डराउन थालेका छन् । मानिसहरू अब कुनै कुरा बोल्नुअघि सामाजिक सञ्जालको प्रतिक्रियाबारे सोच्छन्, जसकारण लोकतान्त्रिक विवेक नागरिकको मानसपटलमै निसासिएको छ । सामाजिक सञ्जालका कारण हाम्रा लोकतान्त्रिक आयामहरू निसासिएको छ । सामाजिक सञ्जालको बृहत् सामाजिक दुष्प्रभाव देखिनुको प्रमुख जिम्मेवार नेपालको हालका राजनीतिक सरोकारवाला हुन् भने हाम्रो कमजोर नागरिक चेतना पनि हो । यही कमजोर नागरिक चेतनाको फाइदा उठाउँदै राजनीतिक सरोकारवालाले सामाजिक सञ्जाललाई भावनात्मक युद्धभूमिका रूपमा प्रयोग गरेका छन् । र, लोकतान्त्रिक बहस, तर्क, विचार-विमर्श क्रमशः अल्गोरिदम र साइबर सेना (हुँडार जस्ता) बाट सिर्जित घृणा, विभाजन अनि शत्रुताले विस्थापित हुँदै छ ।

नेपालमा सामाजिक सञ्जालभरि फरक विचार, चरित्र र आस्थाको द्वन्द्व छरपस्ट छ । यो देखापरेको द्वन्द्व हेगेलको द्वन्द्ववादभन्दा पूर्ण फरक छ । किनभने यहाँ वैचारिक द्वन्द्व नभई भावनात्मक हिसाबमा वादको गुणगान र प्रतिवाद निरीह बनाउने दूषित मनसाय मात्रै छ । यो दूषित मनसायबाट प्रेरित सामाजिक सञ्जाल घृणाजन्य अभिव्यक्ति फैलाउने, चरित्र हत्या गर्ने र दैवीकरणको साधनका रूपमा स्थापित छ । अभिव्यक्ति स्वतन्त्रता, खुला वैचारिक संवाद र रचनात्मक विरोध सामाजिक सञ्जालमा निषेधित छ । सामाजिक सञ्जालमा सिर्जित घृणा-भाष्यद्वारा जनता दिग्भ्रमित र ध्रुवीकृत छन् । जनताका मनमा कटुता र तिक्तता मात्रै भरिएको यो समय नकारात्मकता, छुद्रता र असहिष्णुताका लागि उर्भर सिद्ध भएको छ- सामाजिक सञ्जाल । यसले खुला संवाद र विमर्श गर्ने वातावरण बन्नै कठिन भएको छ ।

यस्तो स्थितिमा सामाजिक सञ्जालले पक्षपोषण गरेको घृणा र विभाजनमार्फत समाज अनि राजनीतिक वृत्त झनै ध्रुवीकृत छ । यसको प्रत्यक्ष र दूरगामी प्रभाव हाम्रो लोकतान्त्रिक मूल्य-मान्यतामा देखिने निश्चित छ । नेपालमा हाल फरक विचार र मतभिन्नतालाई असभ्य ढंगले निषेध गर्ने र आफू-प्रिय वैचारिक धारको अतिरञ्जना गर्ने प्रवृत्ति बढ्नुले पनि यो सिद्ध गर्छ ।

सामाजिक सञ्जालमा व्याप्त छुद्रता, असहिष्णुता र निर्मम चरित्र हत्या गर्ने प्रवृत्तिले राजनीतिक बहस, सार्वजनिक विमर्श र मतभिन्नता जाहेर गर्न नागरिक डराइरहेका छन् । स्थिति यति विकराल छ कि बृहत् नागरिक समाज नै यो निकृष्टताको डर र त्रासले खुला रूपमा बोल्न सकेको छैन । तिनले आफैंमाथि 'सेल्फ सेन्सरसिप' लगाइरहेका छन् । अभिव्यक्तिको नीतिगत र राजनीतिक तादात्म्यताका आधारमा यसको र त्यसको झोले भन्नेदेखि कपोलकल्पित चरित्र हत्याको डरका कारण नबोल्नु नै उचित ठान्ने प्रवृत्ति बढेको छ ।

डर, त्रासका कारण नागरिक समाजले खुला विमर्श, मतभिन्नता जाहेर र राजनीतिक बहसको संस्कारमै आत्मबन्देज लगाएको छ । संवादले लोकतन्त्रमा प्राण फुक्छ र मतभिन्नताले जवाफदेही लोकतान्त्रिक व्यवस्थाको उन्नयनतर्फ अगाडि बढाउँछ भन्ने नागरिक समाज सामाजिक सञ्जालको गालीगलौज र डरका कारण लोकतान्त्रिक विवेकलाई नै बन्धक राख्न बाध्य छ । हरेक तप्कामा डर फैलाउने, सामान्य नागरिकलाई दिग्भ्रमित बनाउने र समाजमा संवादहीनता निम्त्याउने सामाजिक सञ्जालको असामाजिक आयामले नेपालको लोकतन्त्रको स्वास्थ्यमा गम्भीर असर पारेको छ । यसलाई यथाशीघ्र रोक्नु जरुरी छ ।

जनताको विवेक र वैचारिक बहसले लोकतन्त्रलाई जीवन्तता दिन्छ । लोकतान्त्रिक समाजमा नयाँ विचारको आलोक हुनु र कायम विचारमा बहस हुनु अनित्य प्रक्रिया हो । लोकतन्त्रले कुनै विचारलाई शाश्वत सत्यका रूपमा होइन- सार्वजनिक बहस, तर्क, अनुभव र जनमतको निरन्तर परीक्षणबाट परिवर्तन हुन सक्ने अवधारणाका रूपमा हेर्छ । त्यसैले बहुमतलाई मन नपर्ने विचार अलोकप्रिय हुन सक्छ तर प्रथम दृष्टिमा गलत हुँदैन किनकि यही विचारको चुनौतीले नै लोकतन्त्र परिस्कृत बनाउँछ । अतः विचार सही हो वा गलत ? त्यसको मूल्यांकन सभ्य सार्वजनिक बहसबाटै हुनुपर्छ । यही लोकतान्त्रिक विवेक हो । यो लोकतान्त्रिक विवेकलाई सामाजिक सञ्जालमा फैलाइएको भाष्य र निकृष्ट अभिव्यक्तिले निरुत्साहित पार्दै लैजानु दुर्भाग्यपूर्ण छ ।

यो स्थिति पछाडिको प्रमुख जिम्मेवार सम्पूर्ण राजनीतिक सरोकारवाला हुन् । त्यसैले तिनले एकमुष्ट आत्मआलोचना गर्दै सकल कार्यकर्तास्तरमा राजनीतिक सहिष्णुता, सौहार्द र असल राजनीतिक संस्कार प्रवर्द्धनमा ध्यान दिनुपर्छ । सामाजिक सञ्जाल नयाँ युगको विमर्शको थलो भएकाले यसलाई सभ्य सार्वजनिक बहस र निर्बाध वाणी स्वतन्त्रताको केन्द्र बनाउँदै लोकतन्त्रमा प्राण भर्नुपर्छ ।

लोकतन्त्रको जग हल्लाउने सामाजिक सञ्जालले व्यक्तिगत या राजनीतिक हिसाबमा कसलाई कति असर या फाइदा पुग्यो ? त्यो मूल्यांकन भविष्यमा होला/नहोला । तर, प्रथम दृष्टिमा यो अवस्थाले नेपाली समाजको राजनीतिक चेत, मतभिन्नता जाहेर गर्ने आँट, प्रमाणमा आधारित आलोचना र वैकल्पिक विचारको अभिव्यक्तिजस्ता लोकतन्त्रको आधारभूत सिद्धान्त नै सामाजिक सञ्जालमा निसासिएको छ ।

# सुशासन चुनौती : निर्वाचित र 'स्थायी' सरकारबीच बढ्दो दूरी

सुशासनका लागि मन्त्रीको ताजा दिमाग अनि कर्मचारीको विज्ञता र अनुभवको योग हुनुपर्छ । निर्वाचित सरकार 'चेन्ज स्पोन्सर' हो र कर्मचारीतन्त्र 'चेन्ज एजेन्ट' । यी दुईबीच लय मिलेन भने र ती एकअर्काका प्रतिस्पर्धीझैं देखिए भने जनताले परिवर्तनको अनुभूति गर्न सक्दैनन् ।



उमेशप्रसाद मैनाली

(मैनाली लोक सेवा आयोगका पूर्वअध्यक्ष हुन्)



संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअगाडि गत असारमा विरोध प्रदर्शनमा उत्रिँदै करारका कर्मचारी । तस्बिर : कान्तिपुर

लोकतान्त्रिक होस् कि समाजवादी, शासकहरू तानाशाही हुन् कि उदार- देशको राजनीतिक प्रणालीका सबैखाले व्यवस्थामा राज्यका सेवा वितरण गर्ने संयन्त्र आवश्यक हुन्छन् । त्यसैले समुदायमा बस्ने चाहना हुनासाथै मानिसले सामूहिक चासोका काम गर्न छुट्टै संयन्त्र बनाएका उदाहरण छन् । सत्तरी हजार वर्षपहिले नै यस्तो संस्थाको जन्म भएको इतिहासकार मान्छन् । युवाल नोआ हरारीले आफ्नो प्रख्यात पुस्तक 'सेपियन्स' मा ईशापूर्व ३ हजार वर्षपहिले नै आंशिक लिपिको विकाससँगै कर पञ्जीकरण र अन्य राज्यका कामका लागि जटिल कर्मचारीतन्त्रको जन्म भएको मानेका छन् ।

आधुनिक राज्यमा राजतन्त्र, समाजवाद, लोकतन्त्र, सैनिक तानाशाहीजस्ता शासन व्यवस्था अवलम्बन गरिए । तर, ती सबै व्यवस्थामा शासकका इच्छा कार्यान्वयन गर्न कर्मचारीतन्त्र आवश्यक ठानियो । राजनीतिक प्रणाली र शासकको शैलीअनुरूप कर्मचारीतन्त्रको स्वरूप भने फरक-फरक हुन थाल्यो । कम्युनिस्ट देशहरूमा सोभियत संघले लागू गरेको पार्टीका सदस्य मात्रै नियुक्त हुने 'नोमेन्क्लाटुरा' मोडल अवलम्बन गर्न थालियो । लोकतान्त्रिक भनिने देशमा बेलायती 'ह्वाइटहल मोडल' को 'मेरिट' मा आधारित मोडल लागू भयो । फ्रान्स, जर्मनी र संयुक्त राज्य अमेरिकामा मेरिट र राजनीतिक नियुक्तिको मिश्रित व्यवस्थाको कर्मचारीतन्त्र लागू भएको देखिन्छ ।

राम्रो शासनका लागि मन्त्रीहरूको ताजा दिमाग अनि कर्मचारीहरूको विज्ञता र अनुभवको योग हुनुपर्छ । निर्वाचित सरकार 'चेन्ज स्पोन्सर' हो भने कर्मचारीतन्त्र 'चेन्ज एजेन्ट' । यी दुईबीच लय मिलेन भने र ती एकअर्काका प्रतिस्पर्धीझैं देखिए भने जनताले परिवर्तनको अनुभूति गर्न सक्दैनन् । त्यसैले अमेरिकी राजनीतिज्ञ हेनरी क्लेले भनेका थिए, 'सरकार 'ट्रस्ट' हो र कर्मचारीहरू 'ट्रस्टी' हुन्, यी दुवै जनताको हितका लागि सिर्जना गरिएका हुन् ।' यी दुईले एकअर्काका लागि सहयोगीका रूपमा काम गरेनन् भने वा आफ्ना वैधानिक भूमिका उल्लंघन गर्न थाले भने शासनमा असन्तुलन सिर्जना हुन्छ ।

त्यसैले कर्मचारीतन्त्र र राजनीतिक दलका कार्यकर्ताबीच खासै फरक नहुने कम्युनिस्ट देशमा समेत निर्वाचित सरकार र कर्मचारीतन्त्रबीच तनाव सिर्जना भएका उदाहरण छन् । लेनिन आफ्नो शासनको उत्तरार्धमा रुसको कर्मचारीकरणबाट रुष्ट थिए, ट्रटस्कीले 'समाजवादको भविष्यका लागि कर्मचारीतन्त्र ठीक गर्नुपर्छ' भनेका थिए, टिटोले 'दलका सुविधाप्राप्त कर्मचारीहरू नयाँ बुर्जुवा हुन्' भनेर आक्रोश पोखेका थिए । फ्रेन्च क्रान्तिअघि मन्टेस्क्युले फ्रान्सको जागिरदारबारे लेखेका थिए, 'एउटा महान् जागिरदार त्यो हो, जो सम्राट्सँग भेट्ने गर्छ, उनका मन्त्रीहरूसँग कुरा गर्छ र जसले पेन्सन पाउँछ ।' बन्द समाज र विकासमा पछि परेका देशहरूमा कर्मचारीतन्त्रमाथि नियन्त्रण कमजोर हुने हुँदा यसले आफ्नो नायकत्व स्थापना गरी 'कर्मचारीतन्त्रको साम्राज्य (ब्युरोक्रेटिक अफिसियल्डम)' कायम गर्न खोज्छ । त्यसैले यो संस्थाको विरोध भएको हो ।

कर्मचारीतन्त्रको अर्को सकारात्मक पाटो पनि छ- आधुनिक कर्मचारीतन्त्र राज्यको स्थायी संयन्त्र हो । यसले कानुन कार्यान्वयन गरी समाजलाई व्यवस्थित तुल्याउँछ, नीति र कार्यक्रम कार्यान्वयन गरी वाचा गरिएका सेवा जनतामा वितरण गर्छ, समाजको द्वन्द्व समाधान गरी सामाजिक सद्भाव कायम गराउँछ । यसले लोकतान्त्रिक अधिकारका लागि जनतालाई पहुँच दिएर लोकतन्त्र वितरण गर्छ । यसले जनताका सामाजिक मागहरू नीति-निर्मातासम्म पुर्‍याइदिने 'बफर रोल' समेत खेल्नुपर्छ भन्ने मान्यता छ । अझ लोकतन्त्रमा त यो संस्थाको ज्यादै बढी महत्त्व हुन्छ । प्रतिनिधिमूलक लोकतन्त्रमा जनताका निर्वाचित प्रतिनिधि र योग्यताका आधारमा नियुक्त कर्मचारीलाई जनताले अधिकार एवं स्रोत साधन दिएका हुन्छन् । राज्य तीन घोडाको रथ (कार्यकारिणी, व्यवस्थापिका र न्यायपालिका) हो । र, यी तीनै घोडा कर्मचारीतन्त्रबेगर नचल्ने भएकाले यसलाई 'राज्यको चौथो शाखा' भन्ने गरिएको हो । निर्वाचितहरूले नीति बनाउँछन् र यसले कार्यान्वयन गर्छ । यसले राजनीतिक नेतृत्वलाई तटस्थ विज्ञ परामर्श दिन्छ, राजनीतिक र अन्य संकटबाट राज्यका अन्य अंग निष्क्रिय रहेका बेला कर्मचारीतन्त्रले 'अटोपाइलटिङ' को काम गरी राज्य असफल हुन दिँदैन । यो संस्थाको यही महत्त्व बुझेर प्रिन्सटन युनिभर्सिटीका प्राध्यापक इज्रा सुलेमेनले भनेका छन्, 'सार्वजनिक सेवा यस्तो साधन हो, जसबाट लोकतन्त्र बलियो वा कमजोर हुन्छ, यसको अभाव वा अकुशलता वा राजनीतीकरणले समाजको सुशासनमा असाधारण प्रभाव पार्छ ।'

राजनीतिक नेतृत्वले नीति निर्माण, लक्ष्य निर्धारण, मूल्यांकनका मापदण्ड तय पार्छ भने कर्मचारीतन्त्रले कार्यान्वयन, तथ्य, साधन, प्रक्रिया र संरचनासँग सरोकार राख्छ । कानुन र नीति कार्यान्वयनको मुख्य जिम्मेवारी कर्मचारीहरूको भएकाले 'राजनीतिज्ञहरू राज गर्छन्, कर्मचारीहरू शासन गर्छन्' भन्ने गरिन्छ । कर्मचारीतन्त्र जति अलोकप्रिय भए पनि यो संस्थाबेगर शासकीय कार्य सम्भवै हुँदैन । यसको विकल्प 'प्रतिकर्मचारीतन्त्र (काउन्टर ब्युरोक्रेसी)' हो अर्थात् सुधारिएको कर्मचारीतन्त्र । त्यसैले 'कर्मचारीतन्त्र मर्‍यो, कर्मचारीतन्त्र जिन्दावाद' भन्ने भनाइ मननीय छ- बेलायतको राजसंस्थालाई भनेजस्तो ।

अहिले प्रशासन र निर्वाचित सरकारबीच सुमधुर सम्बन्ध देखिएको छैन, जुन देशका लागि शुभ लक्षण होइन । यी दुई वर्ग एकअर्काका परिपूरक हुन् । राजनीतिक नेतृत्व कर्मचारीतन्त्रको 'बायोलोजिकल प्यारेन्ट' हो, त्यसैले कर्मचारीतन्त्रले 'मदर डिस्सिप्लेन' मा काम गर्नुपर्छ । राजनीतिक नेतृत्वमा रहनेले बुझ्नु जरुरी छ- तिनका राजनीतिक इच्छाहरूको कार्यान्वयन कर्मचारीतन्त्रबेगर हुनै सक्दैन । त्यसैले 'कार्यकारी नेतृत्वको विचारधारा' अवलम्बन गर्ने संयुक्त राज्य अमेरिका, जर्मनी, फ्रान्सजस्ता देशले पनि तटस्थ औजारका रूपमा प्रभावकारी कर्मचारीतन्त्र निर्माण गरेका छन् । यदि हुँदो हो त ती आफ्नै कार्यकर्ता र आसेपासेबाटै प्रशासन चलाउँथे होलान् । सार्वजनिक सेवाको जटिलता र सेवा वितरणमा निष्पक्षताको मागले विज्ञ तथा अनुभवी व्यक्ति आवश्यक भएरै एउटा छुट्टै स्थायी संयन्त्र चाहिएको हो । यो संस्थाको जन्म र आयु सरकारको इच्छामा निर्भर हुँदैन । यसको आफ्नै जीवन हुन्छ र राज्यको एक अवयवका रूपमा रहिरहन्छ । निर्वाचित प्रतिनिधिहरूको संविधानसम्मत र विधिसम्मत निर्णयको इमानदारीपूर्वक कार्यान्वयन गर्नु यस संस्थाको काम हो ।

नेपालमा राजनीति गर्नेहरू कर्मचारीतन्त्रप्रति प्रायः सकारात्मक देखिएका छैनन् । उनीहरू अभिभावकीय भूमिका निर्वाह गर्नुपर्नेमा 'अविवेकी अभिभावक' जस्ता देखिएका छन् । सात सालको परिवर्तनपछि राणाकालीन कर्मचारीहरू हटाउने नाममा 'स्क्रिनिङ कमिटी' बनेको थियो, जुन टंकप्रसाद आचार्य प्रधानमन्त्रीबाट हटेसँगै तुहियो । ०१७ सालमा शासनसत्ता हातमा लिएपछि राजा महेन्द्रले लोक सेवा आयोग नै तीन महिना निलम्बन गरी ठूलो संख्यामा कर्मचारी हटाए र आफूप्रति बफादारलाई कर्मचारीतन्त्रमा भित्र्याएका थिए । त्यसपछिको पञ्चायतकालमा भने महेन्द्रले 'प्रशासकीय राज्य' को अवधारणाअनुरूप कर्मचारीकै सहयोगमा राज्य चलाए । बहुदलीय व्यवस्थाको पुनःस्थापनापछि आफूनिकटका कर्मचारी युनियनका सदस्यहरू च्यापेर संस्थाभित्र राजनीति गरेका थिए । यो संस्थालाई सबल बनाएर जनताप्रति उत्तरदायी बनाउने प्रयास भएन । अहिलेको सरकार गठन भएपछि कर्मचारीतन्त्र मणि हराएको सर्पजस्तो अवस्थामा देखिन्छ । सूर्यबहादुर थापाले कर्मचारीलाई सम्बोधन गर्दा भनेका थिए, 'तपाईंहरू पवनपुत्र हनुमान हुनुपर्नेमा लुरे बाँदर हुनुभएछ ।' उनले भनेजस्तै कमजोर र सात्तो गएको कर्मचारीतन्त्रले कस्तो नवप्रवर्तनमार्फत प्रशासनमा आमूल परिवर्तन गर्न सक्छ ?

राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रबीचको सम्बन्ध तनावपूर्ण वातावरणमा बन्ने गर्छ । यो अति नराम्रो पनि हुन सक्छ वा अति रचनात्मक पनि । तर, यो मालिक र दासजस्तो अवस्थामा वा भय र पीडाको अवस्थामा राम्रो हुन सक्दैन । राजनीतिक नेतृत्वले पद लिनासाथै पहिलो शंका कर्मचारीतन्त्रप्रति गर्छ । आफूले जनतालाई दिएका वाचा कर्मचारीहरूले इमान्दारीपूर्वक कार्यान्वयन नगर्ने हुन् कि भन्ने शंका उनीहरूमा हुन्छ । यसबारे बेलायतको 'बीबीसी' ले प्रसारण गरेको धारावाहिक 'एस मिनस्टर' मा एउटा व्यङ्ग्यात्मक वार्तालाप चर्चित छ, 'विपक्षी दलहरू खासै विपक्षी होइनन्, तिनीहरू बाहिरका सरकार हुन्, कर्मचारीतन्त्र घरभित्रको विपक्षी हो ।'

यस्तै मनस्थिति नयाँ सरकारमा आउनेहरूको देखिन्छ, 'यिनीहरू सुस्त छन्, हाम्रो गतिसँग लय मिलाउन सक्दैनन्, यिनीहरू टाउको नभएका किला हुन्, जसलाई ठोक्न सकिन्छ निकाल्न सकिँदैन ।' यस्ता आरोप राजनीतिक नेतृत्वले लगाउने गर्छन् । 'राजनीतिज्ञहरू स्वार्थी छन्, हाम्रो परामर्श सुन्दैनन् र दोष कर्मचारीलाई थोपरेर आफू चोखो हुन खोज्छन्' भन्ने आरोप कर्मचारीहरूको छ । ह्यारोल्ड लास्कीको 'लाइटेनिङ रड थ्योरी' ले यही भन्छ कि राजनीतिज्ञहरू उत्तरदायित्व कर्मचारीहरूमा सारेर उम्किन खोज्छन्, तर यो सधैं सम्भव हुँदैन ।

राजनीतिज्ञहरू जब कर्मचारीमाथि विश्वास गर्दैनन्, तब ती यो संस्थालाई कमजोर बनाउने रणनीति अवलम्बन गर्छन् । उच्च पदस्थ कर्मचारीले गर्ने काम सल्लाहकार, विज्ञ वा कन्सल्टेन्टबाट गराएर उनीहरूको भूमिका खुम्च्याउन थाल्छन् । नेपालमा अहिले यस्तै देखिँदै छ । अन्य देशमा पनि यस्तै अभ्यास नभएको होइन । बेलायतमा थ्याचर, संयुक्त राज्य अमेरिकामा रेगन र क्यानडाका मुलरोनी यस्तै कर्मचारीतन्त्रका कट्टर आलोचक थिए । उनीहरूले सरकारमा रहँदा स्थायी कर्मचारीतन्त्र कमजोर पार्न निजी क्षेत्रलाई अन्धाधुन्ध प्रत्यायोजन गरेका थिए । मार्गरेट थ्याचरले त मार्क एण्ड स्पेन्सरका दारेक रेनरलाई सल्लाहकारमा र रबिन्स एब्सलाई इफ्सेन्सी युनिटको प्रमुख नियुक्त गरेकी थिइन् । निजी क्षेत्रमा सफल यी दुईले निजी क्षेत्रको अभ्यास सरकारी सेवामा भित्र्याउने नाममा कारागारसमेत ठेक्कामा दिएका थिए । तर, यी सबै अभ्यास असफल मात्रै होइन, 'डिजास्टर' नै साबित भयो । त्यसपछि 'सरकार व्यापार होइन' भन्ने नाराले काम गर्न थालेको थियो ।

कर्मचारीतन्त्रबारे नवीन प्रयोग गर्नेमा अग्रणी मानिएको न्युजिल्यान्डले अहिले अर्को अवधारणा अगाडि ल्याएको छ, नयाँ सार्वजनिक सम्मोहन (न्यु पब्लिक प्यासन)- कर्मचारीहरूको काम गर्ने वातावरण सुधार गरी फूलमा मौरी झुमेजस्तै कामप्रति माया हुने बनाएर आन्तरिक उत्प्रेरणा जगाउने । 'दण्ड-पुरस्कारको प्रभावकारी व्यवस्थाबाट बाह्य उत्प्रेरणाको व्यवस्था गरे मात्रै प्रशासन प्रभावकारी हुने' उनीहरूको निचोड छ ।

प्रचण्ड बहुमतको सरकार बनेपछि जनआकांक्षाको दबाबले दमकल शैलीमा काम गर्न खोज्नु स्वाभाविकै हो । भनाइ छ, 'पहिले दौडिने त्यसपछि बिस्तारै हिँडने (फस्ट स्प्रिन्ट देन म्याराथन)' । तर, के पनि भनाइ छ भने, 'तिमी चाँडै हिँड्न चाहन्छौ भने एक्लै हिँड, टाढासम्म पुग्नु छ भने अरूसँगै हिँड ।' सरकारलाई चाँडो हिँड्ने हतार थियो, त्यसैले अन्य संस्थासँग हिँड्न नचाहेको हो कि जस्तो देखिन्छ । लोकतन्त्र लोकसम्मतिमा चल्छ र यो लोकसम्मति निर्वाचित प्रतिनिधिमा मात्रै प्रतिबिम्बित हुँदैन, बरु संविधानले व्यवस्था गरेका अन्य संस्था (जुन सुशासनका पात्र हुन्) मा पनि प्रतिबिम्बित हुन्छ ।

राज्य सञ्चालनमा नियन्त्रण र सन्तुलन कायम राख्ने राज्यका तीन अंग, सरकारलाई स्वनियन्त्रित र संयमित राख्ने संवैधानिक निकाय र संविधानको प्रावधानअनुरूप गठन भएको सार्वजनिक सेवा- सबैले प्रभावकारी भूमिका निर्वाह गरे मात्रै लोकतन्त्र सबल हुन्छ । अहिले यी संस्थाको मनोबल केही गिरेको देखिएको छ । स्वतन्त्र संवैधानिक पदाधिकारीहरू संविधान र कानुनले नचिनेका व्यक्तिबाट अपमानित हुनु, कर्मचारीतन्त्र आफ्नो तहगत सोपानभन्दा अन्य केन्द्रबाट निर्देशित हुन थाल्नु विधिसम्मत हुँदै होइन । कर्मचारीतन्त्रमा व्यवसायीकरण विकास गर्न जोड दिनुपर्नेमा यसलाई अव्यवसायीकरण गर्न खोजिएको देखिन्छ । यस संस्थाले निर्वाह गर्नुपर्ने भूमिका अब सल्लाहकार, निजी सचिवालय, विज्ञ समूह आदि नामबाट हुन थालेको छ । निजामती सेवा स्थायी 'क्यारियर सर्भिस' हो । उनीहरूको वृत्तिविकास न ज्येष्ठता न योग्यताबाट, नितान्त सरकारको निगाहमा हुन थालेपछि समग्र सेवाभित्रै निराशा छाएको यथार्थ हो । कर्मचारीलाई रचनात्मक अनुशासनमा राख्न सेवा सर्तसम्बन्धी कानुनमा पर्याप्त व्यवस्था छ । तर, सामान्य अनुशासन उल्लंघन गरिएकामा जघन्य अपराधीलाई जस्तो व्यवहार गरिएको विषय प्रशासनिक समाजलाई पच्दैन ।

सचिवले भाग लिनुपर्ने अन्तर्राष्ट्रिय सम्मेलनमा पीएहरू भाग लिन्छन्, गृह प्रशासनबाट हुनुपर्ने सर्वपक्षीय भेलाको संयोजन स्वकीय सचिवहरू गर्छन् भने स्थायी सरकारको के काम ? अझ संवैधानिक र सरकारी निकायको गोपनीयतामा समेत जनप्रतिनिधिले पहुँच खोज्दै छन् । केही सूचना विभागीय मन्त्रीबाट पनि गोप्य राखिन्छ । गुप्तचरसम्बन्धी केही गोप्य सूचनामा प्रशासनको निश्चित तहसम्म मात्रै पहुँच दिइन्छ । अनुसन्धानका केही विषय त्यो नटुंगिएसम्म कसैलाई थाहा दिइँदैन ।

भारतका पूर्वअर्थमन्त्री टीटी कृष्णमाचारीले केन्द्रीय राजस्व बोर्डका अध्यक्ष अरुण रायसँग कुनै करदाताको विवरण माग गरेछन् । अरुणले 'गोप्य सूचना दिन मिल्दैन' भनेछन् । मन्त्रीले 'तिमीले हेरेको मैले किन हेर्न नमिल्ने ?' भनी प्रश्न गरेपछि अरुणले आफू बोर्डको अध्यक्ष भएको र मन्त्री त्यसको सदस्य नभएकाले हेर्न मिल्दैन भनेछन् । तिनै अरुण पछि अर्थ सचिव र भारतका अडिटर जनरल भए । दोस्रो जनआन्दोलनपछिको व्यवस्थापिका संसद्को सार्वजनिक लेखा समितिमा राष्ट्रिय अनुसन्धान विभागको 'मुस्ताङ अपरेसन' को सूचना माग्दा यस पङ्क्तिकारले पनि गोपनीय सूचना भएकाले दिन अस्वीकार गरेको थियो ।

कर्मचारीतन्त्र न पवित्र संस्था हो न खराब, यो एउटा औजार हो र अरू औजारजस्तै मर्मत सुधार गरी उपयोगी बनाउन सकिन्छ । यो काम सरकार प्रमुखको हो । कर्मचारीतन्त्रलाई 'जनताको डार्लिङ' बनाउने र समयानुकूल सुधार गर्ने राजनीतिक नेतृत्वले नै हो । प्रधानमन्त्री र मन्त्रीहरूको स्थायी सल्लाहकार मुख्य सचिव र सचिवहरू नै हुन् । उनीहरूले सुसूचित र व्यावसायिक परामर्श दिन्छन् । मन्त्रीहरूलाई मन नपर्ने सुझाव भए पनि तिनले सुन्न र बुझ्न सक्नुपर्छ । राजनीतिक नेतृत्वलाई विश्वास हुनुपर्छ कि कर्मचारीहरू इमान्दारीपूर्वक नीति कार्यक्रम कार्यान्वयन गर्दै छन् । र, कर्मचारीहरूलाई के विश्वास हुनुपर्छ भने उनीहरू निर्भीक भएर तटस्थ विज्ञ परामर्श दिन सक्छन् । शक्तिमा रहनेले सत्य सुन्न चाहेनन् भने प्रशासकहरू सत्य बोलेर आफ्नो भविष्य बिगार्न चाहँदैनन् । परामर्श नगर्दाको घाटा सरकारलाई नै हुने हो । जे.एस.मिलले आफ्नो प्रख्यात पुस्तक 'अन लिबर्टी' मा भनेका छन्, 'कुनै पनि विचार र आवाज रोक्न हुँदैन किनकि त्यो विचार सत्य हुन सक्छ । रोकिएको विचार गलत छ भने पनि त्यहाँ सत्यको केही अंश हुन्छ ।'

अहिलेको वालेन्द्र शाह सरकार जेन-जी आन्दोलनपछिको अपार जनसमर्थनबाट बनेको हो । त्यसैले नेपाली र विशेषगरी युवामा 'आशा' जगाउने काम यो सरकारको हो । सरकारमा यस्तै आशा जगाउने कामको हुटहुटी देखिएको छ । १०० दिनमा सम्पन्न गर्ने कामको सूची सार्वजनिक गरिएको यसैको उदाहरण हो । त्यसका लागि राज्यभित्र र बाहिरका सुशासनका पात्र जोड्ने 'दाँती र जोर्नी (कग एन्ड नोड)' को काम पनि सरकारकै हो ।

प्रधानमन्त्रीमा मान, सम्मान र मञ्चको लोभ देखिएको छैन । ऐतिहासिक पहिलो सुरुङमार्गको उद्घाटन आफैंले नगर्नु र विदेश भ्रमणमा रुचि नदिनुले वालेन्द्र शाहलाई कामप्रति एकाग्र भएको मान्न सकिन्छ । तर, आफ्नै हात, पाउ, आँखा र कान भनेका सरकारका विविध निकाय हुन् । उनीहरूलाई विश्वासमा लिएर समग्र लक्ष्य हासिल गर्नुपर्छ । चिनियाँ दार्शनिक कन्फ्युसियसका यी भनाइ मननयोग्य लाग्छन्, 'शासन गर्नु भनेको सबै चिज सोझो गराउने हो, यदि तिमीले सोझो नेतृत्व दियौ भने कसले सोझो नहुने साहस गर्न सक्छ ?' यति ठूलो जनमत पाएको सरकारलाई सहयोग नगर्ने साहस कसैले गर्न सक्दैन ।

कर्मचारीतन्त्र सरकारकै चौथो शाखा हो । सरकार र कर्मचारीतन्त्रको सम्बन्ध फुटबल टिमजस्तो हुनुपर्छ- प्रधानमन्त्री टिमको क्याप्टेन, अरू उनको निर्देशनमा खेल्ने खेलाडी । बेसबल टिमजस्तो आफ्नो पोजिसनमा मात्रै बस्ने हो भने कुनै पनि लक्ष्य हासिल हुन सक्दैन । कर्मचारीका मुख्य अभिभावक नै प्रधानमन्त्री हुन्, आफ्ना पीर-मर्का अभिभावकसँग राख्न पाएनन् भने उनीहरूको मनोबल उठ्न सक्दैन । त्यसैले बेलाबेलामा सचिवहरूसँग संवाद हुनैपर्छ । उनीहरूलाई समयबद्ध कार्यसूची दिएर त्यसको मूल्यांकनको मापदण्ड पनि निर्धारण गरिनुपर्छ । कामका आधारमा दण्ड र पुरस्कारको व्यवस्था गर्न सके प्रशासन आफैं लिकमा आउनेछ ।

प्रशासन र निर्वाचित सरकारबीच सुमधुर सम्बन्ध देखिएको छैन, जुन देशका लागि शुभ लक्षण होइन । राजनीतिक नेतृत्वमा रहनेले बुझ्नु जरुरी छ- तिनका राजनीतिक इच्छाको कार्यान्वयन कर्मचारीतन्त्रबेगर हुनै सक्दैन । कामका आधारमा दण्ड र पुरस्कारको व्यवस्था गर्न सके प्रशासन आफैं लिकमा आउनेछ ।

# विद्यालयमा छात्रा सुरक्षाको सवाल



अमृता अनमोल

(अनमोल पत्रकार हुन्)

बालबालिकाका लागि घरपछिको सबैभन्दा सुरक्षित स्थल हो, विद्यालय । बाबुआमापछिका सबैभन्दा भरपर्दा रक्षक हुन्, शिक्षक । तर, शिक्षकले आफ्नै छात्रामाथि यौनजन्य हिंसा र दुर्व्यवहार गरेको घटना सार्वजनिक हुने गरेका छन् । अर्कोतर्फ बालबालिकाले सहजै न्याय पाउने गरेका छैनन् । उनीहरूका उजुरीमा समेत विद्यालय र प्रहरी प्रशासन गम्भीर भएको पाइँदैन । बरु आरोपितलाई नै संरक्षण गरिएको पाइन्छ ।

बुटवलको उजिरसिंह माविका एक शिक्षकले छात्राहरूलाई प्रत्यक्ष तथा सामाजिक सञ्जालमार्फत यौनजन्य दुर्व्यवहार गरेका घटना सार्वजनिक भएको छ । पीडित विद्यार्थीले शिक्षकसँगै र विद्यालय प्रशासनसमक्ष गुनासो गरे । केही नलागेपछि विरोधमा उत्रे । प्रधानाध्यापकको कार्यकक्ष तालाबन्दी गरे । शिक्षक, विद्यालय र उपमहानगरले नसुनेपछि प्रहरीकहाँ पुगे । तर, कागज गराएर पठाइयो । विद्यालयले अझै पनि शिक्षकलाई कारबाही गरेन । यसबीचमा अनेकौं त्रास र दबाबका कारण पीडित छात्रा विछिप्त भइसकेका थिए, उनीहरू न्यायिक प्रक्रियामा अघि बढ्नै डराए ।

त्यस्तै, मोरङको सुकुना माविका तीन शिक्षकले छात्राहरूमाथि यौन हिंसा गरेको घटना सार्वजनिक भयो । शिक्षकत्रयले छात्राहरूलाई सामाजिक सञ्जालबाट यौन लक्षित शब्द प्रयोग गरेर हिंसा गर्थे । भौतिक रूपमा पनि बाटो छेकेर र संवेदनशील अंगमा छोएर यौन दुर्व्यवहार गर्थे । शिक्षकले सामाजिक सञ्जालमा गरेका यौन दुर्व्यवहारका संवाद र शिक्षकको भिडियो पनि सार्वजनिक गरेपछि मोरङ प्रहरीले ४ साउनमा आरोपी शिक्षकहरूलाई नियन्त्रणमा लिएर अनुसन्धान थाल्यो ।

२२ जेठमा बैतडीको कालिका माविका शिक्षक नरेशबहादुर चन्दले कक्षा १० मा अध्ययनरत छात्रालाई विद्यालय परिसरमै यौन दुर्व्यवहार गरे । बालिका कक्षामा एक्लै भएका बेला शिक्षकले यौन दुर्व्यवहार गरेका थिए । यी शिक्षकमाथि यसअघि पनि पटक पटक विद्यार्थीलाई यौन दुर्व्यवहार गरेको घटना विद्यालयले मिलाएको थियो । यो घटना पनि विद्यालयमा मिलाउन खोजेपछि विद्यार्थी प्रदर्शनमा उत्रिए । त्यसपछि बल्ल विद्यालयले आरोपित शिक्षकलाई सेवाबाट बर्खास्त गर्‍यो । विद्यार्थीले न्यायका लागि प्रहरीमा उजुरी दर्ता गरिन् ।

यी केही सन्दर्भ हुन् । विद्यालयमा यौन दुर्व्यवहारका घटना देशव्यापी हुने गरेका छन् । प्रहरी प्रधान कार्यालयको अभिलेखअनुसार देशभरमा भएका यौन हिंसाका घटनामध्ये ५७.३२ प्रतिशत विद्यालय एवं कलेजका छात्रामाथि हुने गरेका छन् । यो तथ्यांक आर्थिक वर्ष २०७९/८० देखि यताको तीन वर्षको हो । शिक्षालयमा यौन हिंसाका घटना बढेपछि पछिल्लो समय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गुनासो दर्ता गर्ने संयन्त्र सञ्चालन गरेको छ । २५ चैतमा सरकारका प्रवक्ता शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले स्टाटससमेत लेखेर मन्त्रालयमा समेत उजुरी गर्न आग्रह गरेका थिए । तर, विद्यालयमा छात्राहरूमाथि यौन हिंसा रोक्ने कुनै काम भएका छैनन् । विद्यालयमा छात्राहरूलाई सुरक्षित बनाउन शिक्षक वा विद्यालय प्रशासनले समेत केही काम गरेको छैन ।



तस्बिर : एआई

शिक्षकले नै छात्रामाथि गर्ने यौन दुर्व्यवहार सामान्य बनाइने हो भने घटना बढ्दै जानेछन् । उनीहरूको पढाइ त प्रभावित हुन्छ नै, जीवनभर मानसिक आघात सहनुपर्छ ।

नेपालको मुलुकी अपराध संहिता, २०७४ अनुसार कुनै व्यक्तिको स्वतन्त्र मञ्जुरीबिना डर, धम्की दबाब, छलकपट वा अधिकारको दुरुपयोग गरी गरिने स्पर्श, अश्लील व्यवहार, यौनजन्य अपमान एवं यौनजन्य कार्यलाई यौन हिंसा मानिन्छ । यौन हिंसा बलात्कार हुनु मात्र होइन, अनुचित रूपमा शरीर छुनु, अश्लील प्रस्ताव राख्नु, यौन आशयका इसारा वा टिप्पणीसमेत यौनजन्य हिंसा हो ।

नेपालको कानुनअनुसार बाल यौन दुर्व्यवहार फौजदारी मुद्दा हो । यसमा राज्यपक्ष आफैं अभियोजन भएर मुद्दा चलाउँछ । बालिका १८ वर्षमुनिको भएमा उनले मुद्दा चलाउँदिनँ वा फिर्ता लिन्छु भनेर पनि हुँदैन । बालिकाको सर्वोत्तम हितलाई मध्यनजर गर्दै राज्यका निकायले मुद्दा प्रक्रिया अगाडि बढाउँछन् । बरु बालिकामाथि डर, त्रास, धम्की वा प्रलोभन पो पारिएको छ कि भन्नेबारेमा अनुसन्धान हुन्छ र त्यस्ता मतियारलाई पनि कारबाही हुने व्यवस्था छ । बालिकाका तर्फबाट अभिभावक, परिवारका सदस्य, शिक्षक, संरक्षक, बालअधिकारसँग सम्बन्धित संस्था वा घटनाबारे थाहा पाएको अन्य व्यक्तिले पनि उजुरी दिन सक्छ । तर, विद्यालयभित्र हुने यस्ता घटनामा अभिभावकदेखि सरोकारवालाले नजरअन्दाज गरिरहेका छन् । यसले बालिकाहरू विद्यालयभित्रै असुरक्षित बनेका छन् । गलत मनसाय राख्ने शिक्षकको मनोबल बढेको छ ।

विद्यालयमा यौन हिंसा हुनु वा विद्यालयका छात्रामाथि यौन दुर्व्यवहारका घटना बढिरहनुमा विद्यालयका शिक्षक सबैभन्दा धेरै दोषी छन् । एक शिक्षकले आफ्ना छात्रालाई यौन दुर्व्यवहारको अपराध गर्दा अरू शिक्षक रमिते बनेका छन् । विद्यालयका महिला शिक्षकसमेत बालिकामाथिको यौन दुर्व्यवहारको न्याय खोज्न उभिएका छैनन् । यसको प्रमुख कारण हाम्रो समाजमा रहेको पितृसत्तात्मक चरित्र हो । हाम्रो पितृसत्तात्मक समाजमा अबोध बालिका यौन हिंसामा परे पनि दोषको कारण उनीहरूलाई नै दिने गरिएको छ । र, पुरुषलाई भने जोगाउने गरिएको छ वा शंकाको सुविधा दिने गरिएको छ । संविधान र कानुनमा जे भए पनि हाम्रो समाजको सोच्ने र चिन्तन गर्ने अभ्यास पुरानै छ ।

विद्यालयमा शिक्षकले बालिकामाथि गर्ने यौन दुर्व्यवहार सामान्य बनाइने हो भने यस्ता घटना बढ्दै जानेछन् । बालबालिकाले कहिल्यै न्याय पाउने छैनन् । उनीहरूका लागि विद्यालय कहिल्यै सुरक्षित हुने छैनन् । उनीहरूको पढाइ त प्रभावित हुन्छ नै, जीवनभर मानसिक आघात सहनुपर्छ । त्यसैले पनि दुर्व्यवहारमा संलग्न शिक्षकमाथिको कारबाहीलाई सुनिश्चित गरिनुपर्छ । शिक्षकहरू, विद्यालय प्रशासन, प्रहरी तथा न्यायिक अंगहरू यस विषयमा संवेदनशील हुनुपर्छ ।

# ड्रोनले बदल्दै युद्ध रणनीति र स्वरूप

**ड्रोनले सर्वसाधारणलाई समेत निसानामा पार्न थालेपछि भविष्यमा चाँडै चेतावनी जारी गर्ने र्‍याडर, साइबर सिल्ड र सार्वजनिक आश्रयस्थलहरू महत्त्वपूर्ण हुने विज्ञहरूको भनाइ**


एएफपी / रासस

काठमाडौं (एजेन्सी)- जर्मनीको लेइपजिग विमानस्थलमा बुधबार अवतरण गरेको स्वचालित ड्रोनमा विस्फोटक पदार्थ रहेको अनुसन्धानबाट खुलेको छ । जर्मन प्रहरीले बम डिस्पोजल रोबोट प्रयोग गरेर यस उपकरणलाई ध्वस्त गरेको थियो ।

बुधबारै जर्मन आकाशमा डीएचएल कार्गो विमान एउटा सानो वस्तुसँग ठोक्कियो । जसकारण, केही समय विमान आकाशमै घुमिरह्यो र अन्ततः हानोभर विमानस्थलमा सुरक्षित अवतरण गर्‍यो । जर्मनीका गृहमन्त्री अलेक्ज्यान्दर डोब्रिन्ड्टले यस विषयमा छानबिन चलिरहेको बताएका छन् । 'यसमा विदेशी शक्ति पनि संलग्न भएका हुन सक्छन् । जसले जर्मनीलाई अस्थिरतामा पुर्‍याउन सक्छन्,' डोब्रिन्ड्टले भने ।

उनले रुसको नाम लिएनन् । तर नेटो र जर्मन सेनाको लजिस्टिक हबका रूपमा चिनिएको यस विमानस्थल युक्रेनको एन्टोनोभ एयरलाइन्सको बेस पनि हो । त्यही कारण यो षड्यन्त्र रुसले रचेको हुन सक्ने धेरैको आशंका छ । बुधबार युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले एउटा त्यस्तो भिडियो सार्वजनिक गरेका छन्, जहाँ एउटा ड्रोनले दक्षिणी युक्रेनमा एक व्यक्तिलाई निरन्तर पछ्याइरहेको छ ।

खेर्सन क्षेत्रको यस भिडियोमा एक सडक व्यापारीलाई ड्रोनले पछ्याइरहेको देखिन्छ । सेतो कारनजिक रहेका ती व्यापारी भाग्ने र लुक्ने ठाउँको खोजीमा छन् । अन्त्यमा, ड्रोन विस्फोट हुन्छ र ती व्यक्ति घाइते हुन्छन् । उनको शरीरमा धेरै चोट रहेको उपचारमा संलग्न चिकित्सकले बताएका छन् । रुसले सर्वसाधारणलाई निसाना बनाइरहेको भन्दै जेलेन्स्कीले घटनाको कडा निन्दा गरेका छन् । उनका अनुसार रुससँग सीमा जोडिएका क्षेत्रका युक्रेनी जनतालाई आतंकित बनाउन खोजिएको छ ।

'संसारले यसलाई हेर्नुपर्छ,' जेलेन्स्कीले टेलिग्राममा लेखेका छन्, 'रुस विक्षिप्त भइरहेको छ । यसका हरेक प्रमाण सबैले हेर्नुपर्छ । रुसी सैनिकहरू सर्वसाधारणलाई मारेर खुसी मनाइरहेका छन्,' जेलेन्स्कीले लेखेका छन् । 'यो भिडियोले क्रूर युद्ध अपराध देखाउँछ,' युक्रेनका विदेशमन्त्री एन्ड्री साइबिहाले भने ।

> **विश्वका एयरफोर्सहरूले अब फरक एरोस्पेस नीति लिइरहेका छन्, जसलाई कोल्याबोरेटिभ कम्ब्याट एयरक्राफ्ट भनिन्छ । यसमा अल्गोरिदमबाट सञ्चालित स्वायत्त एआई ड्रोनहरू प्रयोगमा आउँछन् ।**

केही समयअघिसम्म हलिउड चलचित्रमा ठूला हवाईजहाजहरूले लगातार शत्रुविरुद्ध आक्रमण गरेको देखाइन्थ्यो । अमेरिकाले युद्धमा आफ्नो स्थल सेनाको प्रयोग घटाउने र एयरफोर्सको उपस्थिति बढाउने प्रयास गरिरहेका बेला मूलधारका केही हलिउड फिल्मकर्मीले त्यस्ता विषयमै आधारित रहेर फिल्म निर्माण गरिरहेका थिए । ९ सेप्टेम्बर २००१ मा अमेरिकाका विभिन्न क्षेत्रमा भएका शृंखलाबद्ध आत्मघाती हवाई हमलाका घटनापछि विक्षिप्त भएका अमेरिकीहरूमा आशा जगाउन र आफ्नो फिल्म चलाउन मूलधारका हलिउडका निर्देशकहरूले यस्तो उपाय लगाएका थिए ।

आम अमेरिकी जनताले यस्ता सिनेमा हेरेर एकातर्फ आफ्नो देशमा कुनै आक्रमणको खतरा नरहेको महसुस गर्न सक्थे । अर्कोतर्फ, प्रविधिको विकासमा आफ्नो देशलाई कसैले उछिन्न नसक्ने भन्दै गर्व गर्न सक्थे । टम क्रुजजस्ता अभिनेता उनीहरूका लागि वास्तविक जीवनकै नायकसरह थिए । विज्ञहरू अब त्यस्तो सिनेम्याटिक युग समापननजिक पुगेको बताउँछन् ।

विश्वका एयरफोर्सहरूले अब फरक एरोस्पेस नीति लिइरहेका छन्, जसलाई कोल्याबोरेटिभ कम्ब्याट एयरक्राफ्ट भनिन्छ । यसमा अल्गोरिदमबाट सञ्चालित स्वायत्त एआई ड्रोनहरू प्रयोगमा आउँछन् । यसमा मानिस र स्वचालित ड्रोनहरूले सहकार्य गर्छन् । अर्थात् एआईमार्फत कमान्ड दिएर आक्रमण गरिन्छ ।

अमेरिका, रुस, चीन, बेलायत, टर्की, अस्ट्रेलियालगायत देशहरूले त्यस्ता स्वचालित ड्रोनहरू बनाएर परीक्षण र प्रयोग गरिरहेका छन् । पश्चिम एसियाको युद्ध मैदानमा अहिले इरानले अमेरिकी सैन्य अखडा तथा उसका सहयोगी देशहरूविरुद्ध यस्तै सस्ता ड्रोनहरू प्रयोग गरिरहेको छ । जहाँ, सयौं ड्रोनहरूले एकैपटक हमला गर्छन् ।

अर्कोतर्फ, युक्रेनले पनि छिमेकी रुसविरुद्ध यसरी नै ड्रोनहरूको प्रयोग गरेको थियो । जसकारण पछिल्लो वर्ष रुसलाई आफूले यसअघि कब्जा गरेका भूभाग जोगाउन हम्मेहम्मे पर्‍यो । तर पछिल्ला दिनहरूमा रुसले पनि स्वचालित प्रविधिमार्फत नै जवाफ दिन थालेपछि युद्ध उत्कर्षमा पुगेको छ । रुस र युक्रेन दुवैलाई अहिले शत्रु पक्षका ड्रोनलाई आकाशमै रोक्नका लागि प्रतिरोधी हतियारहरू आवश्यक परेको छ । किनकि, दुवै पक्षले आफ्ना अत्याधुनिक ड्रोन एकअर्काविरुद्ध प्रयोग गरिरहेका छन् ।

युक्रेनले बारम्बार युरोपेली युनियन तथा अमेरिकासँग प्रतिरोधी हतियार सहयोग गर्न आग्रह गरिरहेको छ । 'अहिले सस्ता स्वचालित ड्रोनहरूले धेरै ठाउँमा निसाना लगाइरहेका छन् । ५ हजार वा १० हजार पर्ने ड्रोनलाई खसाल्न लाखौं डलर पर्ने क्षेप्यास्त्र वा फाइटर जेट प्रयोग गर्नु पक्कै व्यावहारिक हुँदैन । त्यसैले अब परम्परागत खर्चिलो शैली काम लाग्दैन । अहिलेको खतरासँग जुध्न देशहरूले नयाँ र सिर्जनात्मक उपायहरू लगाउनुपर्छ । किफायती डिफेन्स प्रणाली निर्माण गर्नुपर्छ,' टर्कीको थिंक ट्यांक समूह एडामका निर्देशक तथा पूर्वकूटनीतिज्ञ सिनन उल्गेनले भने ।

अत्याधुनिक ड्रोनको परीक्षण र प्रयोगलाई लिएर ठूला राष्ट्रहरूले खुसियाली मनाइरहे पनि परम्परागत युद्धजस्तै आधुनिक युद्धको ठूलो मूल्य सर्वसाधारणले चुकाइरहनुपरेको छ । अत्याधुनिक फाइटर जेटजस्तै ड्रोनहरूले पनि अस्पताल र विद्यालयलाई निसाना बनाइरहेका छन् । इजरायलले गाजापट्टीमा गरेको बर्बादीलाई यसैको उदाहरणका रूपमा लिन सकिन्छ । यहाँ अत्याधुनिक ड्रोनहरूले लगातार निजी तथा सार्वजनिक भवनमा आक्रमण गरिरहेका छन् ।

केन्याको सुरक्षा बललाई अमेरिकाले विद्रोही संगठन अल सबाबविरुद्ध आक्रमणका लागि अत्याधुनिक हतियार उपलब्ध गराइरहेको छ । ड्रोनहरूले नै यहाँ विद्रोहीका गढहरू पहिचान र निगरानी गर्छन् । त्यसपछि अमेरिकी सहयोगमा निर्मित सस्ता ड्रोनहरूमार्फत सेनाले आक्रमण गर्छ । यसक्रममा अल सबाबको नियन्त्रण रहेका क्षेत्रमा ठूलो संख्यामा सर्वसाधारणसमेत मारमा परेका छन् । अहिले नेटो, चीन, रुस, इरान वा युक्रेनका सेनामात्रै होइन । विश्वका ठूला आपराधिक गिरोहहरूले पनि ड्रोनको उपभोग बढाइरहेको विज्ञहरू बताउँछन् ।

परम्परागत हतियार बिक्रीमा अमेरिका र रुस अघि रहे पनि ड्रोन आपूर्ति चक्रमा चीनको प्रभुत्व छ । अमेरिका तथा नेटोका प्रतिस्पर्धी देशहरूले प्रयोग गर्ने झन्डै ८० प्रतिशत ड्रोनका पार्टपुर्जा चिनियाँ निर्माताहरूले तयार गर्ने गरेको अमेरिकास्थित सेन्टर फर युरोपियन पोलिसी एनालाइसिस (सीईपीए) सञ्चार तथा अपरेसन सहायक निर्देशक माइकल न्युटनले बताए ।

'पक्कै पनि स्वचालित ड्रोन अब लडाइँमा सहायक तत्त्व नभएर मुख्य हतियार बनिसक्यो । सबै ठूला देशहरूले भविष्यको युद्धका लागि ड्रोनमा लगानी रहेका छन् । तर, निर्णायक कुरा कोसँग ड्रोन हुन्छ भन्ने होइन । बरु, कसले यसलाई सस्तो र ठूलो परिमाणमा उत्पादन गर्न सक्छ, चाँडै अवलम्बन गर्न सक्छ, शत्रु पक्षबाट हुने ड्रोन आक्रमणलाई कसरी निस्तेज गर्न सक्छ भन्ने विषय हुनेछ,' न्युटनले भने ।

ड्रोनले सर्वसाधारणलाई समेत निसानामा पारिरहेको हुँदा भविष्यमा चाँडै चेतावनी जारी गर्ने र्‍याडर, साइबर सिल्ड र सार्वजनिक आश्रयस्थलहरू महत्त्वपूर्ण हुने विज्ञहरूले बताएका छन् । नागरिक सुरक्षा र प्रतिरक्षा मामिलाबारे अध्ययन गर्ने अन्तर्राष्ट्रिय संस्था 'डिफेन्स आईक्यू' को वेबसाइटमा साइबर सेक्युरिटी अनुसन्धानकर्ता एलेक्स वाकुलुभ लेख्छन्, 'अहिलेको ड्रोन युगमा केवल सीमा सुरक्षा वा सैन्य हमला रोकेर मात्र पुग्दैन । सहरी तथा नागरिक क्षेत्रमा पूर्वचेतावनी दिने र्‍याडर प्रणाली, डिजिटल साइरन र सुरक्षित आश्रयस्थलहरूको पूर्वाधार विकास गर्नु नागरिक बचाउनका लागि पहिलो सर्त बनेको छ ।'

यस्ता कार्यले भौतिक आक्रमण हुनअघि नै चेतावनीलाई पहिचान गर्न र मानवीय क्षति टार्न मद्दत गर्छ । यदि, ठूलो युद्ध सुरु भइनसकेको अवस्थामा यस्ता चेतावनी पहिचान हुँदा कूटनीतिक पहलमार्फत राजनीतिक समाधान निकाल्न पनि अवसर मिल्ने विज्ञहरूको विश्लेषण छ ।

# सेलेब्रिटीको 'शरीर' माथिको बहस, चिन्ता कि अनादर ?


एपी / रासस

एरियाना ग्रान्डे

**एपी** (न्युयोर्क)

कलाकारको सिर्जनाभन्दा बढी उसको शारीरिक बनावट र सुन्दरतामाथि बहस सुरु हुनु आधुनिक मनोरञ्जन क्षेत्रको नयाँ कथा भने होइन । तर, जब यस्ता बहसहरू सामाजिक सञ्जालको मञ्चबाट जनस्वास्थ्य र सामाजिक चेतनाको ढोकासम्म पुग्छन्, तब यसले एउटा गम्भीर प्रश्न खडा गर्छ– सार्वजनिक व्यक्तित्वको शरीरमाथि टिप्पणी गर्ने सीमा कहाँसम्म हो ?

हालै पप गायिका एरियाना ग्रान्डेको नयाँ एल्बम 'पेटल' को एक म्युजिक भिडियो सार्वजनिक भएपछि उनको पातलो शारीरिक बनावटलाई लिएर पुनः बहस चुलिएको छ । भिडियोमा उनको करङ र हड्डी स्पष्ट देखिएको भन्दै सामाजिक सञ्जालमा सकारात्मक र नकारात्मक दुवै किसिमका टिप्पणीहरूको बाढी आएको छ । केहीले यसलाई महिलामाथि हुने निरन्तरको 'बडी-सामिङ' (शारीरिक उपहास) भनेका छन् भने कतिपयले यसलाई एक प्रशंसकको रूपमा व्यक्त गरिएको 'चिन्ता' । तर, यो बहसले एउटा महत्त्वपूर्ण विषयलाई उजागर गरेको छ– के हामीले जे सोच्छौं वा देख्छौं, त्यो सबै भनिहाल्नु जरुरी छ र ?

३३ वर्षीया ग्रान्डेले आफ्नो करियरभरि नै शारीरिक बनावटलाई लिएर आलोचना र टिप्पणीहरूको सामना गर्दै आएकी छन् । उनले आफू पूर्ण रूपमा स्वस्थ रहेको र कसैको शरीरमाथि टिप्पणी गर्नु गलत भएको पनि जिकिर गर्ने गरेकी छन् । आफ्नो सात मिनेट लामो उक्त म्युजिक भिडियोमा उनले सेलेब्रिटीहरूमाथि गरिने कठोर मूल्यांकन र निर्णयको प्रक्रियामाथि व्यंग्य गरेकी छन् । भिडियोको एक दृश्यमा उनले गाएकी छन्, 'मलाई कसैले बचाउनु पर्दैन, म कुनै पीडित होइन ।' लगातारको मानसिक दबाब र मूल्यांकनपछि उनका प्रतिनिधिले हालको सांगीतिक विश्व भ्रमण सकिएपछि ग्रान्डे केही समयका लागि सार्वजनिक जीवनबाट टाढा रहने बताएका छन् ।

अमेरिकास्थित 'नेसनल एलाइन्स फर इटिङ डिसअर्डर्स' की संस्थापक तथा सीईओ जोहाना कान्डेलका अनुसार सेलेब्रिटीको शरीरलाई लिएर गरिने यस्ता टिप्पणीहरूको असर सर्वसाधारण र युवा पुस्तामा गहिरो गरी पर्छ । 'हामीले कुनै पनि टिप्पणी गर्नुअघि आफ्नो नियत र त्यसबाट उत्पन्न हुने सार्वजनिक प्रभावलाई तौलेर हेर्नुपर्छ,' कान्डेल भन्छिन् । आफू पनि विगतमा खानपानसम्बन्धी मानसिक समस्या 'इटिङ डिसअर्डर' बाट गुज्रिएको अनुभव सुनाउँदै उनी भन्छिन्, 'सुरुमा मानिसहरूले चिन्ता व्यक्त गरे पनि उनीहरूको बोलीमा दयाभन्दा बढी आलोचना हुन्थ्यो ।' त्यस्तै, युनिभर्सिटी अफ म्यासाचुसेट्सकी वरिष्ठ प्राध्यापक एलिसन बट्लरका अनुसार सेलेब्रिटीलाई हेर्ने दृष्टिकोण प्रायः अतिवादी हुन्छ– या त तीव्र आलोचना या त पूर्ण बचाउ । यसले सुन्दरता र स्वास्थ्यका जटिल आयामहरूमाथि हुनुपर्ने परिपक्व छलफललाई ओझेलमा पार्छ ।

विशेषज्ञहरूका अनुसार सेलेब्रिटीहरूको शरीरबारे सार्वजनिक रूपमा गरिने अड्कलबाजीले युवाहरूमा 'आफ्नो शरीर अरूका लागि चर्चाको विषय हो' भन्ने गलत सन्देश दिन्छ । 'कसैको रूपरंगको प्रशंसा वा आलोचना दुवैले मानिसको मूल्य उसको बाहिरी आवरणमा निर्भर हुन्छ भन्ने सोचलाई प्रश्रय दिन्छ,' न्युयोर्क युनिभर्सिटीकी मनोविज्ञ डा. रेचेल गोल्डम्यान भन्छिन्, 'अभिभावकहरूले आफ्ना बालबालिकासँग कुरा गर्दा सुन्दरता र स्वास्थ्य फरक कुरा हुन् र मानिसको मूल्य उसको शरीरको आकारले निर्धारण गर्दैन भन्ने कुरा बुझाउनु आवश्यक छ ।'

आजको डिजिटल युगमा तौल घटाउने औषधिको प्रयोग र भर्चुअल दुनियाँले देखाउने सुन्दरताको मापदण्डले बालबालिका तथा किशोरकिशोरीहरूमा मानसिक तनाव बढाएको छ । विशेषज्ञहरूको सुझाव छ– यस्ता विषयमा बालबालिकासँग खुला कुराकानी गर्ने, उनीहरूका कुरा सुन्ने र आलोचनात्मक भन्दा पनि सहानुभूतिपूर्ण दृष्टिकोण अपनाउनुपर्छ ।

स्टेजबाट आफ्ना प्रशंसकहरूलाई सम्बोधन गर्दै ग्रान्डेले भनेकी छन्, 'धेरै कुराहरू एकै पटक सत्य हुन सक्छन् । जीवनमा सीमाहरू तोक्नु आवश्यक छ । मानिसहरूलाई कहिलेकाहीं विश्राम चाहिन्छ । तर यसका बाबजुद पनि यो मेरो व्यावसायिक र रचनात्मक जीवनको सबैभन्दा सुन्दर अनुभव रहनेछ ।' एरियाना ग्रान्डेको यो घटनाले केवल एक गायिकाको शरीरको चर्चा मात्र गर्दैन, यसले आधुनिक समाज, सेलेब्रिटी कल्चर र सामाजिक सञ्जालको युगमा व्यक्ति/महिलाका सीमा र मर्यादाका विषयमा फेरि एक पटक बहस खडा गरिदिएको छ ।

## आजको राशिफल


प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष** कुनै कामविशेषले कतै जानुपर्ला । इच्छानुसारका काममा समय दिइनेछ । आर्थिक क्रियाकलापका काममा संलग्नता जनाउनुपर्ला ।

**वृष** काम गर्ने उत्साह बढ्नेछ । योजनानुसारका काममा समय दिइनेछ । मनमा भएको तुष हटेर जानेछ ।

**मिथुन** कसैको कुनै कुरा चित्त नबुझ्न सक्छ । सकेसम्म आफ्नो कुरा राख्ने प्रयास गरिनेछ । समयावस्था विचारेर आफूलाई अघि सार्न खोजिनेछ ।

**कर्कट** कतै जाने काम आइलाग्न सक्छ । आर्थिक कार्यमा सफलता मिल्नेछ । साथीसित कतै चियागफ हुन सक्छ ।

**सिंह** मनमा भएको तनाव हटेर जानेछ । समयावस्था विचारेर काम गर्न खोजिनेछ । आफू अनुरूप समयलाई तह लगाइनेछ ।

**कन्या** कुनै कुराले व्यस्त बनाउन सक्छ । समयसन्दर्भ विचारेर काम गर्ने प्रयत्न गरिनेछ । आफ्नो अनुकूलता सोची चल्ने प्रयास गरिनेछ ।

**तुला** कुनै कुराले गर्दा मनमा दोमन हुन सक्छ । मनमा भएको रिसलाई दबाउन खोजिनेछ । जसरी पनि काम सक्ने प्रयास हुनेछ ।

**वृश्चिक** कुनै कामविशेषले कतै निस्किनुपर्नेछ । योजनाबद्ध रूपमा काम गर्ने प्रयास हुनेछ । अत्यावश्यक कामकुरामा बढी जोड दिइनेछ ।

**धनु** कुनै कुराले गर्दा मनमा उत्साह बढ्नेछ । समयसन्दर्भ विचारी चल्ने प्रयास हुनेछ । भावी कामका बारे कुनै योजना बन्न सक्छ ।

**मकर** कतै कुनै काम आइलाग्न सक्छ । कतै निम्तालु बनी जानुपर्ने हुन सक्छ । समयानुसार कुनै कुनै काममा हेरफेर हुन सक्छ ।

**कुम्भ** कुनै कुनै कुरा आफूले भनेजस्तो नहुन सक्छ । आफ्नै सुझबुझले काम सक्ने प्रयास गरिनेछ । मिलेसम्म आफूनिम्ति पनि केही समय छुट्याइनेछ ।

**मीन** समसामयिक कुरामा जोड दिइनेछ । विभिन्न माध्यमबाट काममा सहयोग पुग्नेछ । जसरी पनि आफ्नो काम सल्टाउने खोजिनेछ ।


## वर्गीकृत विज्ञापन

**घर जग्गा**

गोकर्ण सुन्ताखानमा १३फिटबाटो ३.५आना ९८४३६५७४७६

जग्गा विक्रिमा सांगला ४ आनाका टुक्राहरू प्रतिआना २३ लाख सम्पर्क ९८५१३५७९१०

स्वयम्भुमा ३.५/८ आनामा घर ९८१८२५३०१२

मुआब्जा लिन बाँकी चाबहिल धोबीखोला कोरिडोर सडकमा परेको १४ आना जग्गा(पुर्जा) बिक्रिमा 9851075915

**सम्पर्क**

बैंकमा Cashdeposit धितोफुकुवा गर्नुपरेमा ९८०१०४५२१८

**निर्माण सफाई**

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851109635

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851253840

ठुलोगाडीबाट सेफ्टीट्यांकी तथा ढल-सरसफाई ९८१०१२७२५१

ठुलोगाडीबाट सेफ्टीट्यांकी तथा ढल-सरसफाई ९८५१२७३१७६

**भाडामा**

ललीतपुरमा घरफ्ल्याट भाडामा लिनदिन, 9851071590/ 9869363404

**चाहियो**

कम्प्युटर, एसेम्बल, अपग्रेडेशन, टोनर रिफिलिङ्ग, अफिसमा तथा साइटमागई कामगर्ने, बागबजार ९८५१४३४२३३

प्यारेन्ट पोल्ट्रीफर्मलाई कामदार चाहियो ९८०१३५२०२५

किर्तिपुर एरियामा सञ्चालनमा रहेको मन्टेश्वरी चाहिएकोले बिक्रि गर्न इच्छुक व्यक्तिहरूले सम्पर्क गर्नु होला सम्पर्क नं. 9841248756

सुरक्षा गार्ड २० तलब २५०००/- बानेश्वर ०१५२१८५४९ ९८४१४०१८८६

भ्यालिबाहिर अनुभवीकुक हेल्पर वैटर 9802082245

रेष्टुरेन्ट चलाउनसक्ने अनुभवी पार्टनर चाहियो ९७४१७१३६८४

अनुभवी वेटर-१, भांडामाझ्ने-१, बाँनियाटार, भत्केकोपुल ९८६१३९३६५५, ९८१८९२०२२१

बुढाबुढी हेर्ने महिला चाहियो ९८६४६६६२७४

डेलिभरिब्वाई आवश्यक बाईकलाईसेन्स भएको खानबस्नको ब्यबस्था ९८४००५७४२६

सेन्डवीच बर्गर बारिस्ता सबै बनाउन जान्ने एजेन्ट ९८०३००८५३७

पोल्ट्री फार्मकोलागि दुईजोडी कामदार तलब: जोडीको-३०,०००।-, ९८५१०५७४०४

**लोण्ड्रीमा कर्मचारी चाहियो लेडिज/जेन्स सम्पर्क ९७०५०००२८८**

**बिहावारी**

विश्वको जुनसुकै कुनामा भए पनि उपयुक्त बर वा बधुको लागि www. nrnmatch.com, 9842981178

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४९९३५३१, ९८५११७८८३० |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९९०२ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांवसपार्क | ९८५१०२४३९८, ४३६४७५१ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |

| | | |
|---|---|---|
| पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ |
| नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ |
| सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |

| | | |
|---|---|---|
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

**वर्गीकृत विज्ञापन** साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- **वर्गीकृत डिस्प्ले** श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-*

सम्पर्क नं. ५१९२०१४, ५१९२०१०, Ext. १०१४ Email: mktclassified@kmg.com.np

म.अ.क. वाहिक

| विदेशी मुद्रा | |
|---|---|
| अमेरिकी डलर | १५२.९२ |
| युरो | १७६.२९ |
| पाउन्ड स्टर्लिङ | २०६.१६ |
| अस्ट्रेलियन डलर | १०७.०४ |
| कतारी रियाल | ४१.९८ |

राष्ट्र बैंकको आधारमा

सुन रू. २,९६,०००

चाँदी रू. ४,५७०

### काठमाडौंका सडक र यातायातका लागि नयाँ गुरुयोजना

# मेट्रो रेलदेखि द्रुत बससम्मका सेवा प्रस्ताव

● जाइकाको सहयोगमा तयार गुरुयोजना मन्त्रिपरिषद्बाट स्वीकृत हुने अपेक्षा ● २०५० सम्मको सडक पूर्वाधार र यातायात अवस्थालाई मार्गनिर्देशन गर्ने ● फास्ट ट्र्याकका विषयमा भने नेपाली सेना र सरकारबीच समन्वय अभाव

**सजना बराल** (काठमाडौं)

काठमाडौं उपत्यकाको सडक पूर्वाधार र सहरी यातायात प्रणालीलाई व्यवस्थित बनाउन चौथो पटक बृहत् गुरुयोजना तयार गरिएको छ । जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) को प्राविधिक सहयोगमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले यो प्रतिवेदन तयार पारेको हो ।

यसअघि सन् १९९३, २०१२ र २०१७ मा पनि यस्ता अध्ययन भएका थिए । विगतका योजना स्वीकृत हुन नसके पनि यस पटक मन्त्रिपरिषद्ले पारित गर्ने अपेक्षा गरिएको छ । गुरुयोजनाले सन् २०५० सम्मको उपत्यकाको यातायात अवस्थालाई मार्गनिर्देशन गर्ने लक्ष्य राखेको छ । २४ वर्षपछि काठमाडौं उपत्यकाको जनसंख्या ४३ लाख पुग्ने अनुमानसहित नयाँ सहर विकास योजना, यातायात चाप पूर्वानुमान, सवारीसाधनको माध्यम परिवर्तन, मास ट्रान्जिट करिडोर, सुरुङमार्ग, चोक सुधार र बस सञ्चालन सुधारका आयोजना प्रस्ताव गरिएका छन् ।

तराई/मधेश द्रुतमार्ग (फास्ट ट्र्याक) को सुरुवाती विन्दुलगायत रेखांकन र अन्य प्राविधिक विषयमा भने नेपाली सेनासँग पर्याप्त समन्वय हुन सकेको छैन । नेपाली सेनाले फास्ट ट्र्याक निर्माण सम्पन्न गर्ने समयसीमा थप गर्न माग गर्दै आफ्नै ढंगले काम अघि बढाउन खोजेको राष्ट्रिय योजना आयोगका सदस्य अर्जुनजंग थापाले बताए ।

बिहीबार 'काठमाडौं भ्याली अर्बन ट्रान्सपोर्ट सिस्टम मास्टरप्लान' अध्ययन प्रतिवेदनबारे सरोकारवालाबीच छलफल र प्रतिवेदन साझा गर्ने क्रममा सडक विभागका प्रतिनिधिले फास्ट ट्र्याकबाट हुने आवागमनलाई गुरुयोजनाले कसरी सम्बोधन गर्नेछ भनी सोधेका थिए । त्यसको जवाफमा जाइकाको विज्ञ समूहका प्रमुख हिदियो सुजीले नेपाली सेनालाई भावी ट्राफिक डिमान्ड र योजनाबारे छलफल गर्न औपचारिक रूपमा पत्र पठाइएको भए पनि त्यसको कुनै जवाफ प्राप्त नभएको प्रतिक्रिया दिए ।

'फास्ट ट्र्याकको निर्माण कार्य नेपाली सेनाले गरिरहेको छ, हाम्रातर्फबाट अध्ययनका क्रममा भावी ट्राफिक माग र योजनाबारे छलफल गर्न औपचारिक रूपमा पत्र पठाइएको थियो । तर त्यसको कुनै जवाफ आएको छैन,' सुजीले भने, 'तर, हिजो मात्रै हामीलाई हाम्रो एक कन्सल्टेन्टको रिपोर्ट प्राप्त भएको छ । त्यसअनुसार सन् २०४५ सम्ममा फास्ट ट्र्याकको ट्राफिक चाप करिब २७ हजार पीसीयू पुग्ने अनुमान गरिएको छ । फास्ट ट्र्याक चार लेनको हुने भएकाले यो ट्राफिक चाप धान्न गाह्रो पर्दैन ।'

फास्ट ट्र्याकको सुरुवाती विन्दु चोभारको सुख्खा बन्दरगाह नै हुने योजना आयोगका सदस्य थापाले उल्लेख गरे । गुरुयोजना बनाइरहँदा द्रुतमार्गमा सेनाले आफ्नै हिसाबले काम गरिरहे पनि आफूहरूले समन्वय गरेर सेनालाई सहयोग गर्न खोजिरहेको सुजीले बताए ।

'सेनाले २०८३ चैत मसान्तमा फास्ट ट्र्याक निर्माण सम्पन्न गर्ने भने पनि हाल समयसीमा थप गरेर २०८६ चैत मसान्त बनाउन माग गरेको छ,' उनले भने, 'सेनाले आफ्नै हिसाबले चल्न खोजे पनि हामी यो विवाद समाधान गरेर सेनालाई सहयोग पुऱ्याउने पक्षमा छौं । आगामी २/३ महिनाभित्र एउटा न्यायोचित विन-विन सहमतिमा यो विषय टुंगिन्छ भन्नेमा आशावादी छौं ।' **बाँकी पृष्ठ ८**

**पूर्वाधार तथा सडक व्यवस्थापनतर्फका आयोजना**

| आयोजना | स्थान | दूरी (मिटरमा) |
|---|---|---|
| महाराजगन्ज अन्डरपास | महाराजगन्ज चोक | ३०८.९ |
| चाबहिल-गौशाला भूमिगत सुरुङमार्ग | चाबहिल-गौशाला | १,५६२.८ |
| चाबहिल-बागमती नदी एलिभेटेड हाइवे | चाबहिलदेखि बागमती नदी करिडोर | ३,४०० |
| विष्णुमती नदी करिडोर एलिभेटेड हाइवे | नयाँ बसपार्क/बालाजु क्षेत्र छेउको विष्णुमती नदी करिडोर | ३,६२०.५ |
| चक्रपथ विस्तार-गौशालादेखि तीनकुने | गौशाला चोक-एयरपोर्ट-तीनकुने | २,५१९.७ |
| नयाँ नदी करिडोर-थापाथलीदेखि त्रिपुरेश्वर | थापाथली-त्रिपुरेश्वर खण्ड | ९५८.३ |
| बागमती नदी किनारको कच्ची सडक सुधार | कोटेश्वर/शंखमूल क्षेत्र | ८०४ |
| यूएन पार्क पुल विस्तार/चौडा बनाउने | यूएन पार्क नजिकको बागमती पुल | ७६.५ |
| नयाँ विष्णुमती नदी पुल | गोंगबु बसपार्क र बालाजु जोड्ने पुल | ८८.९ |
| नयाँ धोबीखोला नदी पुल | धोबीखोला करिडोर क्षेत्र | |
| नयाँ कर्मनासा पुल | कर्मनासा खोला | |
| नयाँ ग्वार्को पुल | ग्वार्को फ्लाईओभर आसपास क्षेत्र | २५.२ |
| थापाथलीमा नयाँ बागमती नदी पुल | थापाथली चोक | ७२.0 |
| प्राथमिक नोड जोड्ने सडक | उपत्यकाको उत्तर-पूर्वी ग्रामीण/सहरी क्षेत्र जोड्ने लिंक रोड | ११,३०० |
| बालाजु विष्णुमती नदी करिडोर | विष्णुमती पुलदेखि चक्रपथ जोड्ने बालाजु खण्ड | १,१०० |
| **सार्वजनिक यातायात सुधार र व्यवस्थापनतर्फका कार्यक्रम** | | |
| पूर्व-पश्चिम मास ट्रान्जिट-मेट्रो रेल आयोजना | रत्नपार्कदेखि भक्तपुरसम्मको करिडोर | १४.६ किलोमिटर |
| चक्रपथमा बस द्रुतमार्ग (बीआरटी) | चक्रपथ करिडोरको मुख्य खण्ड | २५.५ किलोमिटर |
| उत्तर-दक्षिण मास ट्रान्जिट लिंक | चक्रपथभित्र उत्तर-दक्षिण जोड्ने करिडोर | दूरी खुलाइएको छैन |



# विद्युत् महसुल निर्धारण गर्न नयाँ निर्देशिका लागू

### अब लागतमा आधारित शुल्क निर्धारण

काठमाडौं (कास)- विद्युत् नियमन आयोगले 'विद्युत् उपभोक्ता महसुल निर्धारण निर्देशिका, २०८३' जारी गर्दै विद्युत् उपभोक्ताको महसुल निर्धारणका लागि नयाँ व्यवस्था लागू गरेको छ । लागतमा आधारित, उपभोक्तामैत्री, सर्वसुलभ र पारदर्शी महसुल दर निर्धारण गर्ने उद्देश्यसहित आयोगले नयाँ निर्देशिका जारी गरेको हो ।

नयाँ निर्देशिकासँगै विद्युत् उपभोक्ता महसुल निर्धारण निर्देशिका, २०७६ खारेज भएको छ । यद्यपि पुरानो निर्देशिकाअनुसार भएका कामकारबाही भने नयाँ निर्देशिकाअनुसार भएको मानिने व्यवस्था गरिएको छ ।

निर्देशिकाअनुसार वितरण अनुमति प्राप्त संस्थाले महसुल निर्धारणका लागि आयोगमा निवेदन दिनुपर्नेछ । सामान्य अवस्थामा नयाँ आर्थिक वर्षका लागि महसुल प्रस्ताव कम्तीमा १ सय २० दिनअघि पेस गर्नुपर्नेछ । एक आर्थिक वर्षमा एक पटक मात्र महसुल निर्धारणको निवेदन दिन पाइने व्यवस्था गरिएको छ । कम्तीमा तीन वर्षमा एक पटक महसुल पुनरावलोकनका लागि निवेदन दिनुपर्नेछ ।

महसुल निर्धारण गर्दा आयोगले लेखापरीक्षण गरिएको वित्तीय विवरण, विद्युत् खरिद लागत, सञ्चालन तथा मर्मत खर्च, कर्मचारी खर्च, ऋणको ब्याज, ह्रासकट्टी, आयकर र स्वपुँजीमा प्रतिफललगायतका आधारमा वार्षिक आवश्यक आय निर्धारण गर्नेछ । सोही आधारमा विभिन्न उपभोक्ता वर्ग, भोल्टेज, समय र मौसमअनुसार महसुल दर तय गरिने व्यवस्था गरिएको निर्देशिकामा उल्लेख छ ।

निर्देशिकाले उत्पादन व्यवसायका लागि स्वपुँजीमा अधिकतम १६, प्रसारण व्यवसायका लागि १५.५ र वितरण व्यवसायका लागि १६.५ प्रतिशतसम्म प्रतिफल दिन सकिने व्यवस्था गरेको छ । आयोजना निर्धारित समयअघि सम्पन्न गर्ने वा वितरण नोक्सानी घटाउने संस्थालाई थप १ प्रतिशतसम्म प्रोत्साहन प्रतिफल दिन सकिने निर्देशिकामा उल्लेख छ ।

महसुल निर्धारणअघि आयोगले सार्वजनिक सुनुवाइ गर्नुपर्ने व्यवस्था गरिएको छ । प्रत्येक आर्थिक वर्षपछि वास्तविक आयव्ययको समीक्षा गरी आवश्यक परे महसुल समायोजन गर्न सकिने प्रावधान पनि छ ।

आयोगले नयाँ महसुल निर्धारण नगरेसम्म हाल कायम रहेको महसुल दर नै लागू रहने निर्देशिकामा उल्लेख छ । आयोगले निर्धारण गरेको नयाँ महसुल भने सार्वजनिक सूचना प्रकाशन भएको कम्तीमा ३० दिनपछि मात्र कार्यान्वयनमा आउने व्यवस्था गरिएको छ । उपभोक्ताका लागि तय गरिने महसुल प्रस्ताव गर्दा प्राधिकरण वा अन्य संस्थाले ध्यान दिनुपर्ने विषयसहित निर्देशिका ल्याइएको विद्युत् नियमन आयोगका अध्यक्ष रामप्रसाद धितालले जनाए । प्राधिकरणले महसुल दर प्रस्ताव गरेपछि छलफल गर्ने, सार्वजनिक सुनुवाइ गर्ने र आयोगले निर्णय लिइसकेपछि लागू हुने उनको भनाइ छ ।

# समस्याग्रस्त सहकारीका २७ सय बचतकर्ताले फिर्ता पाए साढे ३ करोड

### १६ साउनदेखि ३१ सम्म थप ३६९ बचतकर्तालाई ६३ लाख ४२ हजार फिर्ता गर्ने लक्ष्य



फाइल तस्बिर : कान्तिपुर

**प्रकृति दाहाल** (काठमाडौं)

गत जेठयता समस्याग्रस्त सहकारी संस्थाका २ हजार ७ सयभन्दा बढी बचतकर्ताले करिब साढे तीन करोड रुपैयाँ बचत फिर्ता पाएका छन् । समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले गएको करिब दुई महिना (जेठ पहिलो सातादेखि हालसम्म) २ हजार ७ सय ६९ बचतकर्तालाई ३ करोड ६९ लाख रुपैयाँ बचत फिर्ता गरेको हो ।

समितिले सरकारले समस्याग्रस्त घोषणा गरेका २३ सहकारीमध्येबाट साना बचतकर्ता (पहिलो चरणमा १० हजार र दोस्रो चरणमा २५ हजारसम्म) लाई रकम फिर्ता दिन थालेको हो । यसअनुसार १ साउनदेखि १५ सम्म २ सय ८९ बचतकर्ताले २२ लाख ८० हजार रुपैयाँ फिर्ता पाएका थिए । १ असारदेखि ३२ सम्म ६ सय ५९ बचतकर्तालाई २ करोड २३ लाख रुपैयाँ फिर्ता गरिएको समितिको तथ्यांक छ । जेठमा दुई चरणमा १ हजार ४ सय ५२ बचतकर्तालाई ५९ लाख ४ हजार ६ सय ८९ रुपैयाँ फिर्ता गरिएको थियो । १६ साउनदेखि ३१ सम्म थप ३ सय ६९ बचतकर्तालाई ६३ लाख ४२ हजार ५ सय ८९ रुपैयाँ फिर्ता गर्ने समितिको लक्ष्य छ ।

समितिको १८ साउनसम्मको तथ्यांकअनुसार २ सय २९ ऋणीबाट ६ करोड २ लाख रुपैयाँ ऋण असुली भएको छ । वैशाखमा ७७ ऋणीबाट २ करोड १७ लाख, जेठमा ५३ ऋणीबाट १ करोड २० लाख ऋण असुल भएको छ । असारमा दुई चरणमा ३४ ऋणीबाट १ करोड २९ लाख र १ साउनदेखि १५ सम्म ६५ ऋणीबाट १ करोड ३४ लाख ७८ हजार रुपैयाँ असुल गरिएको समितिले जनाएको छ ।

समस्याग्रस्त सहकारीको पैसा फिर्ताका लागि सरकारले 'चक्रीय कोष' स्थापना गरेको छ । गत वैशाखमा सरकारले २५ करोड रुपैयाँ र संस्थाहरूको बचत तथा असुलीमार्फत संकलित ३५ करोड गरी ६० करोड रुपैयाँ कोषमा संकलन भएको थियो । उक्त रकम पछि शोधभर्ना हुने गरी कोषमा राखिएको हो । सोही कोषबाट समितिले बचतकर्तालाई रकम फिर्ता दिएको हो ।

हालसम्म संघ सरकारले २३ सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गरेको छ । तीमध्ये थोरै रकम रहेका तीन वटा सहकारीका बचतकर्ताको कारोबार भइसकेको छ । बाँकी २० सहकारीका बचतकर्ताको रकम फिर्ता भइरहेको छ । १८ साउनमा कान्तिपुर सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ र पशुपति सहकारीका ३ सय ४१ बचतकर्तालाई ६० लाख ३ हजार फिर्ता भएको छ । समितिका सदस्य सचिव रविन ढकालले कान्तिपुर सेभिङका ३ सय ३४ बचतकर्तालाई ५९ लाख १८ हजार र पशुपति सहकारीका ७ बचतकर्तालाई ८४ हजार फिर्ता गरिएको बताए ।

बचत फिर्ता प्रक्रियामा अधिकांश सहकारीपीडित सन्तुष्ट नरहेको सहकारी बचतकर्ता संरक्षण राष्ट्रिय अभियान महासंघका केन्द्रीय अध्यक्ष कुशलव केसीले बताए । 'सहकारीपीडितको चित्त बुझेको छैन, बचत फिर्ता प्रक्रिया न्यायोचित छैन, व्यक्तिगत रूपमा पनि धेरैलाई अन्याय गरिएको छ,' उनले भने, 'जति रकम उपलब्ध हुन्छ, त्यसमा सबै बचतकर्ताको समान हक हुन्छ । त्यसैले सबैलाई पुग्ने गरी समान ढंगले वितरण गर्नुपर्छ ।' स्पष्ट आधार र मापदण्डबिनै रकम वितरण गरिएको दाबी गर्दै उनले भविष्यमा रकम अपुग भए त्यसको जिम्मेवारी नीति बनाउने र निर्देशन दिने निकायले लिनुपर्ने बताए ।

समस्याग्रस्त सहकारीमा २५ हजारभन्दा कम बचत रहेका बचतकर्ता १७ हजार र २५ हजारदेखि ५० हजारसम्मका ९ हजार बचतकर्ता छन् । तीसमेत गरेर १ लाखसम्मका बचतकर्ता ३६ हजार ५ सय २२ र १ लाखदेखि ५ लाखसम्मका २१ हजार ६ सय १९ बचतकर्ताको रकम फिर्ता गर्नुपर्नेछ । ५ लाखभन्दा बढी बचत रहेका १८ हजार ३ सय ३ जना छन् ।

## नेपाल बीमा प्राधिकरण

कुपण्डोल, ललितपुर ।

### बीमकको अद्यावधिक सूची

(सूचना प्रकाशन मितिः २०८३/०४/२२)

यस प्राधिकरणबाट ईजाजत प्राप्त बीमकहरुको मिति २०८३ साल असार मसान्तसम्मको अधवाधिक विवरण तपसिल बमोजिम रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि बीमा ऐन २०७९ को दफा ३५ को प्रयोजनका लागि प्रकाशित गरिएको छ ।

**सम्पूर्ण जीवन बीमकको आ.व.२०८२/०८३ को असार मसान्तसम्मको बीमा कारोबारको विवरण**

| क्र.सं. | नाम तथा ठेगाना | इजाजतपत्र प्राप्त मिति | चुक्ता पूँजी (रु.) | कुल बीमाशुल्क (रु. लाखमा) | दावी भुक्तानी संख्या | दावी भुक्तानी रकम (रु. लाखमा) |
|---|---|---|---|---|---|---|
| १. | श्री राष्ट्रिय जीवन बीमा कं.लि., रामशाहपथ | २०२५/०९/०१ | १८,१०,२०,००० | ९६,४०५.०५ | २५८६३ | ७९,१९३.०७ |
| २. | श्री नेशनल लाईफ इन्स्योरेन्स कं.लि, लाजिम्पाट | २०४४/०९/२३ | ५,६९,१६,४९,३२५ | २४८,४६९.९७ | ७१५१५ | १३७,०६८.४१ |
| ३. | श्री नेपाल लाइफ इन्स्योरेन्स कं.लि., कमलादी | २०५८/०१/०५ | ९,४८,०२,०१,३७० | ५४०,१९०.६७ | ५९०९७ | १४९,४२०.९३ |
| ४. | श्री मेट लाइफ (एलिको), पुल्चोक | २०५८/०४/१८ | बिदेशी बीमकको शाखा/ एसाइन्ड क्यापिटल | ६८,६०३.२७ | २४९८३ | ३३,३५१.१९ |
| ५. | श्री लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि., पुतलीसडक | २०५८/०४/२३ | ५,५०,००,००,००० | २१२,३३९.३४ | ३०३९५ | ९१,८९५.९७ |
| ६. | श्री एशियन लाइफ इन्स्योरेन्स कं.लि., मैतिदेवी | २०६४/११/१५ | ५,२५,१२,१७,१६७.३५ | १०७,९५०.३३ | १३१७९ | १७,८३३.९२ |
| ७. | श्री सूर्यज्योति लाइफ इन्स्योरेन्स कं.लि., ज्ञानेश्वर | २०६४/१२/०७ | ५,०१,१९,४७,७९७ | १३०,००१.३० | १८९५८ | २५,३१३.७१ |
| ८. | श्री हिमालयन लाइफ इन्स्योरेन्स लि., हात्तिसार | २०६५/०१/२४ | ९,१४,३२,३७,३०६ | १८५,९१५.५० | १०८७८६ | ७३,२९८.७४ |
| ९. | श्री आइएमई लाइफ इन्स्योरेन्स कं.लि., लैनचौर | २०७४/०३/२० | ५,००,००,००,००० | ७६,५५२.८० | १२८४७ | १४,१९२.१३ |
| १०. | श्री सन नेपाल लाइफ इन्स्योरेन्स कं.लि., पुतलीसडक | २०७४/०४/१८ | ५,२८,२७,९३,६०० | ५४,४५९.३२ | ११५७ | ६,२९६.९९ |
| ११. | श्री रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लि., ज्ञानेश्वर | २०७४/०४/१८ | ५,१९,६८,००,००० | ६४,८०४.५६ | १४७३५ | १३,६५०.०७ |
| १२. | श्री सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लि., नक्साल | २०७४/०५/०७ | ५,०१,४९,२४,०५६ | ८०,९१५.६२ | २०३६० | २३,७३१.६१ |
| १३. | श्री सिटिजन लाइफ इन्स्योरेन्स कं.लि., थापाथली | २०७४/०५/०७ | ५,००,००,००,००० | ९३,४४७.५४ | ६९४२ | १९,१८८.४२ |
| १४. | श्री प्रभुमहालक्ष्मी लाइफ इन्स्योरेन्स कं.लि., कमलादी | २०७४/०५/०७ | ५,३०,७७,९३,९२० | ७१,३४८.२९ | ४१७५ | ५,५४९.१७ |
| | | | जम्मा | २,०३१,४०३.५७ | ४१२,९९२ | ६८९,९८४.३१ |

**सम्पूर्ण निर्जीवन बीमकको आ.व.२०८२/०८३ को असार मसान्तसम्मको बीमा कारोबारको विवरण**

| क्र.सं. | नाम तथा ठेगाना | इजाजतपत्र प्राप्त मिति | चुक्ता पूँजी (रु.) | कुल बीमाशुल्क (रु. लाखमा) | दावी भुक्तानी संख्या | दावी भुक्तानी रकम (रु. लाखमा) |
|---|---|---|---|---|---|---|
| १. | श्री नेपाल इन्स्योरेन्स कं.लि., कमलादी | २००४/०६/०८ | २,५४,८५,७५,००७ | २२,१६२.०९ | ९९३८ | १२,६९१.५६ |
| २. | दि ओरियण्टल इन्स्योरेन्स कं.लि., डिल्लिबजार | २०२४/०५/३० | बिदेशी बीमकको शाखा/ एसाइन्ड क्यापिटल | ३२,५२१.७८ | ५८१५ | १६,८३२.४३ |
| ३. | श्री नेशनल इन्स्योरेन्स कं.लि., थापाथली | २०३०/०९/१७ | बिदेशी बीमकको शाखा/ एसाइन्ड क्यापिटल | १२,९०७.२७ | १८३१ | ७,१०९.१४ |
| ४. | श्री हिमालयन एभरेष्ट इन्स्योरेन्स लि., बबरमहल | २०५०/०४/०६ | २,५०,०१,५७,४०० | ५३,७४१.७३ | १५१७८ | २५,४२४.१४ |
| ५. | श्री यूनाईटेड अजोड इन्स्योरेन्स कं.लि., सुन्धारा | २०५०/०७/०६ | २,३१,००,००,००० | ३१,१६२.०३ | ८६८० | १८,२७१.५६ |
| ६. | श्री सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लि., बबरमहल | २०५१/०१/०८ | २,८०,६५,४९,९०० | ४३,१७४.३१ | १५०६७ | ३५,२५०.७३ |
| ७. | श्री नेको इन्सुरेन्स लि., ज्ञानेश्वर | २०५३/०२/१७ | २,७७,२२,७८,३०० | ३६,५५०.२२ | ११४८५ | १८,९०२.२४ |
| ८. | श्री सगरमाथा लुम्बिनी इन्स्योरेन्स कं.लि., नक्साल | २०५३/०३/१२ | २,६२,२६,३८,२०० | ५४,२२२.९४ | १७१०७ | ४९,६३५.०४ |
| ९. | श्री प्रभु इन्स्योरेन्स लि., तिनकुने | २०५३/०४/०४ | १,८४८,९३९,०८५ | २०,२२८.२३ | १०५६६ | ५,०१२.३५ |
| १०. | श्री आईजिआई प्रुडेन्सियल इन्स्योरेन्स लि., पानीपोखरी | २०५७/१०/१० | ३,०२,९३,३४,६३९ | ४५,५११.१५ | १४४६३ | २१,९१३.०६ |
| ११. | श्री शिखर इन्स्योरेन्स कं.लि., थापाथली | २०६१/०७/२६ | ३,१०,१५,६७,८०० | ६५,११२.५४ | २७०३९ | ४०,५२३.९६ |
| १२. | श्री एनएलजी इन्स्योरेन्स कं.लि., पानीपोखरी | २०६२/०६/२३ | २,६६,७८,३३,४०९ | ४२,०७९.७० | १३०४१ | ३१,९७२.३३ |
| १३. | श्री राष्ट्रिय बीमा कं.लि., रामशाहपथ | २०७१/०३/२७ | २६,६६,३९,००० | १५,८३७.२० | १७२९ | ३,०२३.१९ |
| १४. | श्री सानिमा जिआइसी इन्स्योरेन्स लि., टंगाल | २०७४/१०/२४ | २,२५,७५,००,००० | ३०,८२०.०७ | ६७५४ | १७,४७१.४१ |
| | | | जम्मा | ५०६,०३१.२७ | १५८,६९३ | ३०४,०३३.१४ |

**सम्पूर्ण लघु बीमकको आ.व.२०८२/०८३ को असार मसान्तसम्मको बीमा कारोबारको विवरण**

| क्र.सं. | नाम तथा ठेगाना | इजाजतपत्र प्राप्त मिति | चुक्ता पूँजी (रु.) | कुल बीमाशुल्क (रु.लाखमा) | दावी भुक्तानी संख्या | दावी भुक्तानी रकम (रु.लाखमा) |
|---|---|---|---|---|---|---|
| १. | श्री नेपाल माइक्रो इन्स्योरेन्स कं.लि., भरतपुर, चितवन | २०७९/१२/२७ | ७५,००,००,००० | ३,२५२.०३ | १२२२ | ८८४.४६ |
| २. | श्री गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि., विराटनगर, मोरङ | २०७९/१२/२७ | ७५,००,००,००० | ४,३०३.१३ | २९७१ | २,६१८.५३ |
| ३. | श्री प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लि.,धनगढी, कैलाली | २०७९/१२/२८ | ५२,५०,००,००० | ३,७५२.१६ | ६७० | ७९३.१७ |
| ४. | श्री क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लि., वीरेन्द्रनगर, सुर्खेत | २०७९/१२/२८ | ७५,००,००,००० | ४,५१६.८७ | २३३४ | २,३६४.०५ |
| ५. | श्री लिवर्टि माइक्रो लाइफ इन्स्योरेन्स कं.लि., पोखरा, कास्की | २०८०/०५/०१ | ५२,५०,००,००० | ५,७४७.४४ | ८३९ | १,४५६.३१ |
| ६. | श्री स्टार माइक्रो इन्स्योरेन्स कं.लि., जनकपुर, धनुषा | २०८०/०५/०१ | ५२,५०,००,००० | ३,१८१.७४ | ४५४ | ६०२.४५ |
| ७. | श्री ट्रष्ट माइक्रो इन्स्योरेन्स कं.लि., बुटवल, रुपन्देही | २०८०/०७/१५ | ५२,५०,००,००० | ३,००७.०८ | ६९७ | ८३८.०४ |
| | | | जम्मा | २७,७६०.४५ | ९,१८७ | ९,५५७.०२ |

**सम्पूर्ण पुनर्बीमा कम्पनीहरु**

| क्र.सं. | नाम तथा ठेगाना | इजाजतपत्र प्राप्त मिति | चुक्ता पूँजी (रु.) |
|---|---|---|---|
| १ | श्री नेपाल पुनर्बीमा कं.लि., थापाथाली | २०७१/०९/०४ | १३,४२,२१,८७,०७८।- |
| २ | श्री हिमालयन रिइन्स्योरेन्स लि., महाराजगंज | २०७८/०३/३१ | १०,८६,८०,००,०००।- |

# साहसिक पर्यटनमा कोशीले लगाएको करमा व्यवसायीको असन्तुष्टि

**विनोद घिमिरे** (धनकुटा)

धनकुटाको भेडेटार पूर्वकै कहलिएको पर्यटकीय गन्तव्य हो । तराई र पूर्वी सीमाका भारतीय सहरबाट नजिक भएकाले यहाँ वर्षैभरि पर्यटकको चहलपहल हुन्छ । पछिल्ला वर्षमा होटल-रेस्टुराँ, मनोरञ्जन र साहसिक खेल पर्यटनमा लगानी र गतिविधि दुवै बढ्दो छ । तर कोशी प्रदेश सरकारले साहसिक खेल पर्यटनमा लगाइरहेको करको दर र विस्तारित दायराले लगानीकर्ता तथा व्यवसायीलाई झस्काएको छ ।

मनोरञ्जन र साहसिक खेल पर्यटन क्षेत्रमा प्रदेश सरकारको कर नीति अव्यावहारिक र लगानीमैत्री नभएको भन्दै व्यवसायीहरूले कारोबारमै लाग्दै आएको 'मनोरञ्जन' र 'रोयल्टी' करबारे पुनर्विचार गर्न माग गरेका छन् । धनकुटाको साँगुरीगढी गाउँपालिका-६ भेडेटार बजारमाथि चार्ल्स प्वाइन्टमा वन्डर्स एम्युजमेन्ट पार्क्स एन्ड एट्राक्सन प्रालिले कोशी प्रदेश सरकार र स्थानीयको सहकार्यमा करिब २० करोड रुपैयाँको लागतमा स्काइवाक सञ्चालन गरेको छ । धरान उपमहानगरपालिका र साँगुरीगढी गाउँपालिकाको सीमामा रहेको स्काइवाक सञ्चालन भएको दुई वर्षमा करिब ३ लाख १० हजार पर्यटकले भ्रमण गरेका छन् ।

व्यवसायी होटल, मनोरञ्जन र साहसिक खेल पर्यटनका पूर्वाधार निर्माण तथा सञ्चालनमा ठूलो लगानी बोकेर भेडेटार आउन इच्छुक भए पनि प्रदेश सरकारले तोकेका विभिन्न करका कारण स्काइवाकजस्ता व्यवसाय नै टिकाउन कठिन भएको गुनासो गर्छन् । कोशीकै पहिलो सार्वजनिक-निजी साझेदारी (पीपीपी) मोडलको परियोजना भए पनि प्रदेश सरकारले तोकेको रोयल्टी र मनोरञ्जन करको भारले समस्यामा पारेको स्काइवाकका सञ्चालक तथा प्रबन्धक सञ्जीव रोकाहा बताउँछन् । निजी लगानी आकर्षित गर्ने नीति लिएको प्रदेशको कर नीति भने व्यवसायमैत्री नभएको उनको भनाइ छ ।

'सार्वजनिक-निजी साझेदारी भनिए पनि यसमा सरकारको एक रुपैयाँ लगानी छैन, निजी लगानी मात्रै हो । तर पीपीपी मोडलमा सञ्चालित भएकै आधारमा करको बोझ झन् थपिएको छ,' रोकाहाले भने ।

मनोरञ्जन तथा साहसिक खेल पर्यटनमा १३ प्रतिशत भ्याट, हरेक वर्ष प्रदेश लगानी प्राधिकरणमा ३ लाख रुपैयाँ नवीकरण दस्तुर, साहसिक पर्यटन अनुमति शुल्क, नाफा र लाभांशमा लाग्ने कर तथा स्थानीय तहमा बुझाउने व्यवसाय करबाहेक कारोबारमै ५-५ प्रतिशत रोयल्टी र मनोरञ्जन कर तिर्नुपरेको गुनासो रोकाहाको छ । 'हामी नियमित दरका सबै कर तिर्छौं तर व्यवसायको आम्दानी हेर्दा कारोबारमै लगाइएको मनोरञ्जन र रोयल्टी कर तिर्न नसक्ने अवस्थामा पुगेका छौं,' उनले भने ।

सञ्चालनमा आएको दुई वर्षमा स्काइवाकले करिब १५ करोडको कारोबार गर्दा रोयल्टी, मनोरञ्जन करलगायत शीर्षकमा मात्रै करिब ९५ लाख प्रदेश सरकारलाई बुझाउनुपरेको रोकाहाको भनाइ छ । 'मनोरञ्जन र रोयल्टीका नाममा कारोबारमै ५-५ प्रतिशत कर लगाइएको छ । त्यो सबै अन्ततः टिकटमै जोडिन्छ । त्यसले हामीलाई मात्र होइन, भ्रमणमा आउने पर्यटकलाई पनि महँगो परेको छ,' रोकाहाले भने ।

## ४ वर्षपछि पञ्चेश्वर...

बैठकमा संयुक्त विज्ञ समूहले तयार गरेको पञ्चेश्वरको संशोधित डीपीआरमाथि समेत छलफल हुने बताइएको छ । संयुक्त विज्ञ समूहमा नेपालले पेस गरेको टिप्पणीमा विद्युत् उत्पादनबाट हुने लाभ दुवै देशले समान रूपमा उपयोग गर्न सक्ने भए पनि सिँचाइ, बाढी नियन्त्रण तथा पानी उपयोगबाट भारतले तुलनात्मक रूपमा बढी लाभ प्राप्त गर्ने भएकाले आयोजनाको कुल लगानीमध्ये ७० प्रतिशत भारत र ३० प्रतिशत नेपालले बेहोर्नुपर्ने प्रस्ताव अघि सारिएको छ ।

संयुक्त विज्ञ समूहमा नेपालले पानी बाँडफाँट तथा दुवै देशले पानी उपयोग गर्ने स्पष्ट आधार तय गर्नुपर्ने धारणा राखिएको स्रोतले जनाएको छ । प्रस्तावमा नेपाल र भारतले सिँचाइका लागि कुन प्रणालीमार्फत पानी लैजाने भन्ने विषय पनि समेटिएको छ । पञ्चेश्वरको डीपीआरलाई अन्तिम रूप दिन पानी बाँडफाँट नै दुवै पक्षबीचको सबैभन्दा विवादित विषय बन्दै आएको छ ।

पञ्चेश्वर परियोजनासँग जानकार एक स्रोतका अनुसार यो आयोजना कार्यान्वयनपछि प्राप्त हुने लाभसँग सम्बन्धित विषय हो । पञ्चेश्वर आयोजनाबाट नेपालभन्दा भारतले धेरै सिँचाइ र बाढी नियन्त्रणको लाभ प्राप्त गर्छ । त्यसैले दुवै देशले प्राप्त गर्ने लाभको अनुपातमा लगानी हुनुपर्छ भन्ने नेपालको धारणा हो । सुरुमा ५०-५० को लगानी मोडलबारे छलफल भएको थियो । अहिले ३०:७० को प्रस्ताव दुवै पक्षका लागि स्वीकार्य 'विन-विन' मोडेल बन्न सक्छ ।

मुख्यतया पानीको बाँडफाँटसम्बन्धी विषयमा टुंगो लाग्न नसक्दा यस विषयमा सम्झौता भएको ३० वर्षसम्म काम अगाडि बढ्न सकेको छैन । २०५२ मा भएको महाकाली सन्धि लामो समयसम्म सहमति नहुँदा हालसम्म अगाडि बढेको छैन ।

तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र भारतका तत्कालीन प्रधानमन्त्री पीभी नरसिंह रावबीच २९ माघ २०५२ मा महाकाली नदीमा शारदा ब्यारेज, टनकपुर ब्यारेज र पञ्चेश्वर सम्बन्धमा सन्धि भएको थियो । महाकाली सन्धिसमेत भनिने उक्त सन्धिपछि पञ्चेश्वर बहुउद्देश्यीय परियोजनालाई द्विदेशीय लगानीमा संयुक्त रूपमा निर्माण गर्ने प्रक्रिया सुरु भएको हो ।

६ महिनाभित्र पञ्चेश्वर परियोजनाको डीपीआर टुंगो लगाउने सन्धिमा उल्लेख थियो । तत्कालीन संसद्ले २०५३ असोजमा महाकाली सन्धि अनुमोदन गरी पञ्चेश्वरमा आयोजना बनाउने सम्झौता अनुमोदन गरेको थियो । महाकाली सन्धिअन्तर्गत परिकल्पना गरिएको पञ्चेश्वर बहुउद्देश्यीय आयोजनामा ५ हजार ४० मेगावाट क्षमताका दुई जलविद्युत् आयोजना निर्माण गर्न ३ सय १५ मिटर अग्लो बाँध निर्माण गर्ने योजना छ । आयोजनाबाट नेपाल र भारत दुवैको विद्युत् उत्पादन, सिँचाइ तथा पानी व्यवस्थापन आवश्यकतामा सहयोग पुग्ने अपेक्षा छ ।

यस अवधिमा प्राविधिक विषयका अतिरिक्त राजनीतिक इच्छाशक्तिको अभाव, नीतिगत निरन्तरताको कमी, लागत बाँडफाँट, पानीको लाभ, विद्युत्को मूल्य निर्धारण, वातावरणीय सरोकार तथा दीर्घकालीन कार्यान्वयन योजनामा सहमति हुन नसक्दा आयोजना अघि बढ्न नसकेको हो ।

नेपाल र भारतले सन् १९९६ मा महाकाली सन्धि गरेपछि आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर), लागत निर्धारण, लाभ बाँडफाँट तथा प्राविधिक विषय टुंग्याउन विभिन्न तहमा पटक-पटक वार्ता हुँदै आएका छन् । दुवै देशका अधिकारीबीचको अनौपचारिक छलफलमा आयोजनाको लागत नेपालले ३० प्रतिशत र भारतले ७० प्रतिशत गर्ने विषयमा छलफल भएको थियो ।

पञ्चेश्वर विकास प्राधिकरण सम्बन्धमा भारतीय पक्षले आफ्नो प्रस्ताव नेपाल सरकारको परराष्ट्र मन्त्रालय तथा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा पठाइसकेको नेपाल सरकारका एक अधिकारीले बताए । गत जुन पहिलो साता परराष्ट्रमन्त्री शिशिर खनालको भारत भ्रमणका क्रममा भारतीय पक्षले मतभेदका विषय समाधान गर्दै महाकाली सन्धि कार्यान्वयन अघि बढाउन तयार रहेको प्रतिबद्धता जनाएको थियो । यस पटक पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) टुंग्याउने विषयमा भारतीय पक्ष अघिल्ला चरणको तुलनामा बढी सकारात्मक देखिएको समेत सरकार सम्बद्ध स्रोतको दाबी छ । भारतीय पक्षसँगको अनौपचारिक छलफलमा प्रधानमन्त्री वालेन्द्र शाहका सहयोगीले पञ्चेश्वर आयोजना लामो समयसम्म नलम्ब्याई यसमा ठोस प्रगति गर्नुपर्ने धारणा राखेका थिए ।

सन् २००८ सेप्टेम्बर-अक्टोबरमा काठमाडौंमा सम्पन्न संयुक्त जलस्रोत समितिको तेस्रो बैठकले पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको विकास, कार्यान्वयन तथा सञ्चालनका लागि पञ्चेश्वर विकास प्राधिकरण यथाशीघ्र गठन गर्ने निर्णय गरेको थियो । सन् २०२४ मा नेपाल र भारतले पञ्चेश्वर विकास प्राधिकरण गठन गर्ने सहमति गरेका थिए ।

भारत सरकारको स्वामित्वमा रहेको जल तथा विद्युत् परामर्श सेवा कम्पनी (वाप्कोस) ले नेपाल र भारतले छुट्टाछुट्टै तयार गरेका प्रतिवेदनलाई एकीकृत गर्दै सन् २०१६ मा डीपीआरको मस्यौदा बुझाएको थियो । आयोजनाबाट हुने पानी बाँडफाँट, भारततर्फ थप पानी प्रवाह तथा लागत-लाभ विश्लेषणका विषयमा सहमति जुटेपछि दुवै देशबीच पञ्चेश्वर आयोजनालाई अघि बढाउने समझदारी बन्ने अपेक्षा गरिएको स्रोतले जनाएको छ । आगामी बैठकमा बाढी नियन्त्रणबाट हुने लाभ-लागत, महाकाली नदीमा उपलब्ध पानी, डाउनस्ट्रिम लाभको मूल्यांकन, दोधारा-चाँदनी क्षेत्रमा पानीको उपलब्धता तथा केही कानुनी विषयमा समेत छलफल हुने बताइएको छ ।

सिँचाइ र बाढीबाट प्राप्त हुने लाभ र पानीको परिमाण (क्वान्टम अफ वाटर राइट्स) को विषय टुंगिइनसकेको पूर्वऊर्जा सचिव एवं पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाका तत्कालीन प्रमुख कार्यकारी निर्देशक मधुप्रसाद भेटुवालले बताए । 'म हुँदा लाभको रकम बाँडफाँट भारत र नेपालको के कति हुने र पानीको परिमाणमा नेपालको कति, भारतको कति भन्ने टुंगिइसकेको थिएन,' उनले भने, 'अब ती विषय टुंगिएर डीपीआर अघि बढ्ला ।'

## मेट्रो रेलदेखि द्रुत...

मन्त्रिपरिषद्बाट गुरुयोजना स्वीकृत भएपछि कार्यान्वयन प्रभावकारी हुने कार्यक्रममा भौतिक पूर्वाधार मन्त्रालयका सहसचिव तथा आयोजना निर्देशक सुशीलबाबु ढकालको विश्वास छ । गुरुयोजनाले पूर्वाधारतर्फ २२ वटा र यातायात सुधारतर्फ १३ वटा मुख्य कार्यक्रम प्रस्ताव गरेको छ ।

काठमाडौंका सडकको क्षमता बढाउन र यातायात सेवा सुरक्षित बनाउन यो आवश्यक रहेको उल्लेख गरे । 'चक्रपथभित्रको जग्गा अधिग्रहण गरेर थप नयाँ सडक बनाउन सम्भव छैन, त्यसैले हामीले विद्यमान सडकको क्षमता वृद्धि गर्ने र आपत्कालीन अवस्थामा अस्पताल र सुरक्षा केन्द्रहरू सहजै जोड्न सकिने गरी १६० किलोमिटर लामो आपत्कालीन सडक सञ्जाल विकास गर्ने योजना अघि सारेका छौं,' उनले भने । काठमाडौंको बढ्दो जनसंख्या र ट्राफिक जामको समस्या समाधान गर्न यो योजना महत्त्वपूर्ण हुने जाइका मुख्यालयका प्रतिनिधि किचिरो सोयोयाले उल्लेख गरे । अब योजना निर्माणबाट कार्यान्वयनको चरणमा जानुपर्ने समय आएको उनको भनाइ छ । नेपाल सरकारले यसलाई छिट्टै स्वीकृत गरेर काम अघि बढाउने उनको विश्वास छ ।

गुरुयोजनामा रत्नपार्कदेखि भक्तपुरसम्मको १४.६ किलोमिटर लामो 'पूर्व-पश्चिम' मास ट्रान्जिट मेट्रो रेल निर्माण गर्ने मुख्य योजना छ । यसको प्रमुख सहरी क्षेत्र र कोटेश्वर चोक आसपासको खण्ड भूमिगत र बाँकी खण्डहरू सडकको मौजुदा क्षेत्राधिकारभित्रै रहने गरी आकाशे (एलिभेटेड) संरचनामा निर्माण गर्ने प्रस्ताव गरिएको छ ।

यसमा भूमिगत खण्डहरू १.९ किलोमिटर र एलिभेटेड खण्डहरू १२.७ किमि रहेका छन् । अत्यधिक सवारी चाप हुने र पुरातात्त्विक सम्पदा क्षेत्रमा पर्ने गौशाला-चाबहिल खण्डमा भूमिगत सुरुङमार्ग बनाउन सकिने उल्लेख छ । चक्रपथमा बस द्रुतमार्ग (बीआरटी) को प्रस्ताव गरिएको छ । महाराजगन्ज चोकमा अन्डरपास निर्माण गर्ने खाका समेटिएको छ । धोबीखोला र विष्णुमती करिडोरमा उन्नत सडक तथा पुल निर्माण गर्ने योजना पनि यसले अघि सारेको छ । गौशालादेखि तीनकुनेसम्मको चक्रपथ खण्डलाई विस्तार गर्ने र थापाथली-त्रिपुरेश्वर क्षेत्रमा नयाँ नदी करिडोर सडक निर्माण गर्ने प्रस्ताव गरिएको छ । यूएन पार्क पुललाई चौडा बनाउनुका साथै विष्णुमती नदी, धोबीखोला, कर्मनासा, ग्वार्को र थापाथलीस्थित बागमती नदीमा नयाँ पुल निर्माण गर्ने उल्लेख छ । ट्राफिक व्यवस्थापन सहज बनाउन २३ वटा इन्टरसेक्सन (चोक) र ट्राफिक सिग्नलमा सुधार गर्ने तथा सडकमा साइकल लेन विकास गर्ने उल्लेख छ ।

गुरुयोजनाले मोटरसाइकलको सट्टा सार्वजनिक यातायातको प्रयोग बढाउने रणनीति लिएको छ । यसका लागि ६५ भन्दा बढी यातायात समितिलाई ५ वा ६ वटा ठूला कम्पनीमा रूपान्तरण गर्न सुझाइएको छ । ठमेल, काठमाडौं दरबार स्क्वायर र ललितपुर दरबार स्क्वायर क्षेत्रलाई सवारीसाधन निषेधित क्षेत्र (कार फ्री जोन) बनाउने प्रस्ताव यसमा छ । विद्युत्, टेलिफोन, इन्टरनेटका तारलगायत पूर्वाधार विस्तारका लागि 'युटिलिटी करिडोर' अन्तर्गत गुरुयोजनामा मानिस छिर्न मिल्ने सुरुङ वा मानिस छिर्न नमिल्ने सुरुङ दुवै प्रस्ताव गरिएको छ ।

बिहीबारको सेमिनारमा र यसअघिका बैठकबाट प्राप्त सुझावलाई प्रतिवेदनमा समेटेर यसलाई अन्तिम रूप दिइने र त्यसपछि मन्त्रिपरिषद्मा पेस गर्ने भौतिक पूर्वाधार मन्त्रालयको तयारी छ । गुरुयोजनामा प्रस्ताव गरिएका विकल्पमा थप छलफल गर्न सकिने र यी नै अन्तिम नभएको मन्त्रालयले स्पष्ट पारेको छ । प्रत्येक आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन र डिजाइन तयार गर्ने काम पनि बाँकी छ ।


## ग्लोबल आइएमई बैंक लिमिटेडको
## गैर बैंकिङ्ग सम्पत्ति बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको सूचना

**प्रकाशित मिति : २०८३/०४/२२ गतेको कान्तिपुर राष्ट्रिय दैनिक**

यस ग्लोबल आइएमई बैंकको स्वामित्वमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गाहरु) जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न ईच्छुक व्यक्ति तथा संस्थाहरुले यस बैंकबाट उपलब्ध गराईने बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधिनमा रही आफूले कबुल गरेको रकमको कम्तीमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी पत्र साथमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा यस बैंकको प्रधान कार्यालय, नक्साल, काठमाडौं स्थित कर्जा असुली विभाग वा बैंकको शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नुहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ । यस बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु तपसिलमा उल्लिखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधिलाई यसै सूचनाद्वारा सूचित गरिएको छ । सो तोकिएको दिन बिदा परेमा त्यस पछिको लगतै बैंक खुलेको दिन साविक समय र सोही स्थानमा बोलपत्र खोलिनेछ । प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ । बोलपत्र फारम तोकिएको दस्तुर तिरी यस बैंकबाट खरिद गर्न सकिने छ । साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ । उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र सम्पर्क गर्नु होला ।

**तपसिल**

**ट्राफिक चोक, बुटवल शाखा, रुपन्देही**

**सम्पतिको विवरण (घर/जग्गाको विवरण)**

**मालपोत कार्यालय बुटवल, रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको**

१. रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स/न.पा. वडा नं. १ ख स्थित कि.नं. ७०७ को क्षेत्रफल ०-०-१०.२५-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ८ स्थित कि.नं. २६०, २६३ र २६१ को क्षेत्रफल क्रमशः २०४.४८, ३७.५० र १२.०० व.मि.को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ९ स्थित कि.नं. ३२४ को क्षेत्रफल २२१.०० व.मि.को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
४. रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ९ ख स्थित कि.नं. ८१५१ र ८१५३ को क्षेत्रफल क्रमशः ६३.४९ र ४६.५६ व.मि.को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको :**

रुपन्देही जिल्ला, मधवलिया गा.वि.स./न.पा. वडा नं. १ क स्थित कि.नं. १२७९, १२८०, १२८१, २५७३, २८५६ र ३०२८ को क्षेत्रफल १११३.२८, १११३.२८, १११३.२८, १६.९३, ३१३.२४ र १०५३.९८ व. मि.को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा दर्ता श्रेस्ता कायम रहेको**

१. नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, माकर गा.वि.स./न.पा. वडा नं. १ क स्थित कि.नं. ३७७, ३३१, ३३२, ८९, ८५, २९२ र ३०३ को क्षेत्रफल क्रमश : ०-१०-०-०, ०-२-०-०, ०-२-०-०, ०-६-१९-०, ०-११-१७-०, १-६-०-० र ०-११-२-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, माकर गा.वि.स./न.पा. वडा नं. १ ख स्थित कि.नं. २०३, २०४, ३८३, ३०३, ३११, ३२७ र ३२८ को क्षेत्रफल क्रमशः ०-७-०-०, ०-७-०-०, ०-१०-१८-०, ०-१६-०-०, ०-१७-७-२, ०-२-१३-० र ०-४-०-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय: २०८३ श्रावण २८ गते बिहीबार (कार्यालय समय भित्र)**
**बोलपत्र खोलिने मिति र समय : २०८३ श्रावण २९ गते शुक्रबार दिनको ३ बजे**
**बोलपत्र खोलिने स्थान: ग्लोबल आइएमई बैंक लिमिटेडको सम्बन्धित शाखा कार्यालयमा**

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालय: कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्ट: ०१-५९७०६००



## PUBLIC NOTICE

**Request for Sealed Quotation (RFQ)**

**Reference No.:** CH-09-083/084
**Organization:** Center for Research and Sustainable Development Nepal (CREASION)

**Purpose:** CREASION invites eligible and interested suppliers to submit sealed quotations for the **Supply and Delivery of one (1) Brand-New Electric Cargo Three-Wheeler** for project implementation, in accordance with the technical specifications and terms detailed in the RFQ document.

Interested suppliers must submit company registration, PAN/VAT certificates, tax clearance documents, technical specifications, warranty details, and a sealed financial quotation, as outlined in the full RFQ document available upon request from CREASION's Procurement Unit (procurement@creasion.org)

**Submission Deadline:** 12th August, 2026
**Who can apply:** Eligible individuals who meet the qualifications and experience outlined in the ToR.

*Disclaimer: CREASION reserves the right to accept, reject, amend, or cancel the procurement process at its sole discretion.*


## अर्थ संक्षेप

### गुमखोला हाइड्रोपावरको सेयर बिक्री प्रबन्धक आरबीबी मर्चेन्ट



काठमाडौं (कास)- गुमखोला भ्याकुरे हाइड्रोपावर लिमिटेडले सर्वसाधारण तथा आयोजना प्रभावित स्थानीयका लागि ५ लाख कित्ता साधारण सेयर प्रारम्भिक सार्वजनिक निष्कासन गर्न आरबीबी मर्चेन्ट बैंकिङ लिमिटेडलाई निष्कासन तथा बिक्री प्रबन्धक नियुक्त गरेको छ । गुमखोला भ्याकुरे हाइड्रोपावर लिमिटेडका तर्फबाट अध्यक्ष मित्रबहादुर श्रेष्ठ र आरबीबी मर्चेन्ट बैंकिङ लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत बद्रीप्रसाद प्याकुरेलबीच यससम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ । प्रवर्द्धक कम्पनी गुमखोला भ्याकुरे हाइड्रोपावर लिमिटेडद्वारा निर्मित गुमखोला भ्याकुरे जलविद्युत् आयोजना दोलखा जिल्लाको कालिन्चोक गाउँपालिकामा अवस्थित छ । रन अफ रिभर प्रविधिमा आधारित यस आयोजनाको कुल जडित उत्पादन क्षमता ९५० किलोवाट छ । यस आयोजनाबाट वार्षिक करिब ५.६ गिगावाट विद्युत् ऊर्जा उत्पादन भइरहेको आयोजनाले जनाएको छ ।

### फ्याक्ट्स नेपालको 'फ्याक्ट्स अफ नेपाल' सार्वजनिक




काठमाडौं (कास)- फ्याक्ट्स रिसर्च एन्ड एनालिटिक्स (फयाक्ट्स नेपाल) ले 'फ्याक्ट्स अफ नेपाल'को ११औं संस्करण सार्वजनिक गरेको छ । यो प्रकाशन नेपालका राष्ट्रिय, आर्थिक, सामाजिक र राजनीतिक पक्षहरूबारे तथ्यमा आधारित जानकारी प्रदान गर्ने उद्देश्यले तयार पारिएको फ्याक्ट्स नेपालले सार्वजनिक गरेको विज्ञप्तिमा उल्लेख छ । २०२६ संस्करणले प्रकाशनको दीर्घ अनुसन्धान परम्परालाई निरन्तरता दिँदै रंगीन अर्थतन्त्रको ढाँचामा १० वटा खण्डमार्फत महत्त्वपूर्ण जानकारी प्रस्तुत गरेको विज्ञप्तिमा जनाइएको छ । यस संस्करणमा राष्ट्रिय तथा प्रादेशिक प्रोफाइल, ग्रिन इकोनमी, ह्वाइट/फर्मल इकोनमी, पर्पल इकोनमी, गोल्ड इकोनमी, रेड इकोनमी, अरेन्ज इकोनमी,ग्रे इकोनमी, पोलिटिकल इकोनमी तथा फ्याक्ट्स रिसर्च एन्ड एनालिटिक्ससम्बन्धी विशेष खण्ड समावेश रहेको बताइएको छ । प्रत्येक खण्डले नेपालका प्रमुख क्षेत्र र विकास प्राथमिकताबारे सन्दर्भगत तथा विश्लेषणात्मक जानकारी प्रदान गर्ने कम्पनीको भनाइ छ ।

### दराज नेपालको '८.८ ग्रेट एट सेल' घोषणा




काठमाडौं (कास)- अनलाइन किनमेल प्लेटफर्म दराज नेपालले '८.८ ग्रेट एट सेल' आयोजना गर्ने घोषणा गरेको छ । विशेष ब्रान्ड अफर, आकर्षक छुट, डिजिटल भुक्तानीमा अतिरिक्त बचत तथा हरेक दिन उपहार जित्ने अवसरसहित आयोजना गर्ने तयारी गरिएको यस अभियानले नेपाली उपभोक्तालाई अझ रोमाञ्चक र लाभदायी अनलाइन किनमेल अनुभव प्रदान गर्ने लक्ष्य रहेको कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । २२ साउनदेखि २७ साउनसम्म सञ्चालन हुने यस अभियानअन्तर्गत ग्राहकले ७० प्रतिशतसम्म छुट, निःशुल्क डेलिभरी तथा ५० लाख रुपैयाँ बराबरका भौचर प्राप्त गर्ने विज्ञप्तिमा जनाइएको छ । अभियानअन्तर्गत ग्राहकले दराजमा उपलब्ध लोकप्रिय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ब्रान्डका उत्पादनमा विशेष छुट प्राप्त गर्नेछन् । प्लाटिनम ब्रान्ड पार्टनर्सअन्तर्गत रहेका होनासा र बेयर एनाटमीका उत्पादनमा १० प्रतिशतसम्म छुट उपलब्ध हुने बताइएको छ । गोल्ड ब्रान्ड पार्टनर, ब्रान्डहाउसका तर्फबाट ६० प्रतिशतसम्म छुट उपलब्ध हुने विज्ञप्तिमा उल्लेख छ । सिल्भर ब्रान्ड पार्टनर्सअन्तर्गत रहेका न्युलाइट, युग्रिन, जीएनसी र बियर्डीका चयनित उत्पादनमा ७० प्रतिशतसम्म छुट उपलब्ध हुने जानकारी दिइएको छ ।

### मिस युनिभर्स नेपाल २०२६ को फिजिकल अडिसन सकियो

काठमाडौं (कास)- दिपलले प्रस्तुत गरेको मिस युनिभर्स नेपाल २०२६ को फिजिकल अडिसन द सोल्टी



काठमाडौंमा गरिएको छ । यस पटकको अडिसनमा नेपालका विभिन्न क्षेत्रका साथै विश्वभरका गैरआवासीय नेपाली गरी १ सय ६ जना प्रतिस्पर्धीको उत्साहजनक सहभागिता रहेको दिपलले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । सहभागीहरूको आत्मविश्वास, प्रतिभा र व्यक्तित्वको मूल्यांकनपछि निर्णायक मण्डलले उत्कृष्ट २५ जना प्रतिस्पर्धीलाई प्रतिस्पर्धाको अर्को चरणका लागि चयन गर्ने जनाइएको छ । छानिएका २५ जना प्रतिस्पर्धीले ग्रान्ड फिनालेका लागि विशेष तालिम, मेन्टरसिप र व्यक्तित्व विकासका कार्यक्रममा भाग लिने विज्ञप्तिमा उल्लेख छ ।

### नेपाल बैंक र चितवन इनर्जी लिमिटेडबीच कर्जा सम्झौता




काठमाडौं (कास)- नेपाल बैंक लिमिटेड र चितवन इनर्जी लिमिटेडबीच लोअर ठूलोखोला जलविद्युत् आयोजना निर्माण तथा सञ्चालन गर्न कर्जा तथा सुविधा प्रदान गर्नेसम्बन्धी सम्झौता भएको छ । यससम्बन्धी सम्झौतापत्रमा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत तिलकराज पाण्डेय र चितवन इनर्जी लिमिटेडका तर्फबाट सञ्चालक गोपालप्रसाद निउरेले हस्ताक्षर गरेको बैंकले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । वित्तीय व्यवस्थापनका लागि नेपाल बैंक लिमिटेडलाई अवसर प्रदान गरेकामा नेपाल बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत पाण्डेयले चितवन इनर्जी लिमिटेडलाई धन्यवाद दिए ।

### फ्रन्टलाइनमा मिनिमली इन्भेसिभ ओपन हार्ट सर्जरी



काठमाडौं (कास)- फ्रन्टलाइन हस्पिटलले मिनिमली इन्भेसिभ कार्डियाक सर्जरी प्रविधिबाट ओपन हार्ट सर्जरी गरेको छ । आधुनिक मुटु उपचार सेवातर्फ महत्त्वपूर्ण उपलब्धि हासिल गर्दै पहिलोपटक शल्यक्रियामार्फत एट्रियल सेप्टल डिफेक्ट अर्थात् मुटुमा रहेको प्वाल सफलतापूर्वक बन्द गरिएको अस्पतालले जनाएको छ । झापा निवासी २२ वर्षीय ब्रह्मदेव ज्वाला सिंहमा उक्त शल्यक्रिया सफलतापूर्वक गरिएको अस्पतालले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । बिरामीको आर्थिक अवस्था कमजोर रहेको मूल्यांकनपछि अस्पतालले आफ्नो सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत शल्यक्रिया, चिकित्सक शुल्क, अस्पताल शुल्क, औषधि, आईसीयू सेवा, प्रयोगशाला परीक्षणलगायत सम्पूर्ण उपचार सेवा निःशुल्क उपलब्ध गराएको बताएको छ । फ्रन्टलाइन हस्पिटलले आर्थिक अभावका कारण कुनै पनि नागरिक जीवनरक्षक उपचारबाट वञ्चित हुन नहुने आफ्नो विश्वास रहेको उल्लेख गर्दै विपन्न तथा उपचार खर्च वहन गर्न नसक्ने बिरामीलाई गुणस्तरीय स्वास्थ्य सेवा पहुँचयोग्य बनाउने प्रतिबद्धता पनि दोहोर्‍याएको छ । वरिष्ठ कार्डियाक सर्जन डा. अनिल भट्टराईको नेतृत्वमा उक्त शल्यक्रिया गरिएको हो ।

### जोन्टा इन्टरनेसनल बोर्डमा पर्यटन व्यवसायी सृजना राणा



काठमाडौं (कास)- उद्यमी तथा होटल एसोसिएसन नेपाल (हान) की पूर्वअध्यक्ष सृजना राणा जोन्टा इन्टरनेसनलको बोर्ड अफ डिरेक्टर्समा निर्वाचित भएकी छन् । सन् २०२६-२८ कार्यकालका लागि उनी बोर्ड सदस्यमा निर्वाचित भएकी हुन् । क्यानडाको भ्यानकुभरमा ११ देखि १४ जुलाईसम्म सम्पन्न ६७औं जोन्टा इन्टरनेसनल कन्भेन्सनमा राणा बोर्ड सदस्यमा निर्वाचित भएकी हुन् । पर्यटन उद्यमीका रूपमा परिचित राणाले नेपालको होटल तथा पर्यटन क्षेत्रको नेतृत्व गरिसकेकी छन् । उनी महिला नेतृत्व, पर्यटन प्रवर्द्धन तथा सामाजिक सेवाका क्षेत्रमा सक्रिय व्यक्तित्वका रूपमा चिनिन्छिन् । सम्मेलनकै अवसरमा जोन्टा क्लब काठमाडौंले अन्तर्राष्ट्रिय सम्मान प्राप्त गरेको छ । क्लबले सन् २०२४-२०२६ कार्यकालका लागि प्रदान गरिने 'जोन्टा एक्सिलेन्स इन सर्भिस एन्ड एड्भोकेसी अवार्ड' जितेको जनाइएको छ । महिला तथा बालिकामाथि हुने प्रत्यक्ष र डिजिटल हिंसा रोकथामका लागि गरेको उत्कृष्ट सेवा र पैरवीका आधारमा प्रदान गरिएको यो सम्मान लगातार दोस्रो कार्यकाल क्लबले प्राप्त गरेको हो ।

# कोशी सरकारमा जान नेकपाको सर्त

**गंगा बीसी** (काठमाडौं)

एमालेले कोशीमा मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई निरन्तरता दिने निर्णय लिएपछि सरकारमा जानका लागि नेकपाले सर्त अघि सारेको छ । एमाले अध्यक्ष केपी शर्मा ओलीले मुख्यमन्त्री परिवर्तन गर्न चाहे पनि कार्कीले नछाड्ने अडान लिएपछि अन्ततः उनैलाई निरन्तरता दिने निर्णयमा एमाले पुगेको छ । एमालेभित्र कोशीमा मुख्यमन्त्री को हुने भन्ने विवाद हाललाई टुंगिए पनि नेकपाले भने प्रदेश सरकार अस्थिर बनाउन नहुने धारणाका साथ बाँकी पूरै कार्यकाल मुख्यमन्त्री फेर्न नपाइने सर्त अघि सारेको छ । उसले एमालेको यो निर्णय क्षणिक समयका लागि मात्र भए सरकारमा नजाने अडान राखेको छ ।

एमाले विवादकै कारण कोशी सरकार पुनर्गठन हुन ढिलाइ भइरहेको छ । एमाले अध्यक्ष ओली र नेकपा संयोजक पुष्पकमल दाहालबीच ९ साउनमा प्रदेश सरकारमा गठबन्धन गर्ने सहमति भएको थियो । नेकपा संसदीय दलका नेता इन्द्र आङ्बोले मुख्यमन्त्री कार्कीको 'फेस सेभिङ' गर्न छोटो समयका लागि सरकारमा सहभागी हुनुको अर्थ नभएको बताए । 'हिक्मतजी केही समयका लागि मुख्यमन्त्री हुने हो कि पूरै कार्यकाल हो ? अब प्रदेश सरकार स्थायित्व हुनुपर्छ भन्ने हाम्रो कुरो हो,' उनले भने, 'क्षणिक समयका लागि सरकारमा सहभागी हुनुको अर्थ हुँदैन, राजनीतिक विषय टुंगो भएपछि थप कुरा हुनेछ ।'

एमाले अध्यक्ष ओलीले संसदीय दलका उपपनेता तिलकुमार मेन्याङ्बोलाई मुख्यमन्त्री बनाउन चाहेका थिए । तर उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेलले कार्कीलाई हटाउँदा गलत सन्देश जाने भन्दै ओलीलाई सम्झाएका थिए । एमाले कोशी प्रदेश कमिटी अध्यक्ष घनश्याम खतिवडाले मुख्यमन्त्रीमा कार्कीलाई निरन्तरता दिने निर्णय भएको बताए । तर कोशी प्रदेशसभाकै एमाले सांसद एकराज कार्कीले हाल मुख्यमन्त्रीमा कार्कीकै निरन्तरता हुने भए पनि केही महिनापछि फेरबदल हुन सक्ने बताए ।

२०८१ असारमा केन्द्रमा कांग्रेस-एमाले गठबन्धन बनेपछि मुख्यमन्त्री कार्कीको नेतृत्वमा कोशी सरकार बनेको थियो । कार्की संविधानको धारा १६८ को उपधारा (५) अनुसार बहुमत सदस्यको समर्थनमा मुख्यमन्त्री भएका हुन् । प्रदेश सरकार बनाउने अन्तिम उपधाराबाट मुख्यमन्त्री भएका कार्कीलाई हटाउँदा संवैधानिक जटिलता आउन सक्ने भन्दै कार्कीलाई नै निरन्तरता दिनुपर्ने उपाध्यक्ष पौडेल र महासचिव पोखरेलले बताएका थिए । कार्की तीन पटक मुख्यमन्त्री भइसकेका छन् । उनी पहिलो पटक २५ पुस २०७९ देखि २१ असार २०८०, दोस्रो पटक २२ भदौ २०८० देखि २७ असोज २०८० र तेस्रो पटक २७ जेठ २०८१ देखि हालसम्म मुख्यमन्त्रीका रूपमा छन् । प्रदेशसभाका ९२ सांसदमध्ये एमालेका ४० र नेकपाका १७ सांसद छन् । सरकार बनाउन एमाले र नेकपाको स्पष्ट बहुमत ५७ सांसद छन् ।

# सिरहामा कसले चलाएको...

'सशस्त्र प्रहरीले गोली नै चलाएको छैन भनिएको छ,' उनले कान्तिपुरसँग भने । नेपाल प्रहरी प्रवक्ता डीआईजी अविनारायण काफ्लेले पनि कसले गोली चलाएको थियो भन्ने छानबिन गर्न सोही दिन प्रदेश प्रहरी कार्यालय, मधेशबाट प्रहरी उपरीक्षक (एसपी) भेषराज रिजालको नेतृत्वमा समिति बनाइएको बताए ।

उनी भन्छन्, 'गृह मन्त्रालयले पनि समग्र घटनाको छानबिन गर्न छुट्टै समिति बनाएको छ, त्यसमा पनि प्रहरीका प्रतिनिधिहरू छन् ।' प्रशासनले परिस्थितिलाई नियन्त्रणमा लिन भन्दै त्यस दिन कर्फ्यु लगाएको थियो । नेपाली सेनाको टोलीसमेत परिचालन भएको थियो । सेनाले समेत त्यो दिन गोली चलाएको स्विकारेको छैन । सैनिक प्रवक्ता राजाराम बस्नेत भन्छन्, 'छानबिन भइरहेको विषय भएकाले त्यसमा मलाई कुनै जानकारी प्राप्त भएको छैन ।'

घटनाको छानबिनका लागि बनाइएको गृह मन्त्रालयका सहसचिव पुष्पराज शाही नेतृत्वको टोलीले समेत त्यो दिन कसले गोली चलाएको थियो भन्ने पत्ता लगाउन सकेको छैन । समितिका एक सदस्यले कान्तिपुरसँग भने, 'कसले गोली चलाएको थियो भन्ने विषय जटिल देखिन्छ, त्यो विषयलाई नै अनुसन्धानको प्राथमिकता दिएर हेरिरहेका छौं ।'

गोली कसले चलाएको थियो भन्ने विषयमा अन्योल देखिएपछि समितिमा नेपाल प्रहरीको विधि विज्ञान प्रयोगशालामा कार्यरत दुई अधिकारीलाई थपिएको छ । मन्त्रालयले पछिल्लो पटक ब्यालेस्टिक र फरेन्सिक जाँच गर्ने गरी प्रहरी निरीक्षक दीपेश अवस्थी र प्रहरी उपरीक्षक (एसपी) मनोहरसिंह धामीलाई थपेको छ । त्यसअघि समितिमा नेपाल प्रहरीका एसपी मोहनकुमार थापा, सशस्त्र प्रहरीका एसपी नरेश भण्डारी, प्रहरीको केन्द्रीय विधि विज्ञान प्रयोगशालाका डीएसपी पवनकुमार ढुंगाना र गृह मन्त्रालयका उपसचिव कुलशेखर अर्याल सदस्य थिए ।

मन्त्रालयका एक अधिकारीका अनुसार, गोली कसले चलाएको थियो भन्ने विषयमा अलमल देखिएपछि त्यसको निक्र्यौल गर्नलाई समितिमा दुई सदस्य थपिएको हो । 'ब्यालेस्टिक जाँचबाट कुन बन्दुकबाट गोली चलेको थियो भन्ने पत्ता लाग्छ र यस विषयमा निष्कर्षमा पुग्न सकिन्छ भन्ने बुझाइ हो,' ती अधिकारीले भने, 'गोली हानिएको दूरी पनि थाहा हुने भएकाले समितिलाई अन्य विषयमा अध्ययन गर्नसमेत सहयोगी हुन्छ भन्ने ठानेका छौं ।'

राष्ट्रिय मानवअधिकार आयोग मधेशका प्रमुख बुद्धनारायण सहनी पनि हालसम्म सिरहामा कसले गोली चलाएको थियो भन्ने खुल्न नसकेको बताउँछन् । 'धेरै किसिमका चर्चा छन्, तर यकिन पुष्टि भएको छैन,' उनले कान्तिपुरसँग भने, 'त्यसमा पनि अध्ययन गरिरहेका छौं ।' प्रहरी अधिकारीहरूका अनुसार, यस किसिमका घटनामा विगतमा पनि कसले गोली चलाएको थियो भन्ने विषयमा अलमल हुने परिस्थिति बनेका छन् । 'यो पहिलो पटक आएको विषय होइन, सुरक्षा निकायले एउटै हतियार बोकेका हुन्छन्, त्यसपछि कहिलेकाहीं त्यो कारबाहीसँग पनि जोडिने विषय भएकाले मैले गरेको होइन भन्ने हुन्छ,' नेपाल प्रहरीका पूर्वएआईजी उत्तमराज सुवेदी भन्छन्, 'तर, ब्यालेस्टिक जाँचका क्रममा कुन बन्दुकबाट फायर भएको गोलीले ज्यान गएको हो भन्ने पत्ता लागिहाल्छ ।'

घटनास्थलमा को-को खटिएका थिए र उनीहरूले कुन-कुन हतियार बोकेका थिए भन्ने स्पष्ट विवरण भएपछि त्यो पत्ता लगाउन गाह्रो नहुने उनको भनाइ छ । 'कहिलेकाहीं अर्को पक्षबाट गोली चलेको समेत हुन सक्ने सम्भावना रहन्छ, कसैले जिम्मेवारी लिइरहेको छैन भने मान्छेको ज्यान त त्यतिकै जाने कुरा भएन,' सुवेदीले भने, 'त्यो कुरासमेत ब्यालेस्टिक जाँच गरेपछि मात्र भन्न सकिन्छ ।'

सरकारले आफ्नो सन्तानको हत्या गरेको दाबी गर्दै मृतक गणेशका बुबा रामवृक्षले छानबिन र दोषीलाई कारबाही हुनुपर्ने माग राखिरहेका छन् । उनी भन्छन्, 'सरकारले मेरो बच्चाको हत्या गरेको छ, गोली हान्नेलाई कारबाही हुनुपर्‍यो, मलाई न्याय चाहियो ।'

१५ साउनमा गृहमन्त्री सुधन गुरुङ उनको घरमा पुग्दासमेत बुबा रामवृक्षले सोही माग राखेका थिए । त्यसपछि गृहमन्त्री गुरुङ स्वयंले हस्ताक्षर गरेको सहमतिको दोस्रो बुँदामा 'गोलबजारमा भएको घटनाको निष्पक्ष र प्रभावकारी छानबिन गरी दोषीमाथि कारबाही प्रक्रिया तत्काल अघि बढाउने' उल्लेख छ ।

त्यसअनुसार गृह मन्त्रालयका सहसचिव पुष्पराज शाही नेतृत्वको टोलीले छानबिनको काम थालेको थियो । सिरहा पुगेर समितिले घटनास्थल अवलोकन, तथ्य तथा प्रमाण संकलन, स्थानीय तथा सरोकारवालासँग छलफल थालिसकेको छ । संयोजक शाहीका अनुसार पहिलो चरणमा सोमबार गोलबजारमा घटनास्थलको अवलोकन गर्ने काम भयो भने मंगलबार गोलबजार नगरपालिकामा सर्वदलीय बैठक बसेर सबै पक्षको भनाइ सुन्ने काम भएको छ ।

दोस्रो चरणमा स्थानीय व्यवसायीसँग संवाद गरेर आन्दोलनका क्रममा भएका क्षति तथा व्यवसायीका गुनासो सुनेको समितिले तेस्रो चरणमा मुस्लिम समुदायका प्रतिनिधिहरूसँग छुट्टै बैठक गरी घटनाको कारण, प्रभाव र सामाजिक सद्भाव कायम गर्ने उपायबारे छलफल गरेको उनले बताए । गोलबजारमा भएको घटनाको पृष्ठभूमि, आन्दोलनका क्रममा सुरक्षाकर्मीले गोली चलाउनुको कारण खोतल्ने र आगामी दिनमा सामाजिक सद्भाव कायम राख्न हुन सक्ने उपायहरू सुझाउने आफूहरूको मूल काम रहेको शाहीले बताए ।

मानवअधिकारको अन्तर्राष्ट्रिय सिद्धान्तले भीड नियन्त्रणमा घातक हतियार प्रयोग नगर्नु भन्छ । तर, प्रहरीले घातक हतियार प्रयोग गर्दा बारम्बार नागरिकको ज्यान जाने गरेको छ । सुनसरीको देवानगन्ज-४ मा १० साउनको राति दुई समुदायबीच भएको झडपलाई साम्य बनाउन गएको प्रहरी टोली आफैं आक्रमणमा परेर फर्किएको थियो । त्यसपछि पुगेको सशस्त्र प्रहरीको टोलीले '२० राउन्ड फायर' गर्दा ३० वर्षीय ओमप्रकाश मेहताको ज्यान गएको थियो । ९ स्थानीय घाइते भएका थिए । उपचारका क्रममा थप दुई जनाको मृत्यु भएको थियो ।

स्थानीय प्रशासन ऐन, २०२८ ले शान्ति सुरक्षा कायम हुन नसक्ने अन्तिम विकल्पमा मात्र सुरक्षाकर्मीले गोली चलाउन सक्ने भनेको छ । गोली चलाउनुपर्ने आवश्यकता भए त्यसअघि भीडलाई स्पष्टसँग चेतावनी दिनुपर्ने भनिएको छ । भीड नियन्त्रणको सिद्धान्तले पनि बल प्रयोग गर्दा संयमता अपनाएर सकेसम्म कम क्षतिमा नियन्त्रण गर्नुपर्ने भनेको छ । तर, स्थानीयवासी गोली चल्न लागेको भनेर चेतावनीसमेत नदिएको बताउँछन् ।

स्थानीय प्रशासन ऐनको दफा ६ को उपदफा (ख) मा 'भीड हटेन र गोली चलाउनुपर्ने नै भयो भने घुँडामुनि पारी गोली चलाउनका लागि आदेश लेखी सही गरेर दिने' भनिएको छ । तर सुनसरीमा अधिकांशको घुँडाभन्दा माथि गोली लागेको छ । सिरहा घटनामा ज्यान गुमाएका गणेशको पनि घाँटीमा गोली लागेको थियो । बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उनको पोस्टमार्टम भएको छ । त्यसको प्रतिवेदन तयार भइसकेको अस्पतालको भनाइ छ ।


## यु.ए.ई.मा रोजगारको सूवर्ण अवसर

## ENOC RETAIL LLC, DUBAI

Pre-approval Date: 2026/07/17 LT. No: 345154 Ref. No.: 60258752

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashiers/Sales Staff | 75 | 50 | १२ पास | 1500 | 62,175 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2 | Fuel Pump Attendant/Petrol Filling Labour | 250 | 0 | SEE पास | 1350 | 55,957 | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च | यु.ए.ई. पुगेपछिको मेडिकल खर्च | स्वदेशमा गरिने बीमा खर्च | कम्पनीमा काम शुरु भएपछिको बीमा खर्च | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्होर्ने | भिषा स्ट्याम्पीङ्ग शुल्क कसले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्होर्ने | रोजगादाताले व्होर्ने | रोजगादाताले व्होर्ने | रोजगारदाता कम्पनीले व्होर्ने | रोजगादाताले व्होर्ने | रोजगारदाताले व्होर्ने | रोजगारदाताले व्होर्ने | रोजगादाताले व्होर्ने | रोजगादाताले व्होर्ने | नि:शुल्क |

वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी : १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस् । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भवाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला । ८) छनौट भई भिसा प्राप्त गरिसकेको व्यक्तिले उक्त रोजगारमा जान नचाहेमा यस संस्थालाई भिसा वापत लागेको शुल्क क्षतिपूर्ति दिनुपर्ने छ ।

Candidates should be young energetic with good personality, fluent in English and +2 School passed and good in mathematics for sales staff . Age should be 22 to 34 years & height should be more than 5ft, should have minimum 1-2 years experience in same field. No visible tattoos are allowed.

**अर्न्तवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट २०८३ भाद्र ९, १० र ११ गते (25, 26, 27 August, 2026) स्मार्ट दरवार पार्टी प्यालेस, काठमाडौं-४, शंखपार्क धुम्बाराहीमा हुनेछ । प्रि-अर्न्तवार्ता भइरहेको छ । प्रि-अर्न्तवार्ता मा सामेल भएकाहरुलाई मात्र फाइनल अर्न्तवार्तामा सहभागी गराईने छ ।**

## अल-आसमाक्स कम्पनी प्रा. लि.

महाराजगञ्ज, चक्रपथ, सल्लाघारी, काठमाडौं, नेपाल

फोन नं.: ०१-४६५०४७०, ४६५०४७१, ४६५०४७२, ४६५०४७३

श्रम ईजाजत पत्र नं. ७४८/०६४/०६५

Email : alasmacsrecruitment@asmacs.com.np

www.jobs4hunt.com is the road to your succes in your carrer



# FREE TICKET ! FREE VISA !!

# QATAR AIRWAYS GROUP

## मा रोजगारको अवसर

पूर्व स्वीकृती मितिः २०८३/४/१३ चलानी नं. ६०२५८९८४ LT# 345709

| क्र.स. | समुह | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | योग्यता | मासिक तलव QR | मासिक तलव ने.रू. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा/ओभर टाईम सुविधा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Customer Service Agent | Customer Service Agent | 30 | 0 | सम्बन्धित काममा दक्ष | 3394 | १४१,६१७।- | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Waiter | Food & Beverage Attendant | 100 | 0 | | 3394 | १४१,६१७।- | | | | | | |
| ३. | Waiter | Dining Services Assistant II | 55 | 0 | | 1817 | ७५,८१५।- | | | | | | |
| ४. | Waiter | Junior Barista | 50 | 0 | | 1817 | ७५,८१५।- | | | | | | |
| ५. | Waiter | Dining Services Agent | 30 | 0 | | 2589 | १०८,०००।- | | | | | | |
| ६. | Waiter | Food Server | 40 | 0 | | 1817 | ७५,८१५।- | | | | | | |
| ७. | Waiter | F&B Hostess | 30 | 0 | | 2589 | १०८,०००।- | | | | | | |
| ८. | Waiter | Barista | 20 | 0 | | 2589 | १०८,०००।- | | | | | | |
| ९. | Waiter | F&B Team Leader | 30 | 0 | | 3511 | १४६,५००।- | | | | | | |
| १०. | Service Agent/General | Steward | 20 | 0 | | 1675 | ६९,८९०।- | | | | | | |
| ११. | Service Agent/General | Loading Assistant | 20 | 0 | | 1817 | ७५,८१५।- | | | | | | |
| १२. | Service Agent/General | F&B Food Services Assistant | 20 | 0 | | 1337 | ५५,७९०।- | | | | | | |
| १३. | Service Agent/General | Stores Assistant | 20 | 0 | | 1337 | ५५,७९०।- | | | | | | |
| १४. | Service Agent/General | Laundry Assistant | 25 | 0 | | 1337 | ५५,७९०।- | | | | | | |
| १५. | Service Agent/General | Bond Assistant | 10 | 0 | | 1337 | ५५,७९०।- | | | | | | |
| १६. | Service Agent/General | Hygiene Assistant | 10 | 0 | | 1337 | ५५,७९०।- | | | | | | |
| १७. | Service Agent/General | Assembly Assistant I | 20 | 0 | | 1337 | ५५,७९०।- | | | | | | |
| १८. | Service Agent/General | Equipment Processing Assistant I | 25 | 0 | | 1337 | ५५,७९०।- | | | | | | |
| १९. | Service Agent/General | Poster/Labor Assistant | 80 | 0 | | 1337 | ५५,७९०।- | | | | | | |
| २०. | Driver, Ramp | Equipment Operators | 140 | 0 | | 2589 | १०८,०००।- | | | | | | |
| २१. | Driver, Ramp | Equipment Operators I | 30 | 0 | | 3260 | १३६,०००।- | | | | | | |
| २२. | Driver, Ramp | Aircraft Towing Operator | 10 | 0 | | 3260 | १३६,०००।- | | | | | | |
| २३. | Driver, Ramp | Driver Cargo Transport | 15 | 0 | | 1687 | ७०,३९०।- | | | | | | |
| २४. | Driver, Ramp | Cargo and Baggage Transport Driver | 100 | 0 | | 1687 | ७०,३९०।- | | | | | | |
| २५. | Driver, Ramp | Cargo Transport Driver | 3 | 0 | | 1687 | ७०,३९०।- | | | | | | |
| २६. | Driver, Ramp | PAX Transportation Driver | 2 | 0 | | 2404 | १००,३१०।- | | | | | | |
| २७. | Driver, Ramp | Ramp Handling Agent II (Ffloater) | 50 | 0 | | 1687 | ७०,३९०।- | | | | | | |
| २८. | Driver, Ramp | Drirver-Light | 10 | 0 | | 1687 | ७०,३९०।- | | | | | | |
| २९. | Assistant, Cook Chef | First Commis | 30 | 0 | | 2589 | १०८,०००।- | | | | | | |
| ३०. | Assistant, Cook Chef | Second Commis | 30 | 0 | | 1817 | ७५,८१५।- | | | | | | |
| ३१. | Assistant, Cook Chef | Chef de Partie | 15 | 0 | | 3511 | १४६,५००।- | | | | | | |
| ३२. | Assistant, Cook Chef | Dining Services I | 10 | 0 | | 1337 | ५५,७९०।- | | | | | | |
| ३३. | Assistant, Cook Chef | III Commis Chef | 40 | 0 | | 1337 | ५५,७९०।- | | | | | | |
| ३४. | Assistant, Cook Chef | Commis Chef II | 30 | 0 | | 1817 | ७५,८१५।- | | | | | | |
| ३५. | Technician, Mechanical Aircraft Body | GSE Technician | 10 | 0 | | 2404 | १००,३१०।- | | | | | | |
| ३६. | Technician, Mechanical Aircraft Body | Ground Support Technician | 5 | 0 | | 3260 | १३६,०००।- | | | | | | |
| ३७. | Technician, Mechanical Aircraft Body | Body Shop Technician | 15 | 0 | | 2404 | १००,३१०।- | | | | | | |
| ३८. | Supervisor | Baggage Team Leader | 5 | 0 | | 3260 | १३६,०००।- | | | | | | |
| ३९. | Supervisor | Freighter Loading Team Supervisor | 1 | 0 | | 4435 | १८५,०००।- | | | | | | |
| ४०. | Supervisor | Airside Supervisor | 2 | 0 | | 4435 | १८५,०००।- | | | | | | |
| ४१. | Supervisor | Baggage Supervisor | 3 | 0 | | 4435 | १८५,०००।- | | | | | | |
| ४२. | Supervisor | Cabin Appearance Supervisor | 2 | 0 | | 4435 | १८५,०००।- | | | | | | |
| ४३. | Supervisor | Customer Services Supervisor | 3 | 0 | | 4435 | १८५,०००।- | | | | | | |
| ४४. | Supervisor | Flight Control Supervisor | 2 | 0 | | 4435 | १८५,०००।- | | | | | | |
| ४५. | Supervisor | Loading Team Supervisor | 2 | 0 | | 4435 | १८५,०००।- | | | | | | |
| ४६. | Supervisor | Trolley Services Suppervisor re title | 2 | 0 | | 4435 | १८५,०००।- | | | | | | |
| ४७. | Ground Host | GSE Workshop Assistant | 25 | 0 | | 1687 | ७०,३९०।- | | | | | | |
| ४८. | Ground Host | Customer Services Agent | 30 | 0 | | 2404 | १००,३१०।- | | | | | | |
| ४९. | Ground Host | Load Controller | 5 | 0 | | 4435 | १८५,०००।- | | | | | | |
| ५०. | Ground Host | Agent Cargo Services | 4 | 0 | | 2404 | १००,३१०।- | | | | | | |
| ५१. | Ground Host | Agent Cargo Services I | 5 | 0 | | 1687 | ७०,३९०।- | | | | | | |
| ५२. | Ground Host | Lead Flight Planning Agent | 1 | 0 | | 3260 | १३६,०००।- | | | | | | |
| ५३. | Ground Host | Ground Handling Agent Baggage II | 40 | 0 | | 1687 | ७०,३९०।- | | | | | | |
| ५४. | Ground Host | Cargo & Baggage Transport Agent | 2 | 0 | | 2404 | १००,३१०।- | | | | | | |
| ५५. | Ground Host | Cargo & Baggage Transport (CABT) | 4 | 0 | | 3260 | १३६,०००।- | | | | | | |
| ५६. | Ground Host | Customer Services Agent II | 5 | 0 | | 1687 | ७०,३९०।- | | | | | | |
| ५७. | Ground Host | Customer Services PRM PTC Agent II | 30 | 0 | | 1687 | ७०,३९०।- | | | | | | |
| ५८. | Ground Host | Documentation Agent III | 4 | 0 | | 2404 | १००,३१०।- | | | | | | |
| ५९. | Ground Host | Ground Handling Agent 11 GSE | 4 | 0 | | 1687 | ७०,३९०।- | | | | | | |
| ६०. | Ground Host | Lead Cutomer Services Agent | 8 | 0 | | 3260 | १३६,०००।- | | | | | | |
| ६१. | Ground Host | RMS Allocator IV | 2 | 0 | | 3260 | १३६,०००।- | | | | | | |
| ६२. | Ground Host | Senior Product Delivery Agent | 2 | 0 | | 3260 | १३६,०००।- | | | | | | |
| ६३. | Ground Host | Airside Team Leader | 12 | 0 | | 3260 | १३६,०००।- | | | | | | |
| ६४. | Ground Host | Cabin \|Appearance Agnet II | 5 | 0 | | 1687 | ७०,३९०।- | | | | | | |
| ६५. | Ground Host | Customer Services Agent VIP | 5 | 0 | | 2404 | १००,३१०।- | | | | | | |
| ६६. | Ground Host | Trolley Team Leader Title | 4 | 0 | | 3260 | १३६,०००।- | | | | | | |
| ६७. | Ground Host | Customer Services | 5 | 0 | | 4435 | १८५,०००।- | | | | | | |
| ६८. | Ground Host | Customer Sevices Agent | 5 | 0 | | 2404 | १००,३१०।- | | | | | | |
| ६९. | Direct Sales Employee | Tile Assistant Sales Assistant | 80 | 0 | | 1817 | ७५,८१५।- | | | | | | |
| ७०. | Direct Sales Employee | Sales Assistant | 50 | 0 | | 2589 | १०८,०००।- | | | | | | |
| ७१. | Assistant Cook | First Commis | 0 | 5 | | 2589 | १०८,०००।- | | | | | | |
| ७२. | Assistant Cook | Second Commis | 0 | 5 | | 1337 | ५५,७९०।- | | | | | | |
| ७३. | Assistant Cook | Commis Chef III | 0 | 10 | | 1337 | ५५,७९०।- | | | | | | |
| ७४. | Assistant Cook | Commis Chef II | 0 | 10 | | 1817 | ७५,८१५।- | | | | | | |
| ७५. | Labourer | Hygience Assistant | 0 | 5 | | 1337 | ५५,७९०।- | | | | | | |
| ७६. | Labourer | Assembly Assistant I | 0 | 5 | | 1337 | ५५,७९०।- | | | | | | |
| ७७. | Labourer | Equipment Processing Assistant I | 0 | 5 | | 1337 | ५५,७९०।- | | | | | | |
| ७८. | Labourer | Porter/Labor Assistant | 0 | 10 | | 1337 | ५५,७९०।- | | | | | | |
| ७९. | Cashier | Tile Assistant | 0 | 15 | | 1817 | ७५,८१५।- | | | | | | |
| ८०. | Cashier | Sales Assistant | 0 | 15 | | 2589 | १०८,०००।- | | | | | | |
| ८१. | Waiter | F & B Food Services Assistant | 0 | 12 | | 1337 | ५५,७९०।- | | | | | | |
| ८२. | Waiter | Junior Barista | 0 | 12 | | 1817 | ७५,८१५।- | | | | | | |
| ८३. | Ground Steward | F&B Hostess | 0 | 19 | | 2589 | १०८,०००।- | | | | | | |
| ८४. | Ground Steward | Steward | 0 | 10 | | 1675 | ६९,८९०।- | | | | | | |
| ८५. | Ground Steward | Food Server | 0 | 10 | | 1817 | ७५,८१५।- | | | | | | |
| ८६. | Customer Service Agent | Customer Services | 0 | 2 | | 4435 | १८५,०००।- | | | | | | |
| ८७. | Body Masseur | Customer Services Agent | 0 | 2 | | 2404 | १००,३१०।- | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्होर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्होर्ने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- रोजगारदाता कम्पनीले | रु. १,५००।- रोजगारदाता कम्पनीले | रु. ७,००।- रोजगारदाता कम्पनीले | नि:शुल्क |

**प्रि-अन्तरवार्ता धमाधम भईरहेको छ । प्रि-अन्तरवार्तामा सामेल भई सफल भएकाहरुलाई मात्र फाइनल अन्तरवार्तामा सामेल गराइनेछ ।**

**अन्तरवार्ता २०८३ साउन २४ र २५ गते (9 & 10 Aug., 2026) सिद्धार्थ होटल विर्तामोडमा, २०८३ साउन २६ र २७ गते (11 & 12 Aug., 2026) होटल टुरिष्ट प्लेस इटहरीमा,२०८३ साउन २९, 30 र ३१ गते (14, 15 & 16 Aug., 2026) एसपायर एच आर सुपर सेन्टर कलंकीमा, २०८३ भाद्र २ र ३ गते (18 & 19 Aug., 2026) होटल पोखरा ग्राण्डी पोखरामा र २०८३ भाद्र ५ गते (21 Aug., 2026) होटल दि क्राउन इन बुटवलमा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ३) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ४) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ५) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ASPIRE HR

## ASPIRE EMPLOYMENT SERVICES PVT. LTD.

Office No 5103, Level 2, NBTC Mall, Kalanki, Kathmandu

Tel.: 01-4371042, 4371404

Email:submitcv@aspirejobszone.com, Web.: aspirejobszone.com

Govt Lic. No.: 1600/079/80

# इन्फान्टिनोविरुद्ध अझै अविश्वास प्रस्तावको पक्षमा यूईएफए

## यूईएफएले भनेको छ, हाम्रो मागअनुसार भविष्यमा यस्ता कार्यक्रम ल्याइने छैन भनेर इन्फान्टिनोले वाचा गरेका छैनन्



**मोरक्कोको रावटस्थित अल मदिना स्टेडियममा महिला अफ्रिकन कप अफ नेसन्सको मालवी र जाम्बियाको खेल हेर्न पुगेका फिफा अध्यक्ष जियानी इन्फान्टिनो ।** **तस्बिर** : एपी

जेनेभा (एपी)- युरोपेली फुटबल महासंघ (यूईएफए) ले जियानी इन्फान्टिनोविरुद्ध अविश्वास प्रस्ताव ल्याउने योजनामै रहेको बताइएको छ । विश्व फुटबल महासंघ -फिफा) को अध्यक्षविरुद्ध यस्तो प्रस्ताव ल्याउन ४३ सदस्यको मत चाहिने हुन्छ । यूईएफएको आफ्नै सदस्य संख्या ५५ रहेको हुनाले यस्तो प्रस्ताव ल्याउन उसलाई कुनै कठिनाइ रहेको छैन ।

तर प्रस्ताव पारित गराउन आवश्यक कुल सदस्य संख्याको आधा १ सय ६ मत ल्याउन भने कठिनाइ हुनेछ । अविश्वास प्रस्ताव प्रस्तुत गर्न विशेष साधारणसभा आवश्यक पर्छ र यसलाई बेलाउन नै तीन महिनाको समय चाहिन्छ । यति समयभित्र इन्फान्टिनोले अरू सदस्य देशलाई आफ्नो पक्षमा ल्याउन सक्नेछन् ।

इन्फान्टिनोको स्पष्ट विरोधी रहेको युरोपले उनीमाथि लगातार दबाब सिर्जना गरिरहेको छ । तर, उनलाई अन्य देशको भने समर्थन रहेको बताइएको छ । यसअघि फिफाले अध्यक्ष इन्फान्टिनोप्रति आफ्नो पूर्ण समर्थन दोहोर्‍याएको थियो । तर उसले रद्ध भएको आफ्नो योजनाको व्यवस्थापनप्रति भने क्षमा मागेको थियो ।

इन्फान्टिनोले फिफाका वरिष्ठ पदाधिकारीबाट समर्थन प्राप्त गरेको हो । फिफाको विश्वकपमा निजी लगानी खुला गर्ने योजनाको व्यापक विरोध भएपछि त्यसलाई फरक तरिकाले अगाडि बढाउनुपर्ने स्वीकारेको छ । त्यस प्रस्ताव विवादमा परेपछि फिफाले मोरक्कोमा संकटकालीन बैठक राखेको थियो ।

त्यस क्रममा फिफाले आफ्नोतर्फबाट भुल भएको पनि मानेको छ । फिफाले त्यस प्रस्ताव फिर्ता लिएपछि अध्यक्ष इन्फान्टिनोमाथि राजीनामाको दबाब बढेको थियो । फिफाले आफ्नो प्रस्ताव मिडियामा चुहिएकोमा पनि गल्ती भएको स्वीकारेको छ र यसक्रममा आफ्नो तर्फबाट प्रक्रियागत त्रुटी भएको मानेको थियो ।

यसकै जवाफमा यूईएफएले इन्फान्टिनोको समर्थनमा फिफाले केही पनि थप परिवर्तन गर्ने मनसाय देखाएन भने आफ्नो विश्वकपलगायत ठूला प्रतियोगिता बहिष्कार गर्ने निर्णय कायम राख्ने मनसाय पनि पोखेको । यूईएफएले भनेको छ, फिफाले माफी मागे पनि आफूले उठाएका कतिपय मुद्दामा अझै पनि सम्बोधन भएको छैन ।

यूईएफएले अगाडि भनेको छ, 'हामी एउटा तथ्यमा स्पष्ट छौं र त्यो के हो भने हामीले विश्वकप जस्ता ठूला प्रतियोगिता बहिष्कार गर्न सक्नेसम्मको निर्णयबाट पूर्णतः पछाडि हटेका छैनौं । फिफाले विश्वकप जस्ता प्रतियोगिताको अंश निजी क्षेत्रलाई बेच्ने प्रस्ताव गलत भएको मात्र जनाएको छ, हाम्रो मागअनुसार भविष्यमा यस्ता कार्यक्रम कहिले पनि ल्याउने छैन भनेर वाचा गरेको छैन ।'

यूईएफएले अध्यक्षका रूपमा इन्फान्टिनोलाई अब स्वीकार्न नसकिने पनि जनाएको छ । उसका अनुसार इन्फान्टिनोले नै नियुक्त गरेका केही पदाधिकारीले उनको अहिले समर्थन मात्र गरेको हो, अरू केही पनि होइन । यसबीच इंग्लिस एफएले इन्फान्टिनो अब पनि फिफाको नेतृत्व गर्न उपयुक्त नभएको जनाउँदै आगामी चुनावमा उनलाई समर्थन नगर्ने भनेको छ ।

### क्यानडाका प्रधानमन्त्रीलाई इन्फान्टिनोप्रति विश्वास रहेन

टोरोन्टो- भर्खर सम्पन्न विश्वकपको सह-आयोजक राष्ट्र क्यानडाका प्रधानमन्त्री मार्क कार्नीले फिफा अध्यक्ष जियानी इन्फान्टिनोको नेतृत्व क्षमतामाथि अब आफूलाई विश्वास नरहेको बताएका छन् ।

सञ्चारकर्मीसँग विश्वकपलाई निजी लगानीका लागि खुला गर्ने इन्फान्टिनोको स्थगित योजनाबारे टिप्पणी गर्दै कार्नीले भने, 'जे घटना भयो, त्यसपछि इन्फान्टिनोमाथि मेरो विश्वास गुमेको छ ।' विश्वकपलाई निजी लगानीमार्फत सञ्चालन गर्ने प्रस्ताव इन्फान्टिनोले कसरी अघि बढाए भन्ने विषयमा चर्को आलोचना बढ्दै गएको हो । शनिबार उक्त योजना फिर्ता लिएपछि उनले पदबाट राजीनामा दिनुपर्ने माग पनि चर्को रूपमा उठेको छ ।

फिफाको शीर्ष व्यवस्थापन टोलीसँग पर्याप्त छलफल नगरी यस्तो योजना अघि बढाएको भन्ने समाचार सही भए, त्यो इन्फान्टिनोको नेतृत्वका लागि 'घातक' हुनुपर्ने कार्नीको ठहर छ ।

उनले भने, 'सानो व्यवसाय होस् वा विश्व फुटबलजस्तो विश्वव्यापी जिम्मेवारी बोकेको संस्था यसरी सञ्चालन गरिँदैन ।'

४८ टोली सहभागी भएको इतिहासकै सबैभन्दा ठूलो विश्वकप क्यानडा, मेक्सिको र अमेरिकाले संयुक्त रूपमा सफलतापूर्वक आयोजना गरेपछि इन्फान्टिनोको नेतृत्वको प्रशंसा भइरहेको थियो । तर अहिले विश्वकपलगायतका प्रतियोगिताको व्यवस्थापन गर्न 'फिफा फरवार्ड इन्टरप्राइज' नामक नयाँ व्यावसायिक सहायक संस्था स्थापना गर्ने प्रस्ताव फिर्ता लिएपछि पनि इन्फान्टिनो दबाबमा परेका हुन् ।

# बायर्नको लक्ष्य नै 'च्याम्पियन्स लिग'



एफसी बायर्न

हङकङ (एएफपी)- बायर्न म्युनिखका प्रशिक्षक भिन्सेन्ट कोम्पनीले गत सिजनमा देखाएको प्रदर्शनमा सुधार ल्याउन 'साँच्चिकै कठिन' हुने जनाएका छन् । तर, उनले नयाँ अनुबन्धित खेलाडीहरूको सहयोगमा जर्मन महारथी टोली बायर्नले सन् २०२० यता पहिलो पटक च्याम्पियन लिग जित्ने आस राखेको छ ।

गत सिजन बायर्नले लिग र कप गरी दुई उपाधि जितेको थियो । तर, टोली युरोपको प्रमुख प्रतियोगिता च्याम्पियन्स लिगमा अन्त्यमा विजेता बनेको पेरिस सेन्ट जर्मेन (पीएसजी)सँग सेमिफाइनलमा पराजित भएको थियो । घरेलु उपाधि जित्नु जर्मनीको सबैभन्दा धनी र सफल टोलीका लागि खासै ठुलो चुनौती नभए पनि ६-५ को अग्रतामा फ्रान्सेली टोलीसँग पराजित भएपछि महादेशीय प्रतियोगिता जित्न बायर्नले थप समय कुर्नुपर्ने भएको थियो ।

'अहिलेलाई मैले भन्नुपर्दा हाम्रो लक्ष्य च्याम्पियन्स लिग नै हो,' शुक्रबार हङकङमा एस्टन भिल्लासँग हुने मैत्रीपूर्ण खेलअघि कोम्पनीले भने, 'सिजनका क्रममा हाम्रो ध्यान आउने खेलमा केन्द्रित हुन्छ, किनभने च्याम्पियन्स लिग फुटबल सेप्टेम्बरमा जितिन्न, न त अक्टोबरमा नै । केही खेलाडी अनुबन्धित गरेर हामीले आफ्नो टोलीमा थोरै भए पनि सुधार गरेका छौं । आशा छ, यस्ता खेलले हामीलाई लक्ष्य पुग्ने मौका दिनेछ । गत सिजनभन्दा राम्रो प्रदर्शन गर्न निकै नै कठिन छ, तर हाम्रो लक्ष्य यही नै हुनेछ ।'

बार्यनले आउँदो सिजन मोरक्को मिडफिल्डर इस्माइल साइबरीलाई पीएसभी आइन्डहोभेन र जर्मन डिफेन्डर नथानिइल ब्राउनलाई जर्मन प्रतिद्वन्द्वी इन्ट्राक्ट फ्रान्कफर्टबाट अनुबन्धित गरिसकेको छ । विश्वकप खेलेका बायर्नका स्टार माइकल ओलिस र इंग्ल्यान्डका कप्तान ह्यारी केन एसिया भ्रमणमा आएका छैनन् ।

ओलिसलाई रियल म्याड्रिडले लैजाने लक्ष्य बनाइरहेको हल्लाहरू आए पनि बायर्न म्युनिखका प्रमुख कार्यकारी जान क्रिस्टियन ड्रिसेनले भनेको भनाइ दोहोर्‍याउदै फ्रान्सेली मिडफिल्डर ओलिस जर्मन क्लबमै रहने कोम्पनीले जनाए । 'खेलाडी सरुवाको प्रसङ्ग मेरा लागि कहिल्यै खुला रहँदैन,' म्यानचेस्टर सिटीका पूर्व महान् खेलाडी कोम्पनीले भने ।

जर्मन समाचारपत्र बिल्डले प्रकासित गरेको एक समाचारलाई उनले खासै महत्व दिएनन् । बिल्डले आफ्ना पूर्वपार्टनरसँग सन्तानको हेरचाहका लागि भुक्तानी नगरेर विवाद गरेको जनाएको थियो । 'निजी जीवन भनेको निजी नै हो,' कोम्पनीले भने । ओलिसले यसबारेमा सार्वजनिक रूपमा केही भनेका छैनन् । हङकङको काइताक रंगशालामा बायर्नले बिहीबार अभ्यास गर्दा हजारौं समर्थकले हेरेका थिए । यही स्थानमा टोलीले भिल्लासँग खेल्ने लागेको हो । भिल्ला मोर्गन रोजर्सविनै रहेको छ । इंग्ल्यान्डका मिडफिल्डर रोजर्स गत महिना ब्रिटिस कीर्तिमानी १५ करोड ७० लाख डलरमा चेल्सी लागिसकेका छन् ।

युरोपा लिग च्याम्पियन भिल्लाले स्विस मिडफिल्डर योहान मान्जाम्बी क्लबको कीर्तिमानी रकममा अनुबन्ध गर्नुका साथै उल्भसका जोओ गोमेज र चेल्सीबाट एलेजान्ड्रो गारान्चोलाई लोनमा भित्र्याइसकेको छ । यस खेलपछि भिल्लाले एसिया भ्रमण टुंग्याउने छ । हङकङ आउनुअघि टोलीले इन्डोनेसिया र थाइल्यान्डमा खेलेको थियो ।

भिल्लाले बुधबार च्याम्पियन्स लिग बिजेता पेरिस सेन्ट जर्मेनसँग युरोपियन सुपर कपमा प्रतिस्पर्धा गर्दै छ । भिल्लाले अगस्ट २३ मा ब्राइटनसँग खेलेर प्रिमियर लिग यात्रा सुरु गर्नेछ । बायर्नले अगस्ट २८ मा बुन्डेसलिगाको आफ्नो पहिलो खेलमा स्टुटगार्टको सामना गर्नेछ ।

# जयसिललाई कठिन चुनौती

लन्डन (एएफपी)- नयाँ सिजन सुरु हुनलाग्दा इंग्लिस प्रिमियर लिग क्लब न्युकासल युनाइटेडले म्याथिस जयसिललाई नयाँ प्रशिक्षकमा नियुक्त गरेको छ । यससँगै यी जर्मन प्रशिक्षकको काँधमा कठिन चुनौती आइपुगेको छ । यसअघिका प्रशिक्षक एडी हाउ बाहिरिएपछि जयसिललाई जिम्मेवारी सुम्पिएको हो ।

उनी भर्खर ३८ वर्षका भए । उनले जर्मन यू-२१ टिमका लागि अन्तर्राष्ट्रिय फुटबल खेलेका छन् । पछिल्लो समय भने उनी साउदी क्लब अल-अहलीसँग आबद्ध थिए । तर उनीसँग न्युकासल जत्तिको माथिल्लो क्लब सम्हालेको अनुभव भने थिएन । यही अनुभव बटुल्ने अवसर पाएपछि उनले भने, 'यो त मेरो लागि धेरै ठूलो गर्विलो उपलब्धि हो ।'

उनी थप्छन्, 'युरोपमै पनि न्युकासल एक ठूलो क्लब हो । यसको इतिहास आफैंमा विशेष छ । यसका समर्थक पनि धेरै छन् । यही सबै अनुभवसँग आत्मसात् गर्न पाउने अवसरका लागि पनि म खुसी छु । जतिबेला न्युकासल जस्तो क्लबले प्रस्ताव राख्छ भने त्यसलाई अस्वीकार गर्न सकिन्न ।'

जतिबेला उनी २५ वर्षका थिए, चोटकै कारण आफ्नो खेलजीवन परित्याग गर्न बाध्य भए । त्यसयता उनी प्रशिक्षणतर्फ लागे । त्यस क्रममा उनको पहिलो जिम्मेवारी थियो, अस्ट्रियाको लेफेरिङ सम्हाल्ने । उनी आएयता यो क्लबले दोस्रो डिभिजनमा दोस्रो स्थान हात पारेको थियो । यो क्लब इतिहासमै सबैभन्दा उच्च प्रदर्शन थियो ।

सन् २०२१ मा उनले रेड बुल साल्सबर्गको प्रशिक्षण सम्हाले र यो क्लबले लिग र कप दुवै उपाधि जितेको थियो । सन् २०२३ मा उनी अल-अहली गए र उनकै नेतृत्वमा यस साउदी टिमले एएफसी च्याम्पिपयन्स लिग उपाधि जितेको थियो । न्युकासलमा साउदी लगानी रहेको हुनाले पनि जयसिललाई सजिलो भएको हो ।

जयसिलका लागि न्युकासलको चुनौती सहज भने रहने छैन । हाउले पाँच वर्ष न्युकासलमा बिताए र यो उतारचढावपूर्ण समय रह्यो । ठूलो प्रतिष्ठाका बावजुत पनि न्युकासल प्रायः संघर्ष गर्ने टिमको रूपमा छ । सन् २०२१ मा हाउ आएयता न्युकासलले लिभरपुललाई हराएर लिग कप जितेको थियो । यो सन् १९६९ यताको पहिलो ठूलो उपाधि थियो ।

हाउकै नेतृत्वमा न्युकासल सन् २०२३ र २०२५ मा च्याम्पियन्स लिगमा छनोट हुनपनि सफल रह्यो । न्युकासलका लागि पछिल्लो सिजन भने खराब रह्यो र १२ औं स्थानमा रह्यो । टिम लिगका ३८ खेलमध्ये १७ मा पराजित रह्यो । एलेक्जान्डर इसाकको लिभरपुल स्थानान्तरणले पनि न्युकासलको सिजन प्रभावित भएको थियो ।

तर न्युकासल च्याम्पियन्स लिगको अन्तिम १६ सम्म भने पुगेको थियो र त्यहाँ बार्सिलोनासँग हारेको थियो । नयाँ सिजन न्युकासलको पहिलो खेल लिभरपुलविरुद्ध नै छ । जयसिल भन्छन्, 'अबको चुनौतीलाई लिएर म निकै खुसी र उत्साही दुवै छु । मेरो लक्ष्य के हो, त्यो मलाई प्रस्ट छ । त्यसैले मलाई टिममा पनि पूरा विश्वास छ ।'

# उरुग्वेको प्रशिक्षकमा फोर्लान



एएफपी

मोन्टेभिडियो (एएफपी)- आफ्ना पूर्व स्ट्राइकर डिएगो फोर्लानलाई उरुग्वेले राष्ट्रिय फुटबल टोलीको प्रमुख प्रशिक्षक बनाएको छ । विश्वकपमा निराशाजनक प्रदर्शनपछि उरुग्वे फुटबल संघ (एयूएफ) ले यस्तो कदम चालेको बिहीबार जनाएको छ ।

फोर्लानले कार्यबाहकको हिसाबमा मात्र यो जिम्मेवारी पाएको जनाइएको छ । उरुग्वे उत्तर अमेरिकामा भएको विश्वकपमा समूह चरणबाटै बाहिरिएपछि प्रशिक्षक मार्सेलो बिइल्साले पदबाट राजीनामा दिएका थिए । 'डिएगो फोर्लानले यू-२० र राष्ट्रिय टोली सम्हाल्ने छन्,' एयूएफले आफ्नो संक्षिप्त विज्ञप्तिमा भनेको छ ।

सन् २०१० को विश्वकपका गोल्डेन बल विजेता फोर्लानसँग हप्तौंदेखिको छलफलपछि सहमतिमा पुगेको हो । एयूएफ स्रोतबाट प्राप्त जानकारीअनुसार ४७ वर्षे फोर्लान कार्यबाहकको रूपमा मात्र रहनेछन् र पछि सम्झौता लामो समयका लागि थप्नेछन् । सेप्टेम्बर, अक्टोबर र मार्चमा हुने मैत्रीपूर्ण खेलमा फोर्लान उरुग्वेको प्रशिक्षक भएर मैदान उत्रनेछन् ।

दुई पटकको विश्व च्याम्पियन उरुग्वे लगातार दोस्रो पटक विश्वकपको समूह चरणबाटै बाहिरिएको हो । यस विश्वकपमा साउदी अरेबिया र केप भार्डेसँग पहिलो दुई खेलमा बराबरीमा रोकिएको उरुग्वे समूह चरणको अन्तिम खेलमा विजेता बनेको स्पेनसँग पराजित भएको थियो । ७१ वर्षे बिइल्सलाई उनको गलत रणनीतिका कारण कडा आलोचना गरिएको थियो । साथै उनले विश्वकपमा ४० वर्षे गोलरक्षक फर्नान्डो मुसलेरामाथि धेरै विश्वास देखाएका थिए । उनै भेट्रान गोलरक्षकले गल्तीहरू गरिरहे ।

फोर्लानसँग थोरैमात्र प्रशिक्षणको अनुभव रहेको छ । २०२० मा उनी आफ्नो पूर्वक्लब पेनारोलबाट पहिलो पटक प्रशिक्षणमा आएका थिए, तर खराब नतिजाका कारण उनी ११ खेलसम्म मात्र टिके । अर्को पटक उनले २०२१ मा प्रशिक्षण दिए । उरुग्वेको दोस्रो डिभिजनको टोली एटेनाजबाट उनी १२ खेलमा प्रशिक्षक भएका थिए ।

तर खेलाडीको रूपमा उनको ठूलो प्रोफाइल छ । उनले उरुग्वेबाट १ सय १२ खेलमा सहभागिता जनाउँदै ३६ गोल गरेका छन्, जसमा २०१० को विश्वकपमा ५ गोल गरेका थिए । फोर्लान र उनका स्ट्राइकर जोडी लुइस स्वारेज मिलेर उरुग्वेलाई २०११ को कोपा अमेरिका च्याम्पियन बनाएका थिए । फोर्लानले २००१ देखि २००४ सम्म म्यानचेस्टर युनाइटेडबाट खेले । २००२/०३ सिजनमा प्रिमियर लिग जिते पनि त्यहाँउनका लागि कठिन बनेको थियो । तर स्पेनमा भिल्लारियल र एट्लेटिको म्याड्रिडबाट उनी सर्वाधिक सफल रहे । दुवै क्लबबाट उनले युरोपियन गोल्डेन बुटको उपाधि जितेका थिए ।

# सविन र रोहित स्नुकर फाइनल भिड्ने



काठमाडौं (कास)- नेपालका नम्बर एक खेलाडी वाङ्चु तामाङ प्रथम काठमाडौ खेलमण्डल नेपाल टप सिक्टिन ग्रान्ड मास्टर्स स्नुकर च्याम्पियनसिपको सेमिफाइनलमै पराजित भएका छन् ।

काठमाडौं खेल मण्डल (एनआरटी) को आयोजनामा त्रिपुरेश्वरस्थित क्लबकै भवनमा भएको प्रतियोगितामा बिहीबार दोस्रो सेमिफाइनलमा उनी सविन तामाङसँग ५-४ फ्रेमले स्तब्ध भएका थिए । खेल बेस्ट अफ नाइनमा भएको थियो । सविनले शनिबार हुने फाइनलमा रोहित क्षेत्रीसँग प्रतिस्पर्धा गर्नेछन् । रोहितले बिहीबारै भएको पहिलो सेमिफाइनलमा राजन गुरुङलाई ५-२ फ्रेमले पराजित गरेका थिए ।

विजेताले १ लाख ११ हजार १११ रुपैयाँसहित च्याम्पियन ट्रफी प्राप्त गर्दा उपविजेताले ५१ हजार पाउनेछन् । सेमिफाइनलिस्टद्वय जनही २५ हजारको भागिदार हुनेछन् । सेन्चुरी ब्रेक गर्नेलाई २५ हजार र ८० अंकभन्दा बढी ब्रेक गर्नेलाई २० हजार रुपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ ।

# डिओमान्डेको कीर्तिमानी अनुबन्ध

म्याड्रिड (एएफपी)- रियल म्याड्रिडले बिहीबार आइभोरी कोस्टका १९ वर्षे विङ्गर यान डिओमान्डेलाई क्लबको कीर्तिमानी १६ करोड १० लाख डलरको सरुवा रकममा जर्मन टोली लाइप्जिगबाट अनुबन्धन गरेको छ । त्यसमा बोनसहरू थप रहेको छ । डिओमान्डेलाइ भित्र्याउन बुन्डेसलिगा टोली लाइप्जिगसँग सहमत भएको जनाउँदै रियल म्याड्रिडले विज्ञप्तिमा भनेको छ, 'उनी हाम्रो क्लबमा ३० जुन, २०३३ सम्म सात सिजन रहनेछन् ।' यता लाइप्जिगको विज्ञप्तिमा डिओमान्डेले भनेका छन्, 'रियल म्याड्रिड जानु मेरो बच्चैदेखिको सपना पूरा हुनु हो ।' उच्च स्तरमा आफ्नो क्षमता प्रमाणित गर्ने मौका दिएकोमा उनले जर्मन टोली लाइप्जिगप्रति आभार प्रकट गरे ।



समाचारहरूमा जनाइएनुसार जुनमा लिभरपुलले डिओमान्डेलाई भित्र्याउन गरेको प्रस्ताव लाइप्जिगले अस्वीकार गरेको थियो । त्यसपछि पेरिस सेन्ट जर्मेनबाट खेल्न डिओमान्डेले सहमति जनाइएको समाचार बाहिरिएको थियो । तर सरुवा रकम नखुलाए पनि रियलले त्योभन्दा ठूलो रकम खर्च गरेर उनलाई लिएको हो ।

डिओमान्डेले आइभोरी कोस्टबाट विश्वकप खेलेका थिए । स्पेनिस टोली लेगानेजबाट २०२५ मा खेलेका डिओमान्डे एक सिजनपछि नै स्पेन फर्किन लागेका हुन् । गत सिजन १२ गोल गर्नुका साथै ८ गोलमा असिस्ट गरेपछि उनी बुन्डेसलिगाको युवा वर्ष खेलाडी चुनिएका थिए ।

मार्क कुकुरेला, बर्नान्डो सिल्भा, इब्राहिम कोनाटे, डेन्जेल डुम्फ्रिज र कार्लोस इस्पीपछि आउँदो सिजनका लागि रियलले भित्र्याएका डिओमान्डे अर्का प्रभावशाली खेलाडी हुन् । लगातार दुई वर्ष प्रमुख उपाधि जित्न नसकेको रियलले अल्भारो अर्बेलोआको स्थानमा पोर्चुगलका भेट्रान व्यवस्थापक जोसे मोउरिन्होलाई जिम्मेवारी दिएको छ । रियलले म्यानचेस्टर सिटीका मिडफिल्डर रोड्रीमाथि नजर लगाइरहेको छ ।

# आयोजक संस्कृति च्याम्पियन



काठमाडौं (कास)- आयोजक संस्कृति शिक्षासदन, ह्वाइट हेभेन एकेडेमी र इडिफाइ एकेडेमीले १० औं टोप्स अन्तरविद्यालय फुटसल प्रतियोगिताको उपाधि जितेका छन् । संस्कृति गर्ल्स, ह्वाइट हेभेन ब्वाइज र इडिफाइ जुनियर ब्वाइजमा च्याम्पियन बने ।

सिनियर गर्ल्सको फाइनलमा बिहीबार संस्कृतिले तेजस्वी एकेडेमीलाई १-० गोलले पराजित गर्‍यो । संस्कृतिकी सुहाना खड्काले निर्णायक गोल गरिन् । ल्यान्डमार्क एकेडेमी तेस्रो भयो ।

सिनियर ब्वाइजको फाइनलमा ह्वाइट हेभेनले निम्बल एकेडेमीलाई २-१ गोलले हरायो । दुवै गोल विवेश बर्देवाले गरे । श्वेतासदन स्कुल तेस्रो बन्यो ।

टिम अफ प्रोग्रेसिभ स्कुल (टोप्स) को कार्यक्रमअनुसार आयोजक संस्कृतिमै भएको प्रतियोगिताको जुनियर ब्वाइजको फाइननलमा इडिफाइले ह्वाइट हेभेनलाई टाइब्रेकरमा २-१ ले हरायो । निर्धारित समयको खेल गोलरहित बराबरीमा सकिएको थियो । ल्यान्डमार्कले तेस्रो स्थानमा चित्त बुझायो ।

सिनियर गर्ल्समा संस्कृतिकी सुहाना खड्का उत्कृष्ट खेलाडी र संस्कृतिकी आँचल अधिकारी उत्कृष्ट गोलरक्षक घोषित भए । सिनियर ब्वाइजमा ह्वाइट हेभनका विवेश बर्देवा उत्कृष्ट खेलाडी र पल्लभ पुनमगर उत्कृष्ट गोलरक्षक चुनिए । जुनियर ब्वाइजमा इडिफाइका आदर्श आलेमगर उत्कृष्ट खेलाडी र अंकित राई उत्कृष्ट गोलरक्षक बने ।

विजेतालाई तार्केश्वर नगरपालिकाका मेयर कृष्णहरि महर्जन, राष्ट्रिय महिला फुटबल टोलीकी पूर्व कप्तान अनु लामा, टोप्सका अध्यक्ष भरतमणि पोखरेल लगायतले पुरस्कृत गरे ।




कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : कैलाश सिरोहिया, प्रधानसम्पादक : गोकर्ण अवस्थी